# ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थल डहरे-देउराली

# एक अध्ययन

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत पृथ्वीनारायण क्याम्पस पोखरा, इतिहास तथा संस्कृती विभाग स्नातकोत्तर तह द्धितिय वर्षको छैटौं पत्रको प्रयोजनका लागि प्रस्तुत**

**शोधपत्र**

**शोधार्थी**

तोय नारायण देवकोटा

क्याम्पस, रोल नं. ०१/२०७२

त्रि.वि. रजिष्ट्रेशन नं. ६-२-४८-३०९-२०१०

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

२०७७

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय इतिहास बिषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुरुप छैटौँ पत्रको प्रयोजनका लागि तोयनारायण देवकोटा ले **"ऐतिहासिक धार्मिक तथा पर्यटकीयस्थल डहरेदेउराली: एक अध्ययन"** शिर्षकको यो शोधपत्र मेरो निर्देशन तथा सुपरिबेक्षणमा तयार पार्नु भएको हो । शोधकर्ताले परीश्रम पूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु । उक्त शोधकार्यको आवश्यक मुल्याङ्कनका लागि सिफारिस गर्दछु ।

२०७७/८/२६

चन्द्रकान्त पौडेल

उपप्राध्यापक

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायाण क्याम्पस

पोखरा

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय**

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

## स्वीकृतीपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय इतिहास विषयको स्नातकोत्तर तह छैटौँ पत्रको पाठ्यक्रम अनुरुप तोयनाराण देवकोटा ले **"ऐतिहासिक धार्मिक तथा पर्यटकीयस्थल डहरेदेउरालीः एक अध्ययन"** शिर्षकमा तयार पारिएको शोधपत्रलाई स्वीकृत प्रदान गरिएको छ ।

### शोधपत्र मुल्याङ्कन समिति

१. विभागिय प्रमुख सह.प्रा.डा. राधा कुमारी भण्डारी (जि.सी) ......................

२. बाह्य परिक्षक सह.प्रा.डा.दीर्धमान गुरुङ ......................

३. शोध निर्देशक उप प्राध्यापकः चन्द्रकान्त पौडेल ......................

२०७७/८/२६

## प्राक्कथन

नेपाल एक ऐतिहासिक, धार्मिक स्थलहरु तथा सांस्कृतिक सम्पदाले शोभायमान धर्मनिरपेक्ष, संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र हो । ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्भावना बोकेका स्थलहरुको खोजी गरि तिनिहरुको संरक्षण र सम्बर्द्धन गर्नु बर्तमान पुस्ताको दायित्व हो । पुर्खाको चिनोलाई सरंक्षण र सुरक्षित गरि विगतको इतिहासलाई जिवन्त राख्न सक्नुपर्छ । ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थलहरुको खोजी र तिनीहरुको प्रचार प्रसार मार्फत विभिन्न देश तथा विदेशबाट पर्यटकहरुको संख्यामा वृद्धि गर्न सकेको खण्डमा राष्ट्रिय आम्दानी वृद्धि हुनुको साथै त्यस ठाउँ संग प्रत्यक्ष सरोकार राख्ने जनताको जिवनस्तर पनि उकास्न सकिन्छ । नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण राष्ट्र हो । यहाँ धार्मिक, मनोरञ्जन, पदयात्रा, जलयात्रा जस्ता विभिन्न प्रकारका उद्देश्यले मानिसहरु आउने गर्दछन् । नेपालको सुन्दर नगरी पोखरा पनि पर्यटकको आकर्षणको केन्द्र विन्दु रहेको छ । पोखराबाट नजिक पर्ने पर्यटकीयस्थलहरुको पहिचान गरि केहि दिन बिताउने वातावरण बनाउन सकेको खण्डमा अवस्य पनि पर्यटन विकासले फड्को मार्नेछ ।

स्याङ्गजा र पर्वत जिल्लाको सिमानामा अवस्थित “**ऐतिहासिक धार्मिक तथा पर्यटकीयस्थल डहरेदेउरालीः एक अध्ययन**” विषयक प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत इतिहास विषयको छैटौं पत्रको प्रयोजनका निम्ति तयार पारिएको हो । यस शोधपत्र तयार पार्ने क्रममा डहरेदेउराली क्षेत्रको ऐतिहासिक महत्व, धार्मिक तथा पर्यटकीयअवस्था साथै त्यस क्षेत्रको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थालाई समेत यथासम्भव प्रकाश पार्ने जमर्को गरिएको छ ।

यसै सन्दर्भमा उक्त धार्मिक तथा पर्यटकीयस्थलको बारेमा विभिन्न आयाम बाट अध्ययन गरि विषयवस्तुलाई यथासम्भव प्रचुर मात्रामा जानकारी दिने प्रयत्न गरिएको छ । यसले पक्कै पनि केहि खोज तथा अनुशन्धान कार्यलाई समेत थप मद्दत पुग्ने छ भन्ने आशा राख्दछु । यस अध्ययनमा पर्यटन र धार्मिक पर्यटनको महत्व साथै यसले आर्थिक क्षेत्रमा पार्ने प्रभावका बारेमा समेत संक्षिप्त अध्ययन गर्ने जमर्को गरिएको छ ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सल्लाह, सुझाव, सन्दर्भ सामाग्री एवं उत्साह प्रदान गरि सहयोग गर्नुहुने पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभागका प्रमुख विभागिय श्रद्धेय गुरुआमा डा.राधाकुमारी भण्डारी (जि.सि.) प्रति हार्दिक धन्यवाद दिन चाहन्छु, साथै आफ्नो कार्यव्यस्तताका बावजुत पनि अध्ययनमा आवश्यक पर्ने राय, सुझाव, सल्लाह एवं

निर्देशन दिनुभई शोध अध्ययनलाई पुर्णता दिन अमुल्य योगदान दिनुहुने श्रद्धेय गुरु उप प्राध्यापक चन्द्रकान्त पौडेल प्रति म सदैब ऋणी रहनेछु । त्यसै गरि मलाई अमुल्य सुझाव, सल्लाह दिनुहुने आदरणिय गुरु प्रा. डा. दिलबहादुर क्षत्री, प्रा.डा. ज्ञानबहादुर कार्की, सह प्रा.डा. दीर्घमान गुरुङ, उप प्राध्यापक नारायण ढकाल, अर्जुन भण्डारी गुरूहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । अध्ययनका विविध पक्षमा सघाउ पुऱ्याउनु हुने स्थानिय समाजसेवी, बुद्धिजिवी, बयोबृद्ध र सरोकारवाला सबै महानुभावहरु प्रति कृतज्ञता व्यक्त गर्दछु ।

शोध अध्ययन तयार पार्ने क्रममा स्थलगत सर्वेक्षण, तथ्याङ्क सङ्कल आदि कार्यमा मलाई सहयोग गर्नुहुने महानुभावहरु साथै आफ्नो बुद्धि र विवेकले सकेसम्मका विवरणहरु उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने अध्ययन क्षेत्रका आदरणिय अभिभावकहरु तथा उत्तरदाताहरु श्री मोक्षद्धारी बाल शिद्ध योगाश्रमका सचिव जनकराज खनाल, पुजारी पशुपत्यानन्द गिरी, स्थानिय समाजसेवी ऋषिराम खनाल लगायत सम्पुर्ण सहयोगी मन प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । आफ्नो अमुल्य समय र आर्थिक अवस्थाको बावजुद पनि मलाई यहाँ सम्म पुऱ्याउन सदैव खट्नु हुने मेरो पुजनिय पिता रुक्मागत देवकोटा र माता हिरादेवि देवकोटा प्रति सदैव ऋणी छू । त्यसै गरि यस शोध अध्ययन तयार गर्दा आपसी छलफल, परामर्श दिनुहुने सहकर्मी साथीहरु दिनेश कार्की र भिमराज अधिकारी लाई पनि विशेष धन्यवाद व्यक्त गर्दछु ।

यस शोध अध्ययन तयार पार्ने शिलशिलामा मैले विद्धानहरुका कृतिको सहयोग लिएको छु । उहाँहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सुभेच्छुक मित्रहरु, परिवारका सदस्य, आफन्तजन, साथै कम्प्युटर टाईपिङ्मा सहयोग पुऱ्याउनुहुने महेश काफ्ले र अमृत गुरुङ्ग प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्यमा यस शोधपत्रको मूल्याङकनार्थ त्रि.वि. पृथ्वीनारायण क्यामप्स इतिहास तथा संस्कृति विभाग, पोखरा समक्ष प्रस्तुत गर्दछु ।

..................................

तोयनारायण देवकोटा

इतिहास तथा संस्कृति विभाग

त्रिभुवन विश्वविद्यालय

पृथ्वीनारायण क्याम्पस

पोखरा

२०७७

पृष्ठ नं.

सिफारिस पत्र i

स्वीकृति पत्र ii

प्राक्कथन iii

बिषय सूची V-Vii

## विषय सूची

### परिच्छेद एक

**अध्ययनको परिचय** **१-१०**

१.१ शोध परिचय १

१.२ समस्याको कथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ पूर्वकार्यको समिक्षा ३

१.५ शोध - विधि ६

१.५.१ प्राथमिक स्रोत ७

१.५.२ द्बितिय स्रोत ७

१.५.३ शोध क्षेत्रको समग्रता र नमुना छनौट विधि ७

१.५.४ तथ्यहरुको तालिकीकरण, विश्लेषण र प्रतिवेदन लेखन् ८

१.६ अध्ययनको सीमा ८

१.७ अध्ययनको महत्व ९

१.८ अध्ययनको संगठन १०

### परिच्छेद दुई

**डहरेदेउराली क्षेत्रको ऐतिहासिक र धार्मिक अवस्था** **११-३०**

२.१ डहरेदेउराली क्षेत्रको ऐतिहासिकता ११

२.१.१ धर्मग्रन्थअनुसार ११

२.१.२ जनबिस्वास अनुसार १२

२.१.३ विभिन्न कालखण्डमा डहरेदेउराली १२

२.१.४ पूरातात्विक महत्वको आधारमा १३

२.२ डहरेदेउरालीको परिचय १३

२.२.१ भौगोलिक अवस्थिती १३

२.२.२ डहरेदेउरालीको नामाकरण १६

२.२.३ डहरेदेउरालीको खोजी, संरक्षण र विकास १७

२.२.४ धार्मिक स्थलको रुपमा डहरेदेउराली १७

२.२.५ ऐतिहासिक स्थलको रुपमा डहरेदेउराली १९

२.२.६ पर्यटकीयस्थलको रुपमा डहरेदेउराली २०

२.३ डहरेदेउराली क्षेत्रको धार्मिक र सांस्कृतिक अवस्था २२

२.३.१ डहरेदेउरालीसँग जोडिएका धार्मिक बिश्वासहरु २२

२.३.२ धार्मिक मठमन्दिर तथा स्मारकहरु २३

२.३.३ तपस्वीहरु र तपस्या २७

२.३.४ मेला एवं पर्बहरु २८

**परिच्छेद तिन**

**डहरेदेउरालीको पर्यटकीय अवस्था ३१-५२**

३.१ नेपालमा पर्यटनको अवस्था ३१

३.२ स्याङ्जा जिल्लाको पर्यटकीय अवस्था ३३

३.३ स्याङ्जाका धार्मिक तथा पर्यटकीय स्थलहरु ३५

३.४ डहरेदेउराली निकटका धार्मिक तथा पर्यटकीय स्थलहरु ३८

३.५ डहरेदेउरालीको पर्यटकीय परिचय ४३

३.५.१ दृश्यावलोकन ४४

३.५.२ जैविक विविधता ४६

३.५.३ सांस्कृतिक विशिष्टता ४७

३.५.४ हालको पर्यटकीय गतिविधी ४९

**परिच्छेद चार**

**निस्कर्ष र सुझावहरु** **५३-५८**

४.१ निस्कर्ष ५३

४.२ सुझाव ५६

सन्दर्भ सामाग्री ५९

परिशिष्ट १: अन्तरवार्ता लिइएका ब्यक्तिहरुको नामावली ६१

परिशिष्ट २ : अन्तरवार्ताको क्रममा सोधिएका प्रश्नहरु ६२

परिशिष्ट ३ : स्याङ्गजा जिल्लाको नक्सा ६३

परिशिष्ट ४ : डहरेदेउरालीसँग सम्बन्धि गुठी सनद ६४

परिशिष्ट ५ : डहरेदेउरालीको तस्विरहरु ६७

परिशिष्ट ६ : डहरे देउरालीमा रहेका मैलिक स्रोत ७७

परिशिष्ट ७ : मोक्षद्धारी बालसिद्ध योगाश्रम समितिको निर्णय ७८

# परिच्छेद : एक

# अध्ययनको परिचय

## १.१ शोध परिचय

नेपाल भौगोलिक विविधताले भरिपूर्ण, प्राकृतिक, धार्मिक तथा पर्यटकिय सम्भावनाले भरिपूर्ण भएको राष्ट्र हो । नेपालका धेरै ठाउँहरु प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक एवं पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण छन् । कतिपय स्थलहरु अझै पनि खोज, परिचय, अनुसन्धान र प्रचार प्रसारको अभावका कारणले ओझेलमा परेका छन् । नेपाली भूमिमा अवस्थित पशुपतिनाथ, मुक्तिनाथ, गोसाईकुण्ड, दामोदरकुण्ड, स्वयम्भुनाथ, गुह्येश्वरी, गोरखनाथ, गोरखकाली, मनकामना, स्वर्गद्धारी देवघाट धाम, लुम्विनी, जनकपुरधाम, बराहक्षेत्र, रुरुक्षेत्र, गढिमाई, हलेसी महादेव, रिडीक्षेत्र जस्ता ठाउँहरु प्रसिद्ध धार्मिक एवं पवित्र स्थलका रुपमा परिचित रहँदै आएका छन् । त्यसै गरि ऐतिहासिक तथा धार्मिक पर्यटकिय स्थलका रुपमा काठमाण्डौं उपत्यका, पोखरा, गोरखा, पाल्पा, चितवन, नाम्चे लगायतका क्षेत्रहरु उल्लेखित छन् । त्यसै क्रममा गण्डकी प्रदेश स्याङ्जा तथा पर्वत जिल्लाका सिमामा पर्ने डहरेदेउराली एक ऐतिहासिक, धार्मिक तथा पर्यटकिय सम्भावना बोकेको जैविक विविधताले भरिपूर्ण स्थल हो ( खतिवडा, २०७३:५०) ।

घना जङ्गल क्षेत्रले ढाकेको डहरेलेक साथै यस क्षेत्रमा देउराली देवीको मन्दिर, ओढार, पञ्चाग्नि, शिव मन्दिर, आश्रम लगाएत अनेकौं देवि देवताका शिलाहरु रहेका छन् । दूई ओटा अग्ला थुम्काहरु (जुरो) आमन्ने सामन्ने रहेको छ । ऋषि तपस्वीहरुका, कुटी गुफा एवं धर्मशालाहरु पनि रहेका छन् भने पछिल्लो समयमा निर्माण गर्न लागिएका भ्यु टावर, वेदआश्रम र खानेपानी ट्याङ्की समेत रहेको छ ।

डहरेदेउराली क्षेत्रमा ढुङ्गाको झन्डै तीन सय मिटर भन्दा बढि अग्लो चुचुरो रहेको छ । मठका रुपमा नाम दिइएको यो चुचुरोको विचमा एउटा गुफा रहेको छ । त्यही गुफामा बसेर डहरा ऋषि, खडानण्द, बालकुमारीले बर्षौं सम्म तपस्या गरेका थिए । गुफामा धेरै वर्ष अघि पानी बग्ने गरेको थियो । तर अहिले भने  त्यहाँ पानी  देख्न सकिदैन ( अन्तर्वार्ताः  पशुपतीनन्द गिरी बर्ष ६०) ।

डहरा ऋषिले कर्कलो को पात बाट संकलन भएको पानी खाने माटोको घैँटो भने अहिले पनि हामी त्यही ठाउँमा देख्न सक्छौं (स्थलगत अवलोकन)। आफ्नो मनोकामना सिद्ध होस भनि

हरेक बर्ष बालाचतुर्दशीका दिनमा डहरेदेउरालीमा दर्शनार्थीहरुको ठुलो घुँईचो लाग्ने गर्दछ । उक्त मन्दिरमा २०४३ साल देखि निरन्तर रुपमा अखण्ड अग्नि बलेको छ । त्यस बेला २०४३ सालमा धनधान्यान्चल महायज्ञ लगाइएको थियो । त्यस बेला ४०० मुरी धान संकलन भएको थियो । त्यो महायज्ञमा झण्डै ३० मुरी धान उत्पादन हुने खेतको समेत व्यवस्था गरिएको थियो ।

जनसाधरणको धार्मिक आस्था ऐतिहासिक पृष्ठभुमि रहेको डहरेदेउराली क्षेत्र प्राकृतिक दृष्यावलोकनका हिसाबले ज्यादै आकर्षक गन्तब्यस्थलका रुपमा रहेको पाईन्छ । जैविक विविधताले भरिपूर्ण वनजङ्गल र बन्यजन्तु, मनोरम् दृष्यावलोकन क्षेत्र हुनाले पनि धेरै मानिसहरुको चासो र सरोकारको विषयका रुपमा यस क्षेत्र रहन स्वभाविक ठानिन्छ । त्यसैले यस क्षेत्रको ब्यापक खोज अनुसन्धान गरि यहाँको वास्तविक तथ्यका आधारमा ऐतिहासिक पृष्टभुमिको  महत्व, धार्मिक आस्था एवं पर्यटकिय सम्भावना समेतको खोजी कार्य गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

## १.२ समस्याको कथन

ससांरका प्राकृतिक सम्पदा र सुन्दरताले भरिएका देशहरु मध्येको एक पहाडी राज्य नेपालमा रहेका प्रशस्त धार्मिक एवं पर्यटकिय स्थलहरु मध्ये डहरेदेउराली लेक पनि एक हो ।

गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा पर्वतको सिमाक्षेत्र रहेका यस क्षेत्र ऐतिहासिक धार्मिक एवं पर्यटकिय विषयमा हालसम्म कुनै खोजि कार्य हुन सकेको छैन । हजारौं मानिसहरुको आध्यात्मिक आस्थाको केन्द्र रहँदै आएको र पर्यटकिय सम्भावना प्रशस्त रहेको यस क्षेत्रको ऐतिहासिकता हाल सम्म पनि खोजि नहुनु यस क्षेत्रको वास्तविकता पहिचानको प्रमुख समस्या रहेको छ । त्यसैले यो शोध प्रयोजनका लागि निम्न प्रश्नहरुलाई समस्याको रुपमा पहिचान गरिएको छ ।

क) डहरेदेउराली क्षेत्र कति पुरानो र यसको ऐतिहासिक महत्व के रहेको छ ?

ख) यो क्षेत्रको धार्मिक अवस्था कस्तो छ ? र यसको धार्मिक महत्व के छ ?

ग) यस डहरेदेउराली क्षेत्रमा के कस्ता पर्यटकिय विकासका सम्भावनाहरु रहेका छन् ?

उपयुक्त प्रश्नहरुको खोज गर्ने प्रयास यस अनुसन्धान मार्फत गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

अध्ययन कार्यका लागि पनि निम्नलिखित प्रमुख उद्देश्यहरु रहेका छन् ।

क) डहरेदेउराली को ऐतिहासिक महत्वको खोजी गर्नु,

ख) डहरेदेउराली प्रति रहेको धार्मिक विस्वास र यस क्षेत्रको धार्मिक महत्व बारे प्रकाश पार्नु

ग) डहरेदेउराली क्षेत्रको पर्यटकिय सम्भावनाको पहिचान गर्नु,

## १.४ पूर्व कार्यको समिक्षा

गण्डकी प्रदेश अर्न्तगत स्याङ्जा र पर्वत दुई जिल्लाको संगम स्थलमा पर्ने डहरेदेउरालीको बिषयमा धार्मिक ऐतिहासिक तथा पर्यटकिय क्षेत्रका लेख रचनाहरु प्राप्त हुन नसकेता पनि विगत केही वर्ष अघि देखि नै स्थानिय वयोबृद्ध, ज्योतिषी, पुजारी, तपस्वी लगायत सम्बन्धित सरोकार वाला संस्थाका प्रमुखहरु र स्थानिय व्यक्तिहरुको भनाई एवं स्थलगत भ्रमण आदिका आधारमा पत्र पत्रिकामा साथै टि भि, रेडियो र वेबसाईटहरुमा केही लेख रचनाहरु, डकुमेन्ट्रीहरु प्रकाशित भएको पाईन्छ ।

डहरेदेउरालीको वृहत्तर बिकासका लागि विभिन्न उपभोक्ता मार्फत गठन भई बाटो घाटो, खाने पानी, बिजुली बत्ति, आश्रम जस्ता पूर्बाधारहरुको निर्माण भईरहेका छन् । यस्तै केही विद्धानहरुले विभिन्न पुस्तक शोध तथा पत्र पत्रिकामा समेत स्याङ्जा जिल्लाका महत्वपूर्ण धार्मिक, पर्यटकिय स्थलहरुको बारेमा चर्चा गरिएको पाईन्छ ।

- घटराज भट्टराई (२०६७) को **"नेपालका धार्मिक स्थलहरु**" नामक पूस्तकमा नेपालका प्रसिद्ध धार्मिक स्थलहरु साथै ति प्रसिद्ध धार्मिक स्थलहरु मध्ये स्याङ्जा जिल्लामा अवस्थित अकलादेवि (सिसेकोट), कालिका मन्दिर, केलादिघाट, जगत्रदेवि, राधाकृष्ण मन्दिर (गणेशपुर), रानीचौतारा (नुवाकोट), लगायत स्याङ्जा र नेपाल भित्रको प्रसिद्ध धार्मिक स्थलहरुको संक्षिप्त चर्चा गरिएको छ ।
- सत्यमोहन जोशी (२०७३) द्वारा **"नेपाली चाडपर्व**" नामक पुस्तकमा नेपाली चाडपर्वहरु , रितिरिवाज, उत्सवजात्रा, मेला संग सम्बन्धित पौराणिक, ऐतिहासिक, धार्मिक र सामाजिक अंगका प्रस्पुरणहरु तथा कतिपय लोकविस्वास, लोकधारणा र लोकमान्यताको बारेमा संक्षिप्त चर्चा गरिएको छ ।

- लोक प्रसाद शर्मा भट्टराई (२०५४) द्धारा लिखित **"धार्मिक, सांस्कृतिक र पर्यटन तिर्थ मनकामनाः ऐतिहासिक एवम मानवशास्त्रिय अध्ययन"** नामक पुस्तकमा गोर्खा जिल्लाको निकट दक्षिणी भेगमा अवस्थित प्रसिद्ध मनकामना क्षेत्रको धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्थलहरुको चर्चा गरिएको छ । साथै विभिन्न तत्यहरु, अभिलेखहरु, ऐतिहासिक पात्रहरु, गोर्खा दरवार तथा यस संग सम्बन्धित पर्यटकिय गतिविधीको विविध पक्षमा समेत चर्चा गरिएको छ ।
- प्रेम छोटा (२०७०) द्धारा लिखित **"धवलागिरीको सांस्कृतिक सम्पदा"** नामक पुस्तकमा धवलागिरी क्षेत्रको भाषा, साहित्य, संस्कृति र कला साथै विभिन्न जाती र धर्मावलम्बीहरुको बर्तमान समयमा सामाजिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक र लौंकिक जिवनको अध्ययन गरिएको छ । जुन पुस्तकमा बाग्लुङ्, पर्वत, म्याग्दी र मुस्ताङ् जिल्लाका धार्मिक स्थलहरुको संक्षिप्त वर्णन गरिएको छ ।
- प्रयागराज शर्मा र जगमान गुरुङ् (२०५६) द्धारा लिखित **"व्लो (मुस्ताङ) को सांस्कृतिक सम्पदा"** पुस्तकमा व्लो (मुस्ताङ) को धार्मिक इतिहास, मुस्ताङमा रहेका गुम्बाहरु, पर्खालहरु, राजदरवारहरु, किल्लाहरु र गुफाहरुको बारेमा साथै त्यहाँका जातजातीको सांस्कृतिक एवम सामाजिक अवस्थाको बारेमा संक्षिप्त अध्ययन गरिएको छ ।
- उद्धव पुरी (२०७०) को **"पर्यटन, बिकास र नेपाल"** पुस्तकमा विशेष गरेर नेपालको पर्यटन बिकासक्रम, पर्यटनको सम्भावना, धार्मिक पर्यटनको महत्वबारे स्पष्ट पारिएको छ। यसले धार्मिक पर्यटनको माध्यमबाट देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्न सकिन्छ भन्ने बारेमा चर्चा गरिएको छ ।
- सोम प्रसाद खतिवडा र कमला दाहाल (२०७३) **"नेपालको सांस्कृतिक पर्यटन"** नामक पुस्तकमा नेपालमा धार्मिक सांस्कृतिक पर्यटनको बर्तमान अवस्था साथै धार्मिक, सांस्कृतिक माध्यमबाट पर्यटन क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा चर्चा गरिएको छ ।
- रबिन्द्र माकाजु (२०७५) ले **"विश्व शान्ति स्तुप"** नामक पुस्तकमा पोखरा स्थित विश्व शान्ति स्तुपको धार्मिक पर्यटकिय महत्व साथै पोखराका महत्वपूर्ण धार्मिक बौद्धस्थलहरुको बारेमा उजागर गर्नुभएको छ ।
- दिल बहादुर क्षेत्री र ज्ञान बहादुर कार्की (२०५४) द्धारा **"स्याङ्जा जिल्ला स्थित प्रसिद्ध मठ मन्दिर र गुठि व्यवस्था : संक्षिप्त अध्ययन"** शिर्षकमा तयार परिएको अध्ययन

प्रतिवेदनमा डहरेदेउरालीको परिचय,पुजा विधि,आश्रमको बारेमा संक्षिप्त बर्णन गर्नुभएको छ । यसले डहरेदेउरालीको तत्कालीन अवस्थालाई चित्रण गरेको छ । साथै, स्याङ्जा जिल्लाका प्रसिद्ध मठ मन्दिरहरुको अध्ययन गरिएको छ । यसबाट स्याङ्जाका महत्वपूर्ण धार्मिक स्थलहरुको जानकारी प्राप्त गर्न सकिन्छ ।

- गुप्त बहादुर क्षेत्री (२०६२) द्वारा लिखित **"स्याङ्जा जिल्लाका पुरातात्विक महत्वका स्थलहरु"** प्रतिवेदनमा राधाकृष्ण मन्दिर, शिब मन्दिर, कालिका मन्दिर, सतहुँकोट कालिकास्थान,चण्डीस्थान, छाङ्छाङ्दी, आलमदेवीका बारेमा संक्षिप्त अध्ययन गरिएको पाईन्छ । यसले स्याङ्जा जिल्लाको धार्मिक स्थितीलाई केलाउन मद्दत गरेको छ ।
- निर्मला ढकाल (२०५९) द्वारा **"स्याङ्जा जिल्लामा रहेका गुठिहरुको एक अध्ययन"** शोधमा स्याङ्जा जिल्लाका विभिन्न गुठिहरुको संक्षिप्त चर्चा गरिएको पाईन्छ। र डहरेदेवी देउराली गुठिको साथै डहरेदेउराली सम्बन्धी संक्षिप्त जानकारी गरि गुठि सञ्चालनको ब्यबस्थालाई उजागर गर्नुभएको छ ।
- भोजराज केसी **"मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिरः संक्षिप्त अध्ययन"** शोध पत्रमा स्याङ्जा जिल्लाका महत्वपूर्ण धार्मिक स्थलहरु गुठि सम्बन्धी संक्षिप्त जानकारी गराउनुभएको छ । यसले धार्मिक स्थलको जानकारीका तथा अध्ययन अनुसन्धान सम्बन्धमा महत्वपूर्ण योगदान दिएको छ ।
- राम प्रसाद पौडेल **"पन्चासे क्षेत्रको ऐतिहासिक र धार्मिक अवस्था एवं पर्यटकिय सम्भावनाः एक अध्ययन"** शोधमा स्याङ्जा, कास्की र पर्वतको सङ्गम स्थल पन्चासे र वरपरका धार्मिक पर्यटकिय स्थलहरुको संक्षिप्त जानकारी दिएको छ ।
- होम प्रसाद डुम्रेको **"स्याङ्जा जिल्ला अन्तर्गत छाङ्छाङदी छायाँ क्षेत्रका धार्मिक स्थलहरुको ऐतिहासिक धार्मिक र समाजिक महत्वः एक अध्ययन"** शोध पत्रमा स्याङ्जा जिल्लाका प्रमुख धार्मिक स्थल, धार्मिक आस्थाका बारेमा उजागर गरिएको छ ।
- लक्ष्मण श्रेष्ठ (२०६१) को "**पुरात्वात्विक महत्वको रुपमा पोखराको भिमसेन मन्दिर"** नामक लेख प्रतिवेदनमा पोखराको ऐतिहासिक भिमसेन मन्दिर, मन्दिरको शैली, पुरातात्विक महत्व लगायत पोखराका महत्वपुर्ण धार्मिक तथा ऐतिहासिक स्थलको बारेमा चर्चा गरिएको छ ।

- चन्द्रकान्त पौडेल (२०६१) द्वारा लिखित "**धार्मिक, सांस्कृतिक तथा पर्यटकिय स्थल कास्कीकोटः एक अध्ययन"** शोध प्रतिवेदनमा पोखराका महत्वपुर्ण धार्मिक पर्यटकिय स्थल कास्कीकोट लगायत गुप्तकालिका मन्दिर, पुजाविधी, पर्यटकिय अवस्थाको विषयमा चर्चा गरिएको छ ।
- राधा भण्डारी (२०६९) द्वारा लिखित "**गण्डकी अञ्चलको सामाजिक जनजिवनमा गुठी व्यवस्थाको प्रभाव"** प्रतिवेदनमा गण्डकी अञ्चलको गुठि व्यवस्था संग सम्बन्धित सामाजिक परम्परा, गुठिले जिवन्त राखेको चालचलन र संस्कार बारेमा संक्षिप्त जानकारी दिइएको छ ।
- दिल बहादुर क्षत्री (२०५३) द्वारा लिखित **"सिद्ध खुफा र धिरधाम मन्दिरः संक्षिप्त चिनारी"** प्रतिवेदनमा नेपालको पश्चिमाञ्चल क्षेत्र अन्तर्गत पर्ने पोखरा उपमहानगरपालिकाको रामघाटमा अवस्थित सिद्ध गुफा र धिरधाम मन्दिरका बारेमा एक चिनारीयुक्त टिपोट गरिएको छ । जहाँ कास्कीको इतिहास, पोखराको धार्मिक तथा पर्यटकिय स्थलको चर्चा गरिएको छ ।
- दिल बहादुर क्षत्री द्वारा लिखित **"गुठि सँग सम्बन्धित दुई सनदहरु"** लेखमा गुठिको महत्व साथै कास्की जिल्ला अन्तर्गत कयौं मठ मन्दिर, पाटीपौवा भएकोले तिनीहरुको संरक्षण तथा संबद्धनको लागि त्यतिकै संख्यामा गुठि व्यवस्था भएको तथा सराङकोट पौवागुठि एवम राजाको चौतारामा पानी खुवाउन गरिएको गुठि व्यवस्था सँग सम्बन्धित दुई सनदहरुको चर्चा गरिएको छ ।

उक्त पुस्तक एवं शोध प्रतिवेदनहरुमा यथेष्ट ऐतिहासिक प्रमाणिकरणहरुको अभाव देखिएको मात्र नभई धार्मिक ऐतिहासिक तथा पर्यटकिय क्षेत्रको समग्र एकिकृत अध्ययनको
दस्तावेजको रुपमा आउन नसकेको यथार्थलाई आत्मासाथ गरि थप योगदान पुगोस भन्ने अभिप्रायले यो खोजमुलक अध्ययन गरिएको छ ।

## १.५ शोध-विधि

प्रस्तुत अध्ययनका लागि प्राथमिक र द्धितिय स्रोतको सहयोग लिएको छ ।

### १.५.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत विशेष गरि अवलोकन, अन्तर्वार्ता र फोटोग्राफी विधि अपनाईएको छ ।

क) अवलोकन

अध्ययनको क्रममा शोधार्थीको प्रत्यक्ष संलग्नताबाट यस क्षेत्रको सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरुको अवलोकन वा खोज गरी तथ्य संकलन गरिएको छ । यस क्षेत्रको ऐतिहासिकता दर्शाउने अभिलेखहरुको खोजी गर्ने उद्देश्यले र यस क्षेत्रमा रहेका सांस्कृतिक तथा धार्मिक स्मारकहरुको वास्तविकता अन्वेषण गर्ने उद्देश्यले शोधकर्ता आँफै पटक-पटक यस क्षेत्रको अवलोकन भ्रमण गरि तथ्यहरु संकलन गरिएको छ । ऐतिहासिकता बताउने लिखित प्रमाण प्राप्त नभए पनि यस क्षेत्रको धार्मिक र सांस्कृतिक अवस्थाका बारेमा प्रयोग गरिएका अधिकाशं तथ्यहरु अवलोकन बाट लिइएको छ ।

ख) अन्तर्वार्ता

शोधका लागि आवश्यक कतिपय तथ्यहरु यस स्थलसँग जानकारी राख्ने बिज्ञ व्यक्तिहरु सँग अन्तर्वार्ता लिएर तथ्यहरु संकलन गरिएको छ । यस क्रममा ११ जना बिज्ञ ब्यक्तिहरुसँग अन्तरर्वार्ता लिईएको छ ।

ग) फोटोग्राफी विधि

यस क्षेत्रका ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्मारकहरु तथा भौगोलिक एवम् पर्याबरणिय दृष्यहरुको फोटो मार्फत पनि तथ्य संकलन गरिएको छ । शोध अध्ययनलाई प्रमाणिक र बिश्वासिलो बनाउन तस्विर लिइएको छ ।

### १.५.२ द्वितिय स्रोत

द्वितीय स्रोत अन्तर्गत विभिन्न समयमा प्रकाशित पुस्तकहरु, ग्रन्थहरु, प्रतिवेदनहरु र पत्रपत्रिकाहरुको सहयोग लिएको छ ।

### १.५.३ शोध क्षेत्रको समग्रता र नमुना छनौट विधि

अध्ययन कार्यको लागि आवश्यक तथ्यहरु संकलन गर्ने प्रयोजनार्थ शोधको समग्र क्षेत्र भित्र स्याङ्जा र पर्वत जिल्लाका कुल २ गाउँपालिका र १ नगरपालिकाले ओगटेको क्षेत्र र त्यस क्षेत्रमा बसोबास गर्ने सबै समुदायलाई अध्ययनको समग्र क्षेत्र मानिएको छ । अवलोकन र

फोटोग्राफी प्रयोजनका लागि समग्र क्षेत्रको प्रत्यक्ष अवलोकन गरि  तथ्यहरु संकलन गरिएको छ । अन्तरवार्ता प्रयोजनका लागि सबै बासिन्दाहरु सँग प्रश्न सोध्न आवश्यक र औचित्यपूर्ण नदेखिएको एवं सम्भव पनि नभएको हुँदा नमुना छनौट विधिबाट अन्तर्वार्ताकारहरुको छनौट गरिएको छ । सबै बासिन्दाहरु यस क्षेत्रको ऐतिहासिक, धार्मिक र साँस्कृतिक बारेमा जानकार नहुने हुँदा अन्तर्वार्ताका लागि  सुविधापूर्ण, स्वेच्छापूर्ण र सम्भावनारहित नमुना छनौट विधिको प्रयोग गरि यस विषयमा जनाकार रहेका ११ जना ब्यक्ति छनौट गरि अन्तरवार्ता लिइएको छ । यस अन्तर्गत  भुपु शिक्षक, भुपु सैनिक, वयोबृद्ध, समाजसेवी, आश्रम समितीका सदस्य तथा जनप्रतिनिधिहरु रहेका छन् । द्धितिय स्रोतबाट तथ्य संकलन गर्ने  प्रयोजनका लागि भने प्राप्त भए सम्मका सबै पुस्तक  र पत्रपत्रिका हरु खोजी र अध्ययन गरि  तथ्यहरु संकलन र उपयोग गरिएको छ ।

### १.५.४ तथ्यहरुको तालिकीकरण, विश्लेषण र प्रतिवेदन लेखन

तथ्य संकलनका लागि प्राथमिक स्रोत अन्तर्गत अवलोकन, फोटोग्राफी तथा खुला प्रश्नहरु सोधी अन्तरवार्ता लिईएको हुँदा प्राप्त तथ्यहरु तालिकिकरण गर्ने किसिमका थिएनन् । द्धितिय स्रोतबाट प्राप्त तथ्यहरु पनि स्वभाविक रुपले यस्तै थिए । अतः प्राप्त तथ्यहरुलाई तालिकिकरण गरिएको छैन । प्राप्त तथ्यहरुलाई प्रतिवेदन लेखनको क्रममा आवश्यक ठाउँमा सन्दर्भ खुलाएर शोधको नियमानुसार सोझै प्रयोग गरिएको छ । प्राप्त तथ्यहरुमा भिन्नता देखिएको अवस्थामा अवलोकनबाट प्राप्त तथ्यहरुलाई प्रमाणिक मानेर विश्लेषण गरिएको छ । विभिन्न स्रोतहरुको आधारमा प्राप्त तथ्यहरुलाई विश्लेषण गरी वर्णनात्मक शैलिमा प्रस्तुत गरिएको छ ।

## १.६ अध्ययनको सिमा

नेपालमा धार्मिक ऐतिहासिक तथा पर्यटकिय स्थलहरु प्रशस्त छन् । स्यम्भु, बौद्धनाथ, चागुनाराण, भक्तपुर दरवार स्क्वायर, पाटन दरवार, काठमाण्डौ दरवार स्क्वायर, पशुपतीनाथ, लुम्बिनी, गोरखा मनकामना, बाग्लुङ कालिका, हलेशी महादेव, स्वर्गद्धारी, मुक्तिनाथ, काकेविहार जस्ता पवित्र धार्मिक तथा पर्यटकिय स्थलहरु रहेका छन् । त्यस्तै स्याङ्जा जिल्लामा सेतिबेणी, रुरु क्षेत्र, केलादीघाट, राम्दी घाट, छायाक्षेत्र, पन्चासेधाम, डहरे देउराली जस्ता विभिन्न धार्मिक तथा पर्यटकिय स्थलहरु रहेका छन् । तर तिनिहरु सबैको गहन अध्ययन गर्न सम्भव छैन । त्यसैले यो अध्ययनमा **“ ऐतिहासिक, धार्मिक तथा पर्यटकिय स्थल डहरे-देउराली ”** साथै

डहरेदेउराली नजिकका गाउँहरु सिरुवारी,पञ्चमुल र गुरुङ समुदायका संस्कृतिको समेत अध्ययनमा समावेश गरिएको छ ।

## १.७ अध्ययनको महत्व

नेपालमा अवस्थित पवित्र धार्मिक एवं  पर्यटकिय स्थलहरु मध्य डहरेदेउरालीको पृथक महत्व रहेको स्थल हो । अध्ययन-अनुसन्धान, प्रतिवेदन, लेख रचनाका माध्यमबाट यहाँका तथ्य र वास्तविकताहरु सार्वजनिक गर्न सकिने र यस क्षेत्रको धार्मिक, ऐतिहासिक एवं पर्यटकिय सम्भावना र महत्वका बारेमा पहिचान गराई आधुनिक सुचना र प्रविधिको माध्यमबाट बिकासको सम्भावना तथा चुनौतीका बारेमा थप उर्जा प्रदान गरी यस ठाउँको गरिमालाई बढाउन सकिनेछ । पछिल्लो समयमा विश्व वातावरणिय ह्रास तथा जलवायु परिवर्तनका कारण मानव मात्रको दैनिक जिवनमा पर्न गएको प्रत्यक्ष असरको बारेमा विश्वव्यापी चर्चा परिचर्चा भैरहेको छ । आम जनचासो र चिन्ताको बिषय बनेको छ । डहरेदेउराली क्षेत्र धार्मिक, ऐतिहासिक एवं पर्यटकिय दृष्टिकोणले ज्यादै महत्वपूर्ण स्थलका रुपमा रहेको त छ नै, त्यसैमा पनि जैविक विविधताले भरिपूर्ण डहरेदेउराली क्षेत्रमा दुर्लभ जडिबुटी, बन्यजन्तु र पन्छीहरुको बासस्थान पनि रहेको छ । यस प्रकार स्थानिय जनसाधारणको दैनिक जिविकापार्जन देखि लिएर राष्ट्रिय एवं अन्तराष्ट्रिय महत्वका रुपमा समेत रहेको डहरेदेउराली क्षेत्रको अध्ययनले यस क्षेत्रको समग्र बिकास र उन्नतीमा सकारात्मक प्रभाव पारी स्थानिय जनताको जिवनस्तरलाई समेत सकारात्मक प्रभाव पर्न गई राष्ट्रिय गरिमा उच्च पार्नुका साथै आयआर्जनमा समेत योगदान पुग्न सक्ने हुनाले यस अध्ययनको ठुलो महत्व रहेको छ । नेपालको संविधान २०७२ ले पनि राज्यका नितिहरु अन्तर्गत पर्यटन सम्बन्धी नीति धारा ५१ मा अवलम्बन गरेको छ जहाँ नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरात्वात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवन्धन एवम प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपुर्ण आधारको रुपमा पर्यावरण अनुकुल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवम निति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानिय जनतालाई प्राथमिकता दिने ब्यवस्था अनुरुप आवधिक योजना र बजेट समेतले जोड दिएको छ । यस्तै अन्य अनुसन्धान कर्ता र जिज्ञासुहरुलाई समेत यस अध्ययनले मद्दत पुग्दछ ।

मध्य पहाडी नेपालको गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा र पर्वत जिल्लाको सिमामा पर्ने डहरेदेउरालीका बारेमा प्रमाणित आधारमा अध्ययन गरि ऐतिहासिक, धार्मिक एवं पर्यटकिय महत्वलाई जनसमक्ष उजागर गरि स्थानिय जनसमुदाय, आन्तरिक तथा बाह्य पर्यटकहरु,

अध्ययनकर्ता लगायत नीति-निर्माताहरुलाई समेत महत्वपूर्ण जानकारी र सूचना उपलब्ध हुन गई यस क्षेत्रको वास्तविक र यथार्थ वस्तुस्थितीको जानकारी गराउन सकिने हुनाले पनि यस अध्ययनको विशेष र पृथक महत्व रहेको छ ।

डहरेदेउरालीको बारेमा हालसम्म प्राप्त फरक फरक र एकआपसमा बाँझिने खालका तथ्याङ्क ऐतिहासिक र धार्मिक  बिषयहरुमा देखिएका भ्रम तथा अनावश्यक अतिशयोक्तिपूर्ण व्याख्या, कतिपय कपोलकल्पित बढाइचढाइ गरिएका सन्दर्भहरु सबैको शंका निवारण गर्दै र एकिकृत रुपमा ऐतिहासिक, धार्मिक महत्व एवं पर्यटकिय सम्भाव्यताका बिषय एउटै अध्ययनमा समेटिएकोले यस बारेमा जान्न चाहनेहरुका लागि उपयोगी हुनेछ ।

## १.८ अध्ययनको संगठन

यस अध्ययनलाई चार परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेदमाः शोधको परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, पुर्वकार्यको समिक्षा, शोध विधि, अध्ययनको सिमा, अध्ययनको महत्व तथा अध्ययनको संगठन प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमाः डहरेदेउराली क्षेत्रको ऐतिहासिक तथा धार्मिक अवस्था शीर्षक अन्तर्गत डहरेको परिचय, भौगोलिक अवस्थिती, डहरेको नामाकरण, डहरेको खोजी, संरक्षण एवं बिकास, धार्मिक स्थलका रुपमा डहरे, ऐतिहासिक स्थलका रुपमा डहरे, पर्यटकिय स्थलका रुपमा डहरे, डहरेदेउराली क्षेत्रको धार्मिक र सांस्कृतिक अवस्थाहरु, धार्मिक विस्वास मठमन्दिर तपष्वी एवं पर्वहरुका बारेमा चर्चा गरिएको छ ।

त्यसैगरि तेस्रो परिच्छेदमाः पर्यटकिय स्थलका रुपमा डहरेदेउराली, पर्यटनको ऐतिहासिक विकासक्रम, नेपालमा पर्यटनको विकासक्रम, स्याङ्जा जिल्लाका धार्मिक पर्यटकिय स्थलहरु साथै डहरेदेउराली आसपास रहेका धार्मिक तथा पर्यटकिय स्थलहरु बारेमा समेत चर्चा गरिएको छ । डहरेदेउराली क्षेत्रको वर्तमान पर्यटकिय गतिविधि, पर्यटकिय परिचय, दृष्यावलोकन, जैविक विविधता, सांस्कृतिक विशिष्टता, हालको पर्यटकिय अवस्थाका बारेमा ब्याख्या गरिएको छ ।

अध्ययनको चौँथो परिच्छेदमाः निष्कर्ष तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# डहरे देउराली क्षेत्रको ऐतिहासिक र धार्मिक अवस्था

डहरे देउराली क्षेत्र नेपाल कै एक महत्वपुर्ण ऐतिहासिक क्षेत्र हो । यस क्षेत्रको साँस्कृतिक र धार्मिक महत्व रहेको छ । यस क्षेत्रमा पर्यटकिय बिकासको प्रचुर सम्भावना समेत रहेको पाईन्छ । यस क्षेत्रको ऐतिहासिक, धार्मिक र साँस्कृतिक अवस्थालाई अलग अलग शिर्षकमा प्रस्तुत गरिएको छ ।

## २.१ डहरे देउराली क्षेत्रका ऐतिहासिकता

स्याङ्जा र पर्वत जिल्लाको सिमावर्ती क्षेत्रमा रहेको डहरे देउराली धार्मिक र पर्यटकिय हिसाबले मात्र नभई यसको ऐतिहासिक महत्वका कारणले पनि प्रसिद्धि कमाएको छ । यसको ऐतिहासिकतालाई विभिन्न आधारमा फरक फरक दृष्टिकोण सहितका तथ्यहरु प्राप्त भएका छन् ।

### २.१.१ धर्मग्रन्थ अनुसार

स्कन्दपुराणमा उल्लेख भएअनुसार यस पर्वत परापुर्वकालमा महान् ऋषिमुनीहरुले तपस्या, ध्यान र योग गर्ने थलो थियो । यसलाई निलाकण्ठ पर्वतको नामले पनि पुकारिन्छ । भानुभक्तको बाल्मिकी रामायणको असमेद् काण्डमा पनि यस पर्वतको निकै सुन्दर ढङगबाट व्याख्या गरिएको छ। त्यसै गरि डहरे देउराली क्षेत्रमा राजा दशरथ शिकार खेल्न त्यस ठाउँमा आएको प्रसङ्ग पनि जोडिएको छ । त्रेतायुगमा श्रवणकुमारले आफ्ना अन्धा बाबुआमालाई तिर्थ घुमाउने क्रममा स्याङ्जा चिलाउनेबास भन्ने ठाउँमा आईपुगे पछि बाबुआमालाई पानी खुवाउन स्थानिय दहमा गाग्रो डुबाउँदा निस्केको आवाजलाई मृगको आवाज सम्झी राजा दशरथले त्यस तर्फ वाण चलाउँदा श्रवणकुमारको मृत्यु भएको र राजा दशरथ पानी लिएर जाँदा श्रवणकुमारका बाबुआमाले सबै कुरा थाहा पाएर राजा दशरथ लाई तिम्रो पनि छोराको विछोडको पिरले मृत्यु होस भनि श्राप दिई दुबैजना त्यही रुँदा रुँदै मरेको हूँदा उनीहरुको आँसुबाट दहको उत्पत्ती भएकोले त्यस दहको नाम अन्धाअन्धी दह रहन गऐको किम्बदन्ती छ । त्यसै दहलाई स्याङ्जाको प्रसिद्ध नदि आँधीखोलाको मुहान् भनिन्छ । जुन अन्धाअन्धी दह डहरेको नजिक कार्किनेटा भन्दा केहि तल रहेको छ । त्यसले गर्दा राजा दशरथ डहरे देउराली जङ्गलमा समेत सिकार खेल्न आएको अनुमान गर्न सकिन्छ । सामाजिक अनुशन्धानमा प्रमाणलाई

प्रयोगशालामा लगेर परिक्षण गर्न नसकिने हुनाले यसको नतिजा सतप्रतिशत सत्य हुन्छ भन्न सकिदैन, (दाहाल र खतिवडा, २०५९:४०)।

### २.१.२ जनविश्वास अनुसार

डहरे देउराली क्षेत्रको इतिहास खोज्ने एक आधार जनविश्वास पनि हो । शोध क्रममा स्थानिय व्यक्तिहरु सँग यस क्षेत्रको जानकारी लिन खोज्दा कतिपय व्यक्तिहरुले यो क्षेत्र महान् ऋषिहरुले तपस्या गरेको ठाउँ र डहरा ऋषिले तपस्या गरेको भुमि भनि विस्वास ब्यक्त गरे । तिनै डहरा ऋषिले तपस्या गरेको हुनाले त्यस पहाडको नाम डहरा हुँदै पछि गएर डहरे देउराली हुन पुग्यो । डहरा ऋषिले तपस्या गरेको गुफा र पानी संकलन गर्ने घैंटो अहिले पनि त्यही ठाउँमा देख्न सकिन्छ । अर्को किम्बदन्ती अनुसार यस पर्वतमा करिव दुई हजार मिटर लामो डहर भएकाले पनि यस ठाउँको नाम डहर हुदै पछि गएर डहरे भएको हुन सक्ने अनुमान गरिएको छ। त्यस भनाईलाई विस्वास मान्दा डहरे देउराली क्षेत्र भोट र तराई जोड्ने पुरानो नाका पनि हो । पुर्खाहरु त्यही बाटो भएर कार्कीनेटा हुँदै भोट प्रस्थान गर्दथे । ब्यापार घरायसी बन्दबस्तीका सामान निर्यात साथै विशेष नुन ओसार पसारका लागि यो ठाउँ महत्वपूर्ण नाका बनेको थियो । त्यसैले त्यस बेला बाटोलाई डहर भनिने हुँदा यसको सत्यता नजिक रहेको विश्वास गर्न सकिन्छ ।

यी जनविस्वासहरुलाई आधारमान्दा यो क्षेत्रको ऐतिहासिकता रामायण र महभारत जस्ता महाकाब्यहरुको रचनाकाल सम्म पुग्न सक्ने देखिन्छ । यद्दपी पुरातात्यिक प्रमाणहरुले त्यस प्राचिनतालाई प्रमाणित गर्न भने सकेको पाईदैन ।

### २.१.३ विभिन्न कालखण्डमा डहरेदेउराली

गोपाल, महिषपाल, किरात, लिच्छवी र मल्लकालहरुको शासनकालमा डहरे देउराली क्षेत्रको इतिहास थाहा पाउन सकिएको छैन । गण्डकी क्षेत्र चौविसे राज्यहरु अन्तर्गत रहेको थियो, (उपाध्याय २०६८:२७५) । नेपाल एकिकरण पुर्व चौविसे राज्य अन्तर्गत ६ टुक्रे रजौटाहरु गह्रौं, भिरकोट, सतौं, नुवाकोट ढोर र पैयूँले आफ्नो एतिहासिक पहिचान बोकेको छ । ढोर पैयुँको धेरै जसो भाग क्रमश तनहुँ र पर्वतमा विलय भएपछि बाँकी चार रजौटाहरुले नै आधुनिक स्याङ्जा जिल्लाको पहिचान बोकेको छ , (जि.स.स. स्याङ्जा, बर्ष २०७५)

चौविसे राज्यकालमा गढि र किल्लाहरु सबै भन्दा अग्लो स्थानमा रहने र सामाजिक दृष्टिकोणले समेत महत्व राख्ने गर्दथे । डहरे देउराली क्षेत्र पनि उच्च स्थानमा रहेको हुदा गढि

वा किल्लाको रुपमा रहेको अनुमान गर्न सकिन्छ । तर कुनै लिखित प्रमाणहरु र भग्नावशेषहरु प्राप्त नभएको हुदा अनुमानको भर मात्र अध्ययन गर्न सकिन्छ ।

### २.१.४.पुरातात्विक महत्वको आधारमा

डहरेदेउराली को मुख्य टाकुराको सबै भन्दा उच्च विन्दुमा देउराली देविको मन्दिर रहेको छ। मन्दिरमा हाल सिमेन्टको मुर्ति रहेको छ । पत्थरका देवीदेवताका आकृती भएका शिलाहरु यद्दपी रहेका छन् । ति शिलाहरुमा परम्परा देखि नै पुजा आजा गर्दै आएको पाईन्छ । तर ति शिलाहरु कहिले देखि रहेको भन्ने बारेमा कुनै ठोस लिखित प्रमाण फेला परेको छैन । स्थानिय बयोबृद्ध र जानकारहरुका अनुसार आदिम काल देखि नै आफुहरुले ति शिलाहरु देख्दै आएको बताइएको छ ।

डहरे देउराली को चुचुरो, जुरो भन्दा तल र आश्रम बिच गुफा रहेको छ । त्यही गुफामा डहरा ऋषी ले तपस्या गरेको विस्वास गरिन्छ । डहरा ऋषीले प्रयोग गरेको हाल जिर्ण अवस्थामा यद्दपी देख्न सकिन्छ । त्यस्तै ठाउँ ठाउँमा शिलाहरु देवताको स्वरुप मानेर पुजा गर्दै आएको छ जुन परापुर्व काल देखि नै त्यस ठाउँमा शिला रहेको विस्वास पाइन्छ, (अन्तर्वार्ताः डिल्लीराम पौडेल बर्ष ५५) ।

उपयुक्त विभिन्न जनविस्वास, स्थलगत अवलोकन, अन्तर्वार्ता र जनश्रुतीलाई विश्लेषण गर्दा डहरे देउराली एक पुरातात्विक स्थलको रुपमा मान्न सकिन्छ ।

## २.२ डहरेदेउरालीको परिचय

डहरे देउराली क्षेत्र एक बहुपहिचानयुक्त महत्वपुर्ण स्थान हो । त्यसैले यहाँ यस क्षेत्रको भुगोल, यस क्षेत्रको नामाकरण, यसको खोजी जस्ता शिर्षकहरुमा यस क्षेत्रको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ । यस बाहेक यो क्षेत्र विशेष रुपले धार्मिक र साँस्कृतिक क्षेत्र पनि हो । यसको चिनारी एक महत्वपुर्ण पर्यटकिय क्षेत्रको रुपमा पनि रहेको छ ।

### २.२.१ भौगोलिक अवस्थिति

नेपाल दक्षिण एसियामा अवस्थित भुपरिवेष्ठित मुलुक हो । नेपाल २६ डिग्री २२ मिनेट देखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४ मिनेट देखि ८८ डिग्री १२ मिनेट पुर्वी देशान्तर सम्म फैलिएको छ (नेपाल परिचय, २०७६) । नेपालको सम्पुर्ण क्षेत्रफल मध्ये १५ प्रतिशत भुभाग उच्च हिमाली क्षेत्रमा पर्दछ भने, ६८ प्रतिशत भुभाग पहाड र बाँकी १७ प्रतिशत भुभाग तराईमा पर्दछ । विश्व कै उच्च र लामो हिम श्रृंखला नेपालको उत्तरी खण्डमा

अवस्थित छ । विश्वको सर्वोच्च शिखर सगरमाथा, जसको उचाई ८८४८ मिटर मापन गरिएको छ (भट्ट, २०७४:३) ।

त्यसै गरि स्याङ्जा जिल्ला समुद्री सतहबाट ३६६ मिटर देखि २५१२ मिटर सम्मको उचाईमा अवस्थित छ । भौगोलिक विवरण अनुसार कुल ११६४ वर्गकिलोमिटरमा फैलिएको यस जिल्ला ८३ डिग्री २७ मिनेट देखि ८४ डिग्री ४६ मिनेट पुर्वी देशान्तर र २७ डिग्री ५२ मिनेट देखि २८ डिग्री १३ मिनेट उत्तरी अक्षांश भित्र फैलिएको छ (जि.स.स.स्याङ्जा, २०७५)। यसै स्याङ्जा जिल्ला र पर्वत जिल्ला को सिमानामा डहरे देउराली क्षेत्र रहेको छ । विशाल वन क्षेत्रले दुबै जिल्लाको भुभागलाई छोएको छ ।

डहरेदेउराली क्षेत्र भौगोलिक रुपमा नेपालका दुई जिल्लाको भु-क्षेत्रमा फैलिएको छ । ति मध्ये एक जिल्ला स्याङ्जा हो । यो जिल्लामा ५ नगरपालिका र बाँकी ६ वटा गाउँपालिका रहेका छन् । त्यस्तै प्रतितिधीसभामा प्रतिनिधित्व गर्ने दुई निर्वाचन रहेका छन्। शिक्षा, बाणिज्य, यातायात, पर्यटन र स्वास्थ्य सम्बन्धि सेवा र सुविधाले सम्पन्न जिल्लाका रुपमा समेत परिचित छ स्याङ्जा जिल्ला । डहरे देउरालीको मुख्य क्षेत्र स्याङ्जा जिल्लामा पर्दछ । स्याङ्जा जिल्लाका अर्जुनचौपारी गाउँपालिका र आँधीखोला गाउँपालिका डहरे देउराली क्षेत्रमा समेटिएका छन् । यस जिल्लामा शाह बंशको पुर्खाहरुले सर्बप्रथम राज्य गरेको हुनाले इतिहासमा यसको नाम अग्रपन्थिमा आउँछ (मेची, २०३१:३८७)।

यस जिल्लामा गह्रौं कालिका, मनकामना, छाङ्छाङ्दी, भैरव कालिका, आलमदेवि, गुप्तेश्वर महादेव गुफा, खिलुङ्कालिका, आन्धाअन्धि दह, राम्चेदेवी, सतौं चण्डी, रापाकोट कालिका पन्चकन्या कालिका, नुवाकोट, बहाकोट, बाचपुर चण्डी कालिका लगाएत विभिन्न धार्मिक, ऐतिहासिक तथा पर्यटकिय स्थलहरु रहेका छन् । यस जिल्लाको पश्चिमी सिमानाबाट सुरु भएर सम्पुर्ण दक्षिणी सिमाना कायम गर्दै कालिगण्डकी बगेको छ । त्यसै नदिबाट काली गण्डकी ए जलविद्युत आयोजना निर्माण गरि विद्युत उत्पादन गरिएको छ । नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको यो आयोजनाका परामर्श दातृ राष्ट्र अमेरिका र फिनल्याण्ड हुन् । जिल्लाको झण्डै मध्यभागमा आँधीखोला र उत्तरी भागमा फुस्रेखोला, पुर्विभागमा सुरौदीखोला, बाडखोला र पुर्वि दक्षिण भागमा ज्याग्दीखोला रहेको छ । अर्को महत्वपुर्ण खोला आँधीखोला हो त्यहाँ बाट ५१०० किलोवाट क्षमताको जलविद्युत उत्पादन गरिएको छ, (नेपाल परिचय, २०७६:२८६) ।

स्याङ्जा जिल्लाको ऐतिहासिक विवरण खोजी गर्ने क्रममा स्याङ्जा अन्तर्गत साविक कै गह्रौंकोट, भिरकोट, सतौं, नुवाकोट, ढोर र पयुँ ६ वटा चौविसे राज्य थिए तर पछिल्लो राजनितिक विभाजनमा ढोर तनहुँ राज्यमा र पयुँ पर्वतमा पर्न गएकोले स्याङ्जाका चौविसे राज्यहरुमा गह्रौं, भिरकोट, सतौं, नुवाकोट, चार वटा मात्र राज्य मिलि स्याङ्जा बनेको हो (मेची, २०३१:३८६)।

डहरे देउराली क्षेत्रले ओगटेको अर्को जिल्ला पर्वत हो । यस जिल्लाको सिमानामा पुर्वमा कास्की र स्याङ्जा, दक्षिणमा स्याङ्जा र गुल्मी, पश्चिममा गुल्मी, बाग्लुङ र म्याग्दी , उत्तरमा म्याग्दी जिल्लाहरु पर्दछन् । यस जिल्लाको कुल क्षेत्रफल ४९४ वर्गकिमि रहेको छ । उचाईका हिसावले समुद्री सतहबाट ५२० मिटर उचाइमा रहेको सेतीबेणी देखि ३३०९ उचाइमा रहेको हम्पालको लेक सम्मको भुभाग एस जिल्लामा पर्दछ । यस जिल्लाको कुल भुमी ५३६८६.२१ हेक्टर मध्ये वन क्षेत्रले ओगटेको जमिन १९९९७ हेक्टर, कृषि भुमि २४१७१ हेक्टर र प्रति जमिन , बुट्यान,भवन, बाटो घाटो , भिरपाखा तथा खोलाले ओगटेको जमिन ९,५१८ हेक्टर रहेको छ । यस जिल्लाको कुल कृषि जमिन २४१७१ हेक्टर मध्ये खेत ९०७३ हेक्टर, जस मध्ये बाह्रै महिना सिचाई हुने ६४२० हेक्टर र मौसमी सिचाई हुने २६६६ हेक्टर छ भने पाखो बारी १५०९८ हेक्टर रहेको छ । राजनितिक विभाजन अनुसार पर्वत जिल्लालाई एक प्रतिनिधी सभा निर्वचान क्षेत्र, दुई प्रदेशसभा निर्बाचन क्षेत्र, दुई नगरपालिका, पाँच गाउँपालिका र ६२ वडामा विभाजन गरिएको छ, (www.daoparbat.moha.gov.np) । पर्वत जिल्लाको सदरमुकाम कुस्मा बजार हो भने अन्य प्रमुख बजार क्षेत्रहरुमा वारी वेनी, पातीचौर, डिमुवा, कार्कीनेटा, फलेवास, लुङ्खु, हुवास प्रमुख ब्यापारिक केन्द्रहरु रहेका छन् । जिल्लाका हरेक गाउँलाई कच्ची नै भएपनि मोटरबाटोले जोडेको छ । मोदिखोला जलविद्युत आयोजना संचालनमा आए देखि जिल्लामा विद्युतीकरणले तिव्रता पाएको छ । नजिकैको पर्यटकिय सहर पोखरा र विश्वप्रख्यात पैदलयात्रा क्षेत्र अन्नपुर्ण संरक्षण क्षेत्रलाई लक्षित गरेर जाने पर्यटकलाई आकर्षित गर्न सकेमा यो सानो सुन्दर जिल्लाको विकास गर्न मुस्कील पर्दैन । कुस्मा बजार नजिकै रहेका प्रसिद्ध धार्मिक स्थल गुप्तेश्वर गुफा र मोदिबेणी स्वदेशी तथा विदेशी पर्यटकका आर्कषणका केन्द्र हुन् । पर्वतका प्रमुख नदिहरुमा कालीगण्डकी, मोदि, लमाय, चिर्दी, पयुँ, लुड्डी, लस्ती, जहरे र रतिहरु रहेका छन् । दर्शनिय स्थलहरु जैमुनीघाट, मोदीबेनी, सेतिवेनी, गुप्तेश्वर गुफा, पञ्चासे लेक, डहरे लेक, भुबनो दुलो रहेका छन् । शिवरात्री, ठुली एकादशी र बालाचतुर्दशी जस्ता पर्वमा यहाँ भक्तजनहरुको भिड लाग्दछ । पञ्चासे, हम्पालको लेक र डहरेको लेक यस क्षेत्रका सम्भावना

बोकेका पर्यटकिय स्थलहुन् भने दक्षिण भेगमा अवस्थित सालिकराम शिला उत्तिकै प्रसिद्ध छ, ( छोटा, २०७०:१११) ।

### २.२.२ डहरे देउरालीको नामाकरण

डहरे देउरालीको नाम कहिले र कसरी रहन गयो भन्ने विषयमा व्यापक खोजी निति गर्दा यकिन लिखित फेला पार्न सकिएको छैन । त्यसैले यस बारेमा स्थानीय जनश्रुति र किम्बदन्तीलाई आधार मानेर वास्तविकता बारेमा खोजी गर्नुपर्ने अवस्था रहेको छ ।

डहरे देउराली क्षेत्रको इतिहास खोज्ने एक आधार जनविश्वास पनि हो । अध्ययनको क्रममा स्थानिय व्यक्तिहरु सँग यस क्षेत्रको जानकारी लिन खोज्दा कतिपय व्यक्तिहरुले यो क्षेत्र महान् ऋषिहरुले तपस्या गरेको ठाउँ र डहरा ऋषिले तपस्या गरेको भुमि भनि विस्वास ब्यक्त गरे । तिनै डहरा ऋषिले तपस्या गरेको हुनाले त्यस पहाडको नाम डहरा हुँदै पछि गएर डहरे देउराली हुन पुग्यो । डहरा ऋषिले तपस्या गरेको गुफा र पानी संकलन गर्ने घैंटो अहिले पनि त्यही ठाउँमा देख्न सकिन्छ । अर्को किम्बदन्ती अनुसार यस पर्वतमा करिव दुई हजार मिटर लामो डहर  भएकाले पनि यस ठाउँको नाम डहर  हुदै पछि गएर डहरे भएको हुन सक्ने अनुमान गरिएको छ, (डहरे दर्शन, कान्तिपुर २०७६ मंसिर २८) । त्यस भनाईलाई विस्वास मान्दा डहरे देउराली क्षेत्र भोट र तराई जोड्ने पुरानो नाका पनि हो । पुर्खाहरु त्यही बाटो भएर कार्कीनेटा हुँदै भोट प्रस्थान गर्दथे । ब्यापार घरायसी बन्दोबस्तीका सामान निर्यात साथै विशेष नुन ओसार पसारका लागि यो ठाउँ महत्वपूर्ण नाका बनेको थियो । त्यसैले त्यस बेला बाटो लाई डहर भनिने हुँदा यसको सत्यता नजिक रहेको विश्वास गर्न सकिन्छ ।

साधनाको सहयोगले छोटो समयमा आफुलाई तनाब मुक्त पार्न सकिने भएको ले आजको सबै भन्दा ठुलो आवश्यकता भनेकै मेडिटेशन भएको छ । साधनालाई अलिकति मात्र निरन्तरता लिन सकियो भने त्यसले पोजेटिभ हर्मन क्रियाशिल पारि तनाब हुन दिदैन,( विकाशानन्द, २०७४:१३७) ।

डहरे देउरालीको नामाकरणका बारेमा अर्को एक भनाई रहेको छ । पर्वत जिल्ला निवासी खडानन्द  भन्ने ब्रम्हा १२ वर्षको उमेरमा त्यस ठाउँ आई तपस्या गरेर ८८ वर्षको उमेरमा स्वइच्छाले देह त्याग गरेका हुँदा बालसिद्ध मोक्षद्धारी आश्रम नाम नामाकरण भएको हो । जुन अहिले पनि त्यसै नामबाट मन्दिर व्यवस्थापन समिति गठन भएको हो । (अन्तर्वार्ता: जनकराज खनाल, वर्ष ६०)

त्यस्तै दैनिक जिवनदेखि नैराश्यता भएका मनिसहरु अझै पनि त्यस स्थलमा आई ध्यान, योग, र तपस्या गर्दछन् यसो गर्नाले सम्पुर्ण तनाबबाट समेत मुक्त भएको उनीहरु बताउँछन् । उपरोक्त भनाई एवम विस्वासलाई विश्लेषण र अध्ययन गरि त्यहाँको वास्तविक भौतिक अवस्था, जनआस्था र विस्वासलाई केलाउँदा डहरा ऋषिले तपस्या गरेको भुमि भएकोले डहरा शब्द अपभ्रंश हुँदै डहरे हुन पुगेको विस्वास गरिन्छ । डहरे निकट सम्वन्ध रहेको र त्यही डहरा शब्द बाटै डहरे नामाकरण हुन गएको विश्वास गर्न सकिन्छ ।

### २.२.३ डहरेदेउरालीको खोजी, संरक्षण एवम विकास

धेरै बर्ष अगाडी पौराणिक काल देखिनै डहरे देउराली क्षेत्रमा ऋषिमुनिहरु, तपश्वीहरु, रहने गरेको कुरा विभिन्न पुराणहरुमा पनि उल्लेख गरेको पाईन्छ । डहरे देउरालीमा पुजा हुन थालेको एकिन तथ्याङ्क नै छैन । सयौं बर्ष देखि त्यहाँ निरन्तर पुजा हुँदै आएको छ । पछिल्लो समयमा भने डहरे देउराली मन्दिरमा नियमित पुजाका लागि समस्या हुँदै आएको थियो । त्यस मन्दिरमा २०४३ सालमा धनधान्यान्चल महायज्ञ लगाइएको थियो । त्यति बेला ४०० मुरी धान संकलन भएको थियो त्यही महायज्ञबाट झण्डै ३० मुरी धान उत्पादन हुने खेतको ब्यबस्थापन समेत गरिएको थियो । गुठीको रुपमा रहेको खेत अर्कालाई खेति गर्न लगाएर आउने धानबाट मन्दिरको जोहो चल्दै आएपनि पछिल्लो समयमा त्यो खेत बाँझै अवस्थामा रहेको हुँदा मन्दिरमा नियमित आम्दानी प्राप्त हुन छाड्यो, (अन्तर्वार्ताः पशुपतीनन्द गिरी बर्ष ६०)। मन्दिरमा दर्शन गर्न आउने तिर्थालु भक्तजनहरुले चढाएको प्रसाद र दान भेटिले त्यहाँको तपश्वीहरुको गुजरा चलेको छ । यद्पी त्यहाँ क्रियाशिल समितिले पनि खर्चको ब्यवस्थापनमा सहयोग गरिरएको छ । उच्च भाग र त्यहाँ पानीको मुल नहुँदा निकै समस्या रहिआएको छ । जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पर्वतले लिफ्टबाट पानी तान्ने योजना निर्माण गरिसकेको छ । साथै पर्यटन पर्वद्धनमा समेत स्थानिय सरकारहरुले पछिल्लो समय चासो देखाएका छन् । पदमार्ग, बालउद्यान, खुला चिडियाखाना र केबुलकारको समेत परिकल्पना गरिएको छ । डहरे देउराली क्षेत्रको विकासमा स्थानिय सरकार, प्रदेश सरकार, स्थानिय आमा समुह, युवा क्लव र सामाजिक अभियान्ताहरुले त्यस ठाउँको विकासमा जोड दिएका छन् ।

### २.२.४ धार्मिक स्थलको रुपमा डहरेदेउराली

नेपाली सामाजिक परम्परा युगौं देखि धार्मिक आस्था एवम् विश्वास र त्यसबाट सिर्जित क्रियाकलापका आधारमा स्थापित मुल्य एवम् मान्यतामा आधारित रहँदै आएको छ । मानव

मात्र एक सच्चा प्राणी हो, जसले आफुलाई दुःख कष्ठ पर्दा भगवान अर्थात परमेश्वरको पुजा उपसाना गर्न थाल्छ तव देवताको कृपाले यस्तो हुन गएको हो भनी ठान्दछ । मानिसलाई आपत्विपत् आई लाग्छ, तव उसको मनमा अनेकौ तर्क खेल्दै जान्छ र मनमनै देवता पुकार्न पुग्छ । जुन व्यक्ति धर्मप्रति आस्था भाव प्रकट गर्दछ, उसले भगवानप्रति आस्था भाव देखाउँछ र मनमनै भाकल गर्दछ । भाकलको प्रभावले उसको मनोकांक्षा पुरा भएको जन विश्वास रहदै आएको छ । यसरी मानिसहरुमा जुन विश्वास वढ्दै जान्छ त्यसरी नै भगवानको महत्व वढ्नु भनेको नै धार्मिक महत्वमा बृद्धि हुनु हो ।

त्यस्तै डहरेदेउरालीमा परम्परागत शैलिका मन्दिर रहेका छन् । त्यहा बस्ने स्थानियका लागी पनि आवास गृह बनाइएका छन् । उक्त मन्दिरमा चाडपर्वको बेला भक्तजनहरुको निकै भिड लाग्दछ । विशेष गरेर बालाचर्तुदर्शिका दिनमा त्यहा ठुलो मेला लाग्दछ । यो समयमा मन्दिरको दर्शन, पुजाका साथै दृश्यावलोकन सँगै स्थानिय उत्पादन हस्तकलाका सामान घरेलु कृषि औजार तथा सामान विकी हुने गरेको छ ।

डहरेदेउरालीको शिर अर्थात सवैभन्दा अग्लो ठाउँबाट उस्तै प्रकारको त्यो भन्दा केही होचो पहाडसम्म तोरण तान्ने गरिन्छ । यो समयमा स्याङ्जा, पर्वत ,कास्कीका साथै विभिन्न जिल्लाबाट ठुलो संख्यामा दर्शन तथा अवलोकनका लागि जाने गर्दछ (स्थलगत अवलोकन)।

त्यस्तै हिन्दुहरुको महान पर्व विजयादशमिको नवरात्रिको समयमा बलि दिने र परेवा उडाउने प्रचलन रहिआएको छ । त्यहाँ गएर भाकल गरेमा,पुजा गरेर मागेमा सवै मनोकाँक्षा पुरा हुने विश्वास रहेको छ । “तपाईलाई कुनै चिजको समस्या छ, तपाई भाकल गर्नुहोस माग्नुहोस, पुरा भएरै छाड्छ” त्यहाँ ४६ बर्ष देखि नियमित पुजा गर्दै आएका पशुपति नन्द गिरीले जानकारी दिनुभयो । भैँसिले दुध नदिए डहरेतिर फर्केर कामना गरेमा दुध दिने गरेको स्थानीयको विस्वास रहेको छ । डहरे देउराली देवीको तिन शक्तिद्धारा प्रत्यक्ष दर्शन दिनुहुन्छ । काली रुपमा,बागेश्वरी (बाघ माथि चडेकी),हातमा त्रिशुल लिइएकी ब्रम्हाचारी रुपमा प्रकट हुनुहुन्छ । देवीका तिनओटा छिद्र भएको विगत लामो समय देखी तपस्वीको रुपमा रहनुभएका पशुपति नन्द गीरी बताउनुहुन्छ । स्कन्द पुराणे नेपाल खण्डे सिद्धेश्वर महादेव निलकण्ठ पर्वत, कालिरात्रि सिंहेश्वर महादेवको रुपमा पनि रहेको गिरी बताउनुहुन्छ । डहरे देउरालीलाई निलाकण्ठ पर्वतको रुपमा चिनिन्छ । बालाचुर्तुदर्शी जस्ता पवित्र दिनहरुमा धार्मिक मेला लाग्नुका साथै सत्विज छर्ने परम्परा निरन्तर रुपमा कायमै छ । विभिन्न ठाउँबाट तोरण, भजनकृर्तन र बाजा गाजा सहित तोरण तान्नेको घुइँचो डहरे देउरालीको अर्को आकर्षणको

केन्द्र हो । त्यहाँ घण्टी, त्रिशुल, धुप, अक्षता, दुध, ठाउँठाउँमा चढाउँछन् (अन्तरवार्ताः पशुपती नन्द गिरी, बर्ष ६०) ।

### २.२.५ ऐतिहासिक स्थलका रुपमा डहरेदेउराली

इतिहासलाई भरपर्दो, विश्वासिलो तथा वैज्ञानिक बनाउनका लागि प्रमाणिक तथा आधारभुत प्रमाणहरुको आवश्यकता मात्र होइन भर अपरिहार्यता पनि हुन्छ (क्षेत्री र पौडेल,२०६५:१३२)। डहरेदउराली क्षेत्रको ऐतिहासिकता पत्ता लगाउन अर्थात यस क्षेत्रको इतिहासको कुन कालखण्डदेखी महत्व रहन गयो भन्ने विषयमा खोजी गर्दै जाँदा पौराणिक काल रामायण महाभारतको घटना जस्ता किंवदन्तीहरु फेला पार्न सकिन्छ तर यथार्थ प्रमाणहरु पाउन कठिन भएको हुँदा कतिपय कुराहरु अनुमानमा मात्र सिमित छन् ।

विभिन्न कालखण्डमा नेपालको मध्यपहाडी क्षेत्रमा भुरे टाकुरे राजाहरुले राज्य सञ्चालन गरेको पाइन्छ । राजाले सबैभन्दा अग्लो ठाउँमा किल्ला गढ बनाउने गर्दथे किनभने त्यस्तो अग्लो ठाउँबाट शत्रुहरु आएको स्पष्ट देखिने भएकोले पनि ती किल्लाहरु सुरक्षित रहने गर्दछ । डहरे देउराली क्षेत्रमा पनि वरिपरि अन्य पहाडको तुलनामा अग्लो स्थानमा रहेको हुनाले कुनै बेला गढ वा किल्लाको रुपमा रहेको अनुमान गर्न सकिन्छ तर कुनै ठोस प्रमाण भने हालसम्म फेला पर्न सकेको छैन । डहरेदेउराली क्षेत्रमा ढुङ्गाको झण्डै तीन सय मिटर भन्दा बढी देखिने चुचुरो रहेको छ । मठका रुपमा नाम दिइएको यो चुचुरोको विचमा एउटा गुफा छ, त्यही गुफामा बसेर ऋषिहरु तपस्या गर्ने गरेको विश्वास गरिन्छ । ऋषिले कर्कलाको पातबाट संकलन भएको पानी खाने माटोको घैटो कहिले राखिएको भन्ने स्पष्ट प्रमाण छैन (स्थलगत अवलोकन)।

डहरेदेउराली देवीको संरक्षण र परम्परालाई कायम राख्न देवीको नाउमा गुठी व्यवस्था गरिएको पाईन्छ । जसमा नित्य पुजा आजा विधि बारेमा उल्लेख गरिएको छ । वि.सं. १९९६ साल कात्तिकमा पण्डित टिकाराम पाध्यायको नाउमा पुरानै सनद कायम गरी देवीको नित्य पुजा र परम्परा अनुसार गरिदै आएको पुजा विधि उल्लेख छ । त्यसै सनदलाई नै ऐतिहासिक तस्तावेजको रुपमा लिइएको छ (क्षत्री,कार्कि २०५४: ४४) ।

यद्यपी डहरा ऋषिले पानी जम्मा गर्ने घैंटो अझै देख्न सकिन्छ । उक्त गुफा र घैटोलाई पर्खालद्धारा संरक्षण गरिएको छ । त्यस्तै पुराना शिलाहरु, घण्ट पनि कहिलेदेखि राखिएको भन्ने स्पष्ट प्रमाण छैन । त्यसैले पनि डहरेदेउराली धार्मिक क्षेत्रमात्र नभएर एक महत्वपूर्ण ऐतिहासिक स्थल पनि हो भन्ने तथ्य अध्ययनबाट प्रकाशमा आएको छ ।

### २.२.६ पर्यटकीय स्थलका रुपमा डहरेदेउराली

नेपाल प्राकृतिक सुन्दरताले भरिएको देश हो । यहाँ रहेका उत्तरतर्फका चाँदीजस्तै सेता हिमालका लस्करै लागेका टाकुराहरु असाध्धै मन लोभ्याउने खालका छन् । अग्लाहोचा, हरियाली जङ्गलले ढाकेका मनमोहक पवर्त शृङखला उस्तै आकर्षक छन् । होचाखाले चुरे पहाडका डाँडाहरु वीचवीचमा आर्कषक उपत्यकाहरु ,विशाल टारहरु एवं भित्री मधेश क्षेत्र र तराईको समथर फरक भौगोलिक विविधताले युक्त छ । उत्तर हिमालदेखी दक्षिणतर्फ एकोहोरिएर बगेका सयौं सानाठुला नदिनालाहरु सुन्दर हराभरा, पाखापखेरा पहराहरु, भीर, काल्ना तथा झरना, तालतलैया आदिले देशको मुहारलाई चम्काएका छन् । सगरमाथा र गौतम बुद्ध नामले विश्वविख्यात रहेका छन् ।  नेपाल आमाको काखमा रहेका कतिपय हिमालहरुका सेताम्य दृश्यहरुले पर्यटकलाई आकर्षित गर्दछ । कास्की जिल्लाको घान्द्रुक, सिकलेस, सोलुखुम्बु जिल्लाको नाम्चेबजार र दोलखा जिल्लाको जिरी जस्ता थुप्रै पहाडी गाउँहरु स्विजरल्याण्डका कतिपय ठाउँहरुसंग तुलना गर्न सकिन्छ । कतिपय विदेशीहरुले काठमाण्डौलाई मन्दिरहरुको शहरका रुपमा चिन्दछन् ।

प्राकृतिक सुन्दरताले भरिपूर्ण नेपालका धेरै स्थलहरुमध्ये स्याङ्जा र पर्वत जिल्लाको सिमानामा पर्ने डहरेदेउराली पनि एक हो । आकर्षण सुर्योदय र सुर्यास्तका साथै आर्कषक हिमशृङखला र मनमोहक पहाडी दृश्यावलोकन गर्न सकिने हुनाले प्रमुख पर्यटकीय गन्तव्यका रुपमा विकसित भई परिचित हुँदै विश्व पर्यटकका सामु डहरेदेउराली देखा परेको छ । समुन्द्रि सतहबाट करिब २२६९ मिटरको उचाइमा अवस्थित छ (मेची,२०३१:३७८)। डहरेदेउराली क्षेत्रबाट स्याङ्जा सदरमुकाम पुतलिबजार ,पर्वतको सदरमुकाम कुस्मा बजार, बाग्लुङको सदरमुकाम बाग्लुङ बजार देखिनुका साथै थुपै गाउँबेसीका बस्तीहरु, हरियाली पाखापखेराहरु छर्लङ्ग देख्न पाइन्छ । एकै विन्दुबाट सुर्योदय र सुर्यास्तको दुश्य देख्न पाउनुका साथै पुर्ण चन्द्रको कान्तिमाय प्रकाश छर्दाको दृश्य एवं उत्तरतर्फ सामुन्ने माछापुच्छे, अन्नपुर्ण र धौलागीरी हिमशृङखलाहरुको दृश्यावलोकनसंगै संसारकै सवैभन्दा लामो हिमशृङखला देखिने ठाउँ डहरेदेउराली हो ।

समुन्द्र सतहबाट २२६९ मिटरको उचाईमा बसेको डहरे देउरालीमा चैत्र–बैशाख तिर पुग्दा लालीगुराँस फुलेर डाँडै रातो हुन्छ । मानौ प्रकृतिले सारा रुख, वुट्यानमा रातो रङ पोतेको छ ।

विभिन्न प्रजातिका चराच्याखुराहरु एवं बन्यजन्तुहरुको पनि सामान्जस्यता रहेको डहरेदेउरालीको बन क्षेत्र सुन्दर शान्त एवं प्रकृतिको आफै उपचार गरिरहेको भान हुने योगस्थलका रुपमा रहेको छ । योगबाट हृदयरोगजस्तो भयङ्कर रोगबाट पनि छुटकारा पाउन सकिन्छ (रामदेव, २०६४:११)। त्यस्तै डहरा ऋषिले तपस्या गरेको गुफा, पानी जम्मा पारेको घैटो ,प्राकृतिक शिलाहरु तीनवटा अग्निकुण्ड सुर्य, भवन र सुरक्षा अग्नि रहेका छन् । यस कुन्डमा अखण्ड रुपमा बलिरहेको अग्नीकुण्ड देख्न सकिन्छ जुन आकर्षणको केन्द्रको रुपमा रहेको छ ।

अहिलेसम्म डहरेदेउराली क्षेत्रको संरक्षणका लागि जिल्लाका कार्किनेटा, ठापाठाना भैगार र स्याङजाको पञ्चमुल वरपरका गाउँले केही पसल गरिरहेका छन् । संगै यस स्थल संरक्षणका लागि विविध रुपमा समिति नै गठन गरिएपनि त्यसबाट कुनै फलदायि कामचाँहि हुन सकेको देखिदैन । डहरे जुन जंगल छिचोल्दै हिड्नुपर्छ । करिब ६० कि.मि लम्बाई र १५ कि.मि चौडाई क्षेत्रफल रहेको लेकाली पतझर प्रकारको घना जगंलले घेरेको छ, (कान्तिपुर, २०७६ मंसिर २८) । सदियौ पुरानाजस्ता लाग्ने लहरा र झयाउले जेलिएका रुख बुट्यान आकृति युक्त वनक्षेत्र देख्दा कुनै विशेष सौन्दर्यको आभास मिल्छ । मानिसको पातलो आउजाउ र उपस्थिति रहने जगंलको गारेटो बाटो प्राय रुख बुट्यान र झाडिले छोपेको देखि सुरुमा बाटो छिचोल्ने नसक्दा मानिस जगंलमा हराउने सम्भावना पनि हुन्छ ।

लेकको चुचुराबाट देखिएको प्रकृति नियाल्दा मन चकित हुन्छ । कल्पना गरेको परिवेश भन्दा नितान्त फरक महशुस गर्न सकिन्छ । प्रकृतिको यो वनक्षेत्र जैविक विविधतायुक्त छ । यहा दुर्लभ जातका वनस्पति पनि प्रशस्तै पाइन्छ ।

यसका अतिरिक्त वरपरमा रहेका पर्यटकिय स्थल पञ्चमुल, सिरुबारी, रापाकोट कालिका मन्दिर, एकानन्द गुफा, खर्सुं लेक, थाप्ले लेक स्थानीय स्तरमा पुजाआजा गरिने देवीस्थान, कोटहरु,अन्य देउराली भुमेथान, आदी धार्मिक आस्था एवं विश्वासको केन्द्रका रुपमा डहरे देउराली वरपर रहेका छन् ।

त्यसैगरी पर्यटकीय नमुना गाउँ सिरुबारी, श्री देउराली समुदायिक होमस्टे भकिम्ले, तथा पर्वतकै डहरेदेउराली सामुदायिक होमस्टे थापाठाना खुम गाउँका ५० घरमा होमस्टे संचालन भएरहेको छ । मगर समुदायको बाहुल्य रहेको खुममा आन्तरिक पर्यटकहरु बढिरहेका छन् । त्यस्ता गाउँहरुमा बेलाबखत आयोजना गरिने सांस्कृतिक क्रियाकलापहरु, पर्वहरु, नाचगान, भेषभुषा तथा स्थानीय जनताले हसिलो मुहार र रसिलो बोली एवं सदा स्वागत गर्ने मायालु

मुस्कान तथा मिलनसार व्यवहार पर्यटकहरुलाई मोहित पार्नमा सहायक भएका छन् । स्थानीय व्यक्तिको दिनचर्या, खानपान र बसाई व्यवस्था पनि थप मनोरञ्जनपुर्ण र चाखलाग्दो भएको पाइन्छ । आर्कषक दृश्यहरु,घरेलु उत्पादनमा हलो-जुवा, डोको नाम्लो स्याखु, थुन्छे, भकारी, कोर्को, भाङग्रा, आंसी, खुर्पेटो, वाउसो, कोदाले, बन्चरो आदि  सरसामानहरु पनि अनौठा र चाखिला हुन्छन् ।

घना जङगल क्षेत्र, वन्यजन्तु पक्षिँहरु र रङ्गीविरङ्गी पुतलिहरु, विविधतायुक्त वनस्पति र भीरपाखा, कडा चट्टान र ग्रामिण पर्यटकीय दृष्टिकोणले अति नै महत्वपुर्ण रहेका छन् । त्यसैले यो क्षेत्र नेपालकै एक महत्वपुर्ण पर्यटकिय सम्भावना रहेको छ ।

## २.३ डहरे देउराली क्षेत्रको धार्मिक र सांस्कृतिक अवस्था

गण्डकी प्रदेशमा पर्ने स्याङ्जा र पर्वत जिल्लाको सिमा क्षेत्रमा फैलिएको डहरे देउराली धार्मिक र सांस्कृतिक हिसाबले ज्यादै पृथक र विविधतायुक्त छ । निलकण्ठ पर्वत समेत भनेर चिनिने घना जङ्गलको बिच अग्लो टाकुरामा भएपनि त्यस वरिपरीको मानव बस्ती गाउँले हरुको चालचलन, भेषभुषा, रितिरिवाज, परम्परागत मुल्य र मान्यताहरु नै डहरे देउरालीको धार्मिक र सांस्कृतिक अवस्था हो ।

### २.३.१ डहरे देउराली सँग जोडिएका धार्मिक विश्वासहरु

डहरे देउराली क्षेत्रमा बालाचतुर्दशीको दिन सद्विज छर्नाले आफ्ना दिवङ्गत पुर्खाहरुको उद्धार हुनुका साथै ठुलो पुन्यफल प्राप्त भई मनले चिताएको पुग्ने जनविश्वास रहि आएको छ । उक्त तिथिमा हरेक बर्ष डहरे देउराली दर्शन गर्ने र सद्विज छर्ने श्रादालु भक्तजनहरुको ठुलो भिड लाग्दछ । स्कन्दपुराणमा उल्लेख भए अनुसार यस पर्व परापुर्वकालमा महान् ऋषिमुनीहरुले तपस्या, ध्यान र योग गर्ने थलो थियो । यस  पर्वत लाई निलकण्ठ  पर्वतको नामले पनि पुकारिन्छ ।

भानुभक्तको बाल्मिकी रामायाणको अशमेद् काण्डमा पनि यस पर्वतको निकै शुन्दर ढङ्गबाट ब्याख्या गरिएको छ । यस लेक र देउरालीलाई धार्मिक रुपमा पनि निकै मान्यता दिएको यस वृस्तान्तबाट पुष्टि हुन्छ । डहरे देउराली मा देउराली देविको मन्दिर, दुर्गा देविको मन्दिर, अग्नीकुण्ड, आश्रमहरु रहेका छन् । यस पवित्र तिर्थस्थलका रुपमा मानेर बर्षैनि हजारौँ भक्तजनहरु विभिन्न जिल्लाहरुबाट आउने गर्दछन् ।

डहरेदेउराली एक पवित्र यज्ञस्थल पनि हो । त्यहाँ पटक पटक विभिन्न प्रकारका यज्ञ यज्ञादी सम्पन्न हुँदै आएको छ । यसै क्रममा वि.सं. २०४३ साल मंसिर १२ देखि १९ सम्म त्यस श्री मोक्षद्धारी बालशिद्ध योगाश्रममा शक्तधन धन धान्यान्चल लक्ष्य हवन महायज्ञ सम्पन्न गरिएको थियो । त्यतिबेला चार सय मुरी धान संकलन भएको र त्यही महायज्ञमा झण्डै तिस मुरी धान उत्पादन हुने खेतको ब्यवस्थापन समेत गरिएको थियो । डहरे देउराली  सिर अर्थात सबै भन्दा अग्लो ठाउँबाट उस्तै प्रकारको त्यो भन्दा केही होचो पहाडसम्म तोरन तान्ने गरिन्छ । त्यो समयमा पर्वत, स्याङजा, कास्की, बाग्लुङ साथै देशका विभिन्न भागबाट ठुलो सङ्ख्यमा दर्शन तथा अवलोकनका लागि जाने गर्दछन् । हिन्दुहरुको महान् पर्व विजया दशमीमा नवरात्रीको समयमा बली दिने र परेवा उडाउने प्रचलन रहि आएको छ । त्यहाँ गएर भाक्कल गरेमा, पुजा गरेर, बर मागेमा सबै मनोकाङ्छा पुरा हुने विस्वास रहेको छ,( अन्तर्वाताःकृष्ण रिमार्ल वर्ष ५०) ।  जुन सुकै समस्या हुँदापनि डहरे देउराली सम्झे पछि पुरा हुने जनविस्वास रहेको छ । विभिन्न यातायातको साधनहरुमा, सघं संस्थाहरु, विद्यालय जस्ता संस्थाहरुमा समेत डहरे देउराली देविको नामबाट राखिएको पाईन्छ । त्यसबाट पनि डहरे देउराली प्रतिको सद्भाव र विस्वास प्रष्ट नै अनुमान गर्न सकिन्छ, ( अन्तर्वार्ताः ईश्वरी चापागाई, बर्ष ५३) ।

## २.३.२ धार्मिक मठ मन्दिर तथा स्मारकहरु

धर्म एक आत्मिक, आन्तरिक र आध्यात्मिक सम्पत्ती हो । धर्मले मानव जातीलाई सदमार्गको निर्देशन गर्दछ । ईश्वरको अस्तित्व पनि सार्वभौम नै छ । ईश्वर सर्वब्यापक रहने कुरा सबै धर्मले स्वीकारेका छन् तापनि निश्चित प्रक्रिया अपनाई निश्चित ठाउमा पुजा आरधाना, ध्यान, प्रार्थाना गर्नाले मानव मनले भगवानको सामिप्यता हाँसिल गरेको अनुभव गर्ने परम्परा रहेको छ । धर्मको अनुशरण र अभ्यास गर्ने क्रममा मन्दिर हरु, मुर्तिहरु, गुम्बा, बौद्ध स्तुपहरु, धर्मशाला, चर्च, मस्जिद प्रति मानिसहरुको आस्था एबम विस्वास रहदै आएको छ । डहरे देउरालीमा पनि धेरै मठ मन्दिरहरु, मुर्तिहरु, धर्मशाला, होमकुण्ड तथा अन्य स्मारकहरु रहेका छन् जुन यस प्रकार छन् ।

### दुर्गा भगवती मन्दिर

डहरे देउरालीको चुचुरो भन्दा तल रहेको यस मन्दिर  आश्रम र पञ्चाग्नि विचमा रहेको छ । दायाँ दर्फ पञ्चाग्नि अग्नि कुण्ड रहेको छ  भने बाँया तर्फ तपश्वीहरु बस्ने धर्मशाला रहेको छ । मन्दिर प्यागोडा शैलिमा निर्माण गरिएको छ । शिरमा गजुर रहेकोछ । मन्दिरको चारै

सुरमा समेत गजुर रहेको छ । दुई तले मन्दिर माथिल्लो तला तल्लो तला भन्दा सानो साँगुरो हुदै गएको छ । मन्दिरको अगाडी बसाहको मुर्ति रहेको छ । जहाँ दुघ चढाउने गर्दछन् । बसाहको दाँया बाँया मौला गाडिएका छन् । जहाँ धुब काँटी बाल्दछन् । मन्दिरको पेटि वरिपरि दिया बाल्नका लागि पालाहरु राखिएका छन् । जहाँ भक्तजनहरुले बक्ति बाल्ने गर्दछन् । मन्दिर भित्र दुर्गा भवानीको सिमेन्टले बनाईएको मुर्ति राखिएको छ । त्यस मुर्तिमा नियमित पुजा आजा र सरसफाई गरिन्छ ।

**देउराली देवि मन्दिर (शिर)**

डहरे देउरालीको सिर अर्थात जूरो भनेर चिनिने चुचुरोमा देउराली देविको मन्दिर छ । देउराली देवीको मन्दिरमा प्रत्यक्ष देवीले दर्शन दिनुभएको साथै तिनओटा स्वरुपमा देवी प्रकट हुनुभएको पुजारी गीरी बताउनुहुन्छ । नवदुर्गाको समय विशेष गरी देवी भागवत पाठ गर्ने,चण्डी पाठ, मालश्री पाठ गरी देवीको दैनिक बिहान वेलुका पुजा आरधाना गरीन्छ । भक्तजनहरुले आ-आफ्नो तवरबाट समेत देउराली देवीको पुजा आरधाना गर्दछन । देउराली देवीलाई माहाकाली,महालक्ष्मि जस्ता नामले पुकारी पुजाआजा गरीन्छ । अग्लो स्थानमा मन्दिर भएकोले प्राय सबै समयमा बेग सहितको हावा चल्ने गर्दछ । विगतमा प्राकृतिक शिला राखेर पुजा आजा गर्दै आएको भएपनि हाल आएर मन्दिर निर्माण गरिएको छ ।  मुख्य शिलाको शिरमा छानो राखिएको तर जति छानो राखे पनि हावाले उडाउने मिल्कने हुरी वतासले नोक्सान पार्ने हुँदा बाहिरी घेरामा मात्र जस्ताले छानो छाएको छ । उक्त मन्दिर निर्माण स्याङ्जा पञ्चमुल ५ भकुम्ले निवासी गोवर्धन पौडेलले गरिदिनुभएको हो (स्थलगत अवलोकन)। प्राय सेतो र पहैंला ध्वजा देउराली लाई चढाउने मान्यता रहि आएको छ । मन्दिर भित्र भगवतीको मूर्ति रखिएको छ । त्यस मन्दिरमा नित्य पाठ पुजा, हवन, धुप हुने गर्दछ । मन्दिरको वरिपरी तोरनले घेरिएको छ । मन्दिरको मुखैमा मौलो गाडिएको छ । घन्टीहरु प्रशस्त चढाईएको छ । मन्दिर भन्दा बाहिर फलामे बारले बारिएको छ । त्यस मन्दिरमा दुध चढाउनाले गोठमा सँधै रक्षा हुने विस्वास गरिन्छ । दशैँको अवसरमा परेवा उडाउने तथा वलि दिन गरिन्छ । बाला चतुर्दशीको दिनमा त्यस चुचुरो बाट अर्को त्यस्तै तर अल्ली होचो सामुन्ने चुचुरो सम्म तोरन तान्ने गरिन्छ । जुन बेला  भजन कृतन , बाजा गाजा सहित श्रदालु भक्तजनहरुको विशेष घुइँचो लाग्ने गर्दछ । बृद्ध, असक्तहरु त्यस ठाउँमा जान अलि कठिन हुन्छ । सुरक्षाको दृष्टिकोणले पनि सम्बेदनशील स्थलको रुपमा रहेको छ ।

## पञ्चाग्नि

दुर्गा मन्दिरको दाँया तर्फ पञ्चाग्नि रहेको छ । पुर्व सांसद स्वर्गिय रुद्रमान गुरुङ्ले शिवालय सद्मुख्यश्वर महादेबको मन्दिर निर्माण गरिदिएका थिए । ३७ बर्ष सम्म कर्कलाको पात र स्याखु ओढेर तपस्या गरेका खडानण्द अधिकारी कै समाधिस्थलमा यो मन्दिर निर्माण गरिएको छ । उक्त पञ्चाग्निको भित्तामा एक शिलालेख राखिएको छ । उक्त शिलालेखमा वि.सं. २०४३ साल मंसिर १२ देखी १९ गते सम्म शिरुबारी स्याङजा निवासी भुपु सासंद क्या. रुद्धमान गुरुङज्यूको नेतृत्वमा श्री मोक्षद्धारी बाल सिद्ध योगाश्रममा सप्त धन धान्नयान्चल लक्ष्य हवन महायज्ञ सु-सम्पन्न भएको कुरा शिलालेखमा उल्लेख छ । उक्त शिलालेख परिशिष्टमा राखिएको छ ।

## गुफा

डहरे देउरालीमा ढुङ्गाको झण्डै तीन सय मिटर भन्दा बढि देखिने चुचुरो जसलाई मठ पनि भन्ने गरिन्छ । चुचुरोको केहि तल, आश्रमहरु भन्दा केहि माथि बिचमा एउटा गुफा रहेको छ, (स्थलगत अवलोकन)। त्यहि गुफामा बसेर डहरा ऋषि, खडानन्द, बालकुमारीहरुले बर्षौं सम्म तपस्या गरेका थिए (अन्तर्वार्ता: पशुपतीनन्द गिरी, बर्ष ६०) ।

डहरा ऋषिले कर्कलाको पात बाट पानी सकलन गरि माटोको घैँटोमा जम्मा गर्ने गर्दथे भन्ने किम्बदन्ती पनि रहेको छ । जुन घैँटो अहिले पनि हामी त्यही ठाउमा देख्न सकिन्छ, ( स्थलगत अवलोकन) । त्यस गुफा भित्र बाहिर दुई वटा कोठा रहेका छन् भित्रीकोठा भन्दा अगाडि करिब पाँच छ ओटा सिढीहरु रहेका छन् । जति भित्र गयो त्यती नै अँध्यारो रहेको छ । गुफा भित्र छिर्ने क्रमश: पहिलो र दोस्रो ढोका रहेका छन् जुन ढुङगा र माटोले बनेको छ । गुफालाई बाहिर बाट पर्खाल लगाई संरक्षणको प्रयास गरिएको छ । त्यस स्थानमा पनि धुप, अक्षता, फलफुल राखी पुजा गरिन्छ । उक्त तस्विरलाई परिशिष्ट ४ मा राखीएको छ ।

## धर्मशाला/आश्रम

डहरे देउराली ऐतिहासिक तथा पर्यटकिय स्थल मात्र नभई प्रमुख तिर्थ स्थल पनि रहेको हुनाले बर्षेनि हजारौं तिर्थालु भक्तजनहरु डहरे देउराली आउँछन् । बिशेष गरेर बाला चतुर्दशीको दिन सद्विज छर्न र देउरालीको दर्शन गर्न मानिसहरु विभिन्न जिल्लाहरुबाट आउने गर्दछन् । त्यहाँ वृद्ध वृद्धाहरु समेत एक दुई दिन अगाडि देखि आउने गर्दछन् । बास बस्नको लागि धर्मशालाहरु रहेका छन् । त्यहाँ नियमित पुजा आजा गर्ने गुरु तथा अन्य तिर्थालु भक्तजनहरुको

लागि धर्मशालाको व्यवस्था गरिएको छ । मुख्य मन्दिर सँगै ढुङ्गाको छानो भएको दुई तले अलग अलग कोठा भएको आकर्षण छपनी छापेको आगन सहितको धर्मशाला रहेको छ । जहाँ तपश्वी तथा उनका सहयोगीहरु बस्ने गर्दछन् । त्यहाँ जाने भक्तजनहरुलाई प्रसादको व्यवस्था गर्दछन् । त्यसै आश्रमको सामुन्य अगाडि पनि अर्को आश्रम रहेको छ । ढुङ्गाको छानो भएको, पाली सहितको त्यस भवनमा दैनिक आवश्यक पर्ने दाउराहरु र अन्य सरसमानहरु राखिएको छ । विभिन्न जात्रा, उत्सवमा नयाँ नयाँ ठाउँहरुबाट आउने बृद्ध बृद्धा लाई बस्नको लागि त्यस आश्रमको प्रयोग गरिन्छ । त्यस आश्रम हाल भने जिर्ण अवस्थामा रहेको छ ।

डहरे देउराली आश्रममा प्रवेशद्धार रहेको छ । प्रवेशद्धारको छेउमा दुईवटा समाधिस्थल मठहरु रहेको छ जहाँ लामो समय तपस्या गरेका तपश्वीहरुको समाधिस्थल सिमेन्टले पक्कि बनाई रङ्ग रोगन गरिएको छ । आश्रमको पछाडि खानेपानि टंकी रहेको छ । उक्त टंकीलाई रातो रंग पोतिएको छ । उक्त तस्विरहरु परिशिष्ट ४ मा राखिएको छ ।

## गुठी व्यवस्था र पुजा विधि

डहरेदेउराली देवीको संरक्षण र परम्परालाई कायम राख्न देवीको नाउमा गुठी व्यवस्था गरिएको पाईन्छ । जसमा देवीको नित्य पुजा आजा गर्न श्री खण्ड, चन्दन, सिंन्दुर, धुप, कपुर, धागो, अछेता,गाईको दुध र प्रति वर्ष जेष्ठ पुर्णीमाका दिन वलि पुजा गर्न र चन्डी पाठ गर्न प्रति वर्ष मार्ग महिनामा अर्थात देवाली पुर्णीमाको दिन वलि पुजा गर्न,(बामिरा) बाहेक अरु ८ महिनाको पञ्चमी १६, दसीम १६, माथि उल्लेखीत दुई पुर्णीमा बाहेक पुर्णीमा ६ समेत पञ्चमी दशमी पुर्णीमा जम्मा तिथि ३८, र पुजाआजाको लागी आवश्यक पर्ने समानहरु समेत उक्त सनदमा पाईन्छ । वि.सं. १९९६ साल कार्त्तिकमा पण्डित टिकाराम पाध्यायको नाउमा पुरानै सनद कायम गरी देवीको नित्य पुजाआजा र परम्परा अनुसार गरिदै आएको वलि पुजा, चण्डी पाठ जुन माथि उल्लेख गरि सकिएको छ (क्षत्री,कार्की २०५४:४४ ) ।

यसबाट के स्पष्ट हुन्छ भने पण्डित टिकाराम पाध्याय वा उहाँका सन्तानहरुले देवीको नाउमा राखिएको गुठी जग्गाको आम्दानी उपभोग गर्दै आएका तर देवी प्रतिको कर्तव्य पालना भने नगरेको स्पस्ट देखीन्छ ।

यस मोक्षद्धारी बालसिद्ध योगाश्रममा अवस्थित,शिव तथा अन्य मन्दिरहरुमा गायत्री होमन नवाहरण मन्त्र पढि नित्य पुजाआजा गरिन्छ । बिहान होमन गरिन्छ भने बेलुका आरति मात्र गरिन्छ । विशेष गरी पर्वहरु जस्तो बाला चर्तुदशी,नवदुर्गा(आश्विन,वडा दशैं),शिवरात्री,

चैतेदशैँ, गुरुको समाधि (देहान्त) स्मृति दिवशमा विशेष पुजा आाजा र आरधाना गरिन्छ । प्रत्येक वर्ष बाला चर्तुदशीको दिन त्यहाँ सदविज छर्ने प्रचलन छ । वडा दशैँको नवदुर्गामा देवी भागवत नौ दिन सम्म पढिने र शिव रात्रीमा पनि प्रत्येक वर्ष शिवजीको आरधाना र शिवधुनि शिवपुराण लगाई वडो उल्लासका साथ मनाईने प्रचलन छ । चैते दशैँमा पनि नौ दिन सम्म देवी भागवत पाठ गरिन्छ । गुरु खडानन्द अधिकारीको स्मृति स्वरुप प्रतिवर्ष मंसिरको देवाली पुर्णीमाको दिन रुद्धी पाठ आदि गरी साधु सन्तहरुलाई भोजन गराईने चलन रहेको पाइन्छ ।

खास देउरालीको (जुरो) मुख्य मठमा बलि दिने प्रचलन रहँदै आएकोमा २०४३ साल मंसिर १२ देखी १८ सम्म योगी नरहरीनाथ तथा आश्रम समेतको सक्रियतामा सात दिने धान्याञ्चल लक्ष्य होमन गरी बलि प्रथा अन्य गरिएको थियो । दुई तिन वर्ष सम्म त मानिसहरु आई बलि नदिने गरेका थिए । तर पछि उक्त प्रथा रोक्न नसकिएको यथार्थ आश्रमका पुजारी पशुपति नन्द गिरी बताउनुहुन्छ ।

## २.३.३ तपस्वीहरु र तपस्या

हाम्रो देश सुन्दर प्राकृतिक वरदान मात्र नभई चार जात छत्तिस वर्णका सम्पुर्ण नेपालीले सिँगारेको मुटुको ढुक्ढुकी पनि हो । त्यसै कारणले बेला बखत ठाउँ ठाउँमा ऋषि एबम तपश्वीहरुको आगमन हुने क्रम सँगै कुनै समय त्यस ठाउँमा डहरा ऋषिले तपस्या गरेको किम्बदन्ती पाईन्छ । तर कति समय तपस्या गरे भन्ने बारेमा हाल सम्म कुनै लिखित प्रमाण फेला पार्न सकिएको छैन । उनै डहरा ऋषिले तपस्या गरेको हुनाले त्यस ठाउँको नाम डहरा हुँदै पछि गएर डहरे भएको सजिलै अनुमान गर्न सकिन्छ । त्यस पछि त्यस ठाउँमा खडानन्द अधिकारीले ३७ बर्ष तपस्या गरेको पाईन्छ । कर्कलाको पात र स्याखु ओडेर तपस्या गरेको बताईन्छ । वि.स. २०२४ साल मंसिरको देवाली पुर्णिमाको दिन उनको निधन भयो । उनको त्यही स्थानमा समाधी पनि गरियो । त्यही सालको पुष पहिलो साता देखि बालाकुमारी पाण्डे आएर तपस्या बसिन् । ४५ बर्ष सम्म उनले त्यहाँ विताईन् । उनको साथमा एक जना भगवती सापकोटा नाम गरेकी भान्से समेत थिइन् । बालाकुमारी पछि पर्वत महाशिला गाउँपलिका वडा नं. ३ घर भएका पशुपती नन्द गिरी विगत ४६ बर्ष देखि त्यस ठाउँमा पुजा आजा गरेका छन् । तपस्वीहरुलाई सहयोग गर्ने अन्य भक्तहरु पनि आश्रममा रहेका छन् । डहरे देउरालीमा दर्शन गर्न जाने जो कोहि दर्शनार्थिहरुलाई केहि न केहि प्रसाद ख्वाउनु पर्छ भन्ने विश्वासका साथ प्रसाद दिने गरिन्छ । आश्रममा तपस्वीहरुले खानाको लागी भक्तजनहरुले चडाएको भेटि,नैवेद नै प्रमुख स्रोत हो । उनिहरुले लगेको दुध,चामल,अक्षेता, फलफुल र अन्य अन्नले नै उनिहरुको

जिविका चलेको छ । नियमित पुजा आजा सञ्चालन गर्न मोक्षद्धारी योगासिद्ध आश्रम समितिले आर्थिक जोहो गर्दछ । हाल नियमित पुजाको लागी समितिको अनुरोधमा स्थानिय सरकारले आवश्यक बजेटको प्रबन्ध गरी  सहयोग गरेको छ । श्रद्धालु भक्तजनहरुले घाँस दाउरा गर्न जाँदा समेत केहि खाद्यान्न लिएर जाने गरेको त्यहाँ नियमिति बस्दै आउनुभएका पुजारी पशुपतिनन्द गिरी बताउनुहुन्छ । यसरी सवैको माया र सामिप्यताले गर्दा नै डहरे देउराली आश्रम चलेको छ । (अन्तर्वार्ता: पशुपतीनन्द गिरी, बर्ष ६०) ।

## २.३.४ मेला एबं पर्वहरु

प्रत्येक बर्ष बाला चतुर्दशीका दिन डहरे देउरालीमा  ठुलो मेला लाग्दछ । त्यस अवसरमा सद्विज छर्न तथा देउराली देविको दर्शन गरी पून्य आर्जन गर्नका लागि स्वदेशी जिल्ला तथा विदेशीहरु समेत हजारौं भक्तजनहरु भजन कृतन र बाजा गाजा सहित तोरन लिएर आउँछन् । मनोरम् दृश्य अवलोकन गरि आनन्द लिनका लागि पनि त्यहाँ जाने गर्दछन् । त्यसै गरि बाला चतुर्दशीका दिन बाजा गाजा एबम भजन कृतनका साथ तोरन तार्नका लागि भक्तजनहरुको घुइँचो लाग्दछ । स्वोश्थानी ब्रतको अवसरमा समेत तिर्थालु भक्तजनहरुको घुइँचो लाग्दछ । मेला व्यवस्थापनको लागी सम्पुर्ण तयारी समितिले गर्दछ । भिडभाड,चोरी र केहि दुर्घटना नहोस भन्नाका लागी नेपाल प्रहरीले सुरक्षा दिएको छ ।

पौराणिक मान्यता अनुसार निसन्तान दम्पतीले त्यस मन्दिरको दर्शन गरेर बर मागेमा सन्तान प्राप्त हुने साथै मनकाक्षां पुर्ण हुने विश्वास गरिन्छ । त्यस स्थानमा मानिसहरु विवाह, ब्रतवन्ध जस्ता विशेष शुभकार्य बेला बखत गर्दछन् । बाला चतुर्दशी, चैतेदँशै, महाशिवरात्री, गुरुपुर्णिमा, वडादशैँ जस्ता विशेष पर्वहरुमा त्यहाँ धुमधामका साथ पुजा आजा गरिन्छ । सुन्दर प्राकृतिक वातावरण भएकोले पनि जुनसुकै समयमा त्यस स्थलमा पुजा आजा गर्न जाने प्रचलन छ । त्यहाँ नजिकैका खर्कहरुमा बनभोज, पार्टी, सभासमारोह समेत हुने गर्दछ ।

बहुधार्मिक, बहुभाषिक, बहुजातिय तथा बहुसाँस्कृतिक नेपाली समाज युगौं देखि विविधताले भरिएको छ । डहरे देउराली क्षेत्रमा बसोबास गर्ने नेपालीहरु पनि विभिन्न जातजातिका आ-आफ्नै परम्परागत सांस्कृतिक चालचलन र रितिरिवाजका साथ बाँचिरहेका छन् । ब्राह्मण, क्षत्री, गुरुङ्ग, मगर, ठकुरी, नेवार, कामी, दमाई, सार्की आदी जातीहरुको बसोबास रहेको त्यस क्षेत्रमा गुरुङ्ग जातीको बसोबास डहरे देउराली निकटवर्ती गाउँहरुमा बढि रहेको छ ।

त्यहाँका मठ मन्दिर, देवल, पाटीपौवा, आश्रम, चौतारा, गुफा र शिलाहरुले ज्यादै ठुलो सांस्कृतिक महत्व बोकेको छ । बडादशैं तथा चैत्राष्टमी पर्वका अवसरमा देउराली देविको पुजा गर्नुका साथै प्रत्येक घर घरमा दशैंको टिका र जमरा लगाएर ठुलाले सानालाई आशिर्वाद दिने चलन छ । तिहारमा दाजुभाई तथा दिदिबहिनीहरु बिच टिका माला लगाई आपसी सम्बन्ध घनिस्ट बनाउने, दक्षिणा भेटि दिने र मिठामिठा परिकारहरु खाने चलन छ । तिहारको अवसरमा तिन दिन सम्म रमाईलो गरि देउसी भैलो खेल्ने चलन छ । देउसी भैलोमा बालक देखि वृद्ध सम्म महिला र पुरुष दुबै समावेश हुने गर्दछन् ।

गुरुङ् जातीमा ल्होसार पर्व नव बर्षका रुपमा मनाइने हुनाले धुमधामका साथ विभिन्न खेलकुद एबम सांस्कृतिक कार्यक्रमहरु तथा प्रतियोगिताहरुका आयोजना गरि मनाईन्छ । त्यसै गरि तिजका अवसरमा विभिन्न खेलकुद एवं लोक संस्कृति प्रतियोगिता हुनुका साथै ब्राह्मण, क्षेत्री समाजबाट नाचगान, उपवास, ऋषि पञ्चमी पुजा, हरितालिका ब्रत लगाएतका कार्यक्रमहरु हुन्छ । बौद्ध लामाहरुबाट झण्डाहरु फहराउनुका साथै विभिन्न धार्मिक गतिविधीहरु भईरहन्छन् । गुरुङ्हरुबाट प्रत्येक बर्षको चैत्र महिना र श्रावण महिनाको अन्तिम मंगलबाट गाउँबस्तीहरुबाट भुतप्रेत अर्थात खराब दुश्कर्महरुलाई लखेट्ने जनविस्वासका साथ ट्होटे पर्व मनाउने प्रचलन छ । सो अवसरमा युवाहरुको सक्रिय समुह मिली भकिम्लोको काठका हतियारका साथ जङ्गली झारपातको सजावटबाट झाँकीहरु समेत निर्माण गरि अनौठो पाराले झ्याली बजाउँदै प्रत्येक घर घरमा गएर सम्पन्न गरिने यस पर्व पछिल्ला दिनहरुमा अलि शिथिलता आएको देखिन्छ । यसरी नै गुरुङ् समुदायमा मृत आत्मालाई स्वर्गमा तार्ने पितृकार्यका रुपमा उनीहरुको नाममा गरिने अर्घौं कार्य तिन दिन सम्म असाध्यै धुमधामका साथ घ्याप्री, पच्युँ तथा लामाद्धारा धार्मिक क्रियाकलाप सहितको नाचगान गर्दै सम्पन्न गरिन्छ । त्यो अवसरमा गरिने क्रियाकलाप असाध्यै अनौठा र भिन्न प्रकृतिका सँस्कार भएकोले महत्वपुर्ण छन् । त्यसैगरि सबै जात जातीका जन्मदेखि मृत्यु परान्त अपनाईने धार्मिक र सांस्कृतिक क्रियाकलापहरु नेपाली सांस्कृतिक अनुपम नमुनाका रुपमा डहरे देउराली क्षेत्र वरपरका वस्तीहरुमा विद्यमान रहेकोले त्यसको महत्व त्यस डहरे देउरालीमा मात्र नभई राष्ट्रिय र अन्तराष्ट्रिय जगतमा पनि महत्वपुर्ण छ । जसरी सांस्कृतिक विविधता छ, त्यसैगरि जाती अनुसार पोसाक, खानपान, रहनसहन, बोलीचाली लगाएत स्वागत सत्कारका कार्यक्रमहरु पनि भिन्न भिन्न रहेका छन् ।

स्थानिय युवा क्लवहरु, आमा समुह, सामाजिक संघ संस्थाहरु जस्तै सिरुवारीमा अवस्थित नव युवा क्लव, बौद्ध आमा समुह, पर्यटन समिति सिरुवारी, सामुदायिक होमस्टे भकिम्ले, डहरे देउराली सामुदायिक होमस्टे थुम र वरपरका आमा समुहहरु एवं विशिष्ट धार्मिक, सामाजिक, राजनितिज्ञ ब्यक्ति विशेषको सक्रियतामा समेत सांस्कृतिक कार्यक्रमहरु जस्तै नाचगान, खेलकुद, प्रतियोगिता आयोजना गर्ने र परम्परागत विशेषताहरु झल्काउँदै सम्पन्न गर्ने गर्दछन् । समग्रमा डहरे देउराली क्षेत्र जात्रा एवं पर्वहरु मनाउनमा निकै तल्लिन र सांस्कृतिक संरक्षण जगेर्ना गर्नमा योगदान दिन सक्ने क्षेत्रका रुपमा रहेको प्रस्टरुपमा देख्न सकिन्छ ।

# परिच्छेद : तीन

# डहरे देउरालीको पर्यटकिय अवस्था

कुनै व्यक्ति जो एक ठाउँबाट अर्को ठाउँमा घुम्न जान्छ भने उसलाई पर्यटक भनिन्छ । नेपालमा पर्यटनको इतिहास त्यति पुरानो नभएता पनि बिभिन्न काल खण्डमा नेपालमा विदेशीहरुको आगमन भएको पाईन्छ । यस्तै बुद्ध धर्मको ज्ञान प्रचारका रुपमा भारतका मैर्य सम्राट अशोक (Emperor Ashok) नेपाल र भारतका विभिन्न स्थान पुगी ईशा पुर्व २४९ तिर उनी नेपालको लुम्विनी जहाँ गौतम बुद्ध जन्मेका थिए सो स्थानमा आईपुगे (पुरि, २०७०:३५)। पर्यटकहरु आन्तरिक र बाह्य दुई किसिमका हुन्छन् । जुन ठाउँमा यस्ता ब्यक्तिहरु बढि मात्रामा घुम्न आउँछन् यस्तो ठाउँलाई पर्यटकिय क्षेत्र भनिन्छ । संसारका विभिन्न मानिसहरु आ-आफ्नो रुचि, क्षमता सहजकर्ताका आधारमा विभिन्न ठाउँहरुको भ्रमण गर्ने गर्दछन् । नेपालमा पर्यटन बिकास फस्टाउँदै छ र यसको भविष्य सुनौलो छ । आकर्षण, अद्दितीय प्राकृतिक जैविक विविधता र मौलिक कला सँस्कृति पर्यटकका प्रमुख आकर्षण हुन् । हाल सम्म पर्यटन क्षेत्रको प्रचुर सम्भावना रहे पनि सिमित केही शहर र ठाउँहरुमा मात्र पर्यटनको विकास अगाडी बढिरहेको छ । तसर्थ ग्रामिण पर्यटनको विकास गर्न सके पर्यटनको क्षेत्रमा प्रगति हुने देखिन्छ । पर्यटन क्षेत्रको विकासका लागि ग्रामिण पर्यटनको पुर्वाधार विकास, होमस्टे संचालन जस्ता कुराहरु सगसँगै ल्याउनुपर्ने देखिन्छ । धार्मिक आस्थाका आधारमा विभिन्न तिर्थस्थलहरुको भ्रमण गर्ने एक थरि मानिसहरु हुन्छन् यस्ता ब्यक्तिहरुलाई धार्मिक पर्यटक भनिन्छ । यसै गरी कुनै पनि ठाउँको प्राकृतिक सुन्दरता, भौगोलिक अवस्थिती र त्यहाँ पाईने सम्पुर्ण प्रकृति-प्रदत्त बिषय बस्तुहरुको अध्ययन र अवलोकन गर्न चाहने ब्यक्तिहरु हुन्छन् यस्ता ब्यक्तिहरुलाई पर्यावरणिय पर्यटक भनिन्छ ।

## ३.१ नेपालमा पर्यटनको अवस्था

मानव सभ्यताको उत्पती सँगै पर्यटनको पनि उत्पत्ती भएको हो तर समयको विकासक्रम सँगै यस व्यवसायले १९ औं सताब्दीमा मात्र मान्यता पायो २१ औं सताब्दीका लागि पर्यटन अपरिहार्य उद्योगका रुपमा अगाडि बढिरहेको छ । धुँवा रहित उद्योगका रुपमा परिचित पर्यटन व्यवसाय नै अबको विश्व आर्थिक उन्नती, सामाजिक प्रगती, सांस्कृतिक पहिचान र प्राकृतिक महत्वका लागि आधारशिलता बन्दै छ ।

पर्यटन के हो भन्ने सम्बन्धमा सर्बप्रथम परिभाषा दिने काम सन् १९१० मा आष्ट्रेयन अर्थशास्त्री हरम्यान्न वनसुलाड (Hermann Von schullard) ले गरे । उनले दिएको परिभाषा यस्तो छ "The sum of total operation, mainly of an economic nature, which directly relate to the entry, stay and movement of foreigner inside and outside a certain country, city or region" अर्थात पर्यटन कुनै पनि निश्चित राष्ट्र, सहर वा क्षेत्र भित्र र बाहिर विदेशीहरुको घुमफिर, आवतजावत र प्रवेश सँग प्रत्यक्ष सरोकार राख्ने आर्थिक प्रकृतिका सम्पुर्ण क्रियाकलापहरु हुन् (पुरी २०७०:५)।

पर्यटकिय गतिविधी संसारका जुनसुकै कुनामा पनि नयाँ ढङ्गले प्रस्तुत भैरहेको छ । तर पनि विश्वमा बढि घुम्ने वा विश्व पर्यटनको कुरा गर्दा बढि पर्यटन उत्पादन गर्ने, बढि खर्च गर्ने पर्यटकहरु विकशित देशहरुका नै छन् । त्यसमा अमेरिका, बेलायत, फ्रान्स, जापान र सिङ्गापुरका पर्यटकहरु पर्दछन् (सन् २०१० को विश्व पर्यटन WTO को तथ्याङ्क अनुसार)।

विश्व पर्यटनमा विशेष हिस्सा ओगट्ने राष्ट्रहरुमा उपलब्ध बार्षिक बिदाले पनि पर्यटकिय गतिविधीमा प्रभाव पनि थालेको छ । जहाँ बढि विदा उपलब्ध छ ति देशका नागरिकहरु विश्व पर्यटनमा बढि दिन विताउने पर्यटकहरु बनेका छन् । अहिलेको समयमा धार्मिक हिसाबले, खेलकुद, स्वास्थ्य, मनोरञ्जन लगायत अनेकौं उद्देश्यले मानिसहरु घुम्ने गर्दछन् ।

नेपालमा भारत र चिन साथै तिब्बतबाट अनेकन व्यक्तिहरु आउने गर्थे भने नेपालबाट ति मुलुकमा जाने यात्रीहरु पनि त्यतिकै थिए । त्यसै क्रममा चिनिया यात्री फाइयान इस ४०३ र ह्वेनसाङ् इस ६६३ मा नेपालको तराई भ्रमणमा आएका थिए, (खतिवडा, २०७३:११५) ।

नेपाल एकिकरण पश्चात् नेपाल आउने युरोपियन ईसाई धर्म प्रचारकको क्रम विस्तारै कम भयो त्यसै विच चिन तिब्बत युद्धमा अङ्ग्रेज सँग सहयोग लिन सकिने प्रकारका एउटा सन्धी नेपाल र ब्रिटिश ईन्डिया विच गरिएको थियो । त्यसै क्रममा ब्रिटिश ईन्डियाका कर्कपेट्रिक कुटनीतिक शिलशिलामा नेपाल आएका थिए उनले 'An Account of kingdom of Nepal' शिर्षकको नेपालको इतिहास सम्बन्धी एउटा पुस्तक लेखे । त्यसै गरि १८०१ मा क्याप्टन नक्स सहित ५० जनाको एउटा युरोपियन टोलि काठमाण्डौ उपत्यकाको भ्रमण आएको थियो त्यस टोलीको एक जना सदस्य ह्यामिल्टन पनि थिए । छोटो नेपाल बसाईमा 'An Account of the kingdom of Nepal' शिर्षकको ग्रन्थ लेखेका थिए (खतिवडा, २०७३: १३१) ।

सन् १९४९ मा नेपालले पहिलो पटक विदेशीहरुको लागि विषेश गरि पर्वतारोहिहरुको लागि आफ्नो ढोका खुल्ला गर्‍यो त्यसै क्रममा सन् १९५३ मा न्युजिलान्डका सर एडमन हिलारी र नेपाली तेन्जिङ् नोर्गे शोर्पाले सफल आरोहण गरे । नेपालमा प्रजातन्त्रको स्थापना पछि विभिन्न देशहरु सँगको कुटनीतिक सम्बन्ध बृद्धि भयो । विमानस्थल तथा हवाई सेवाको विस्तार भयो । त्यसै गरि सन् १९५७ मा नेपाल पर्यटन बोर्डको स्थापना गरियो । दक्षिण एसियाली राष्ट्रहरु विषेशगरि सार्कमा उडान सुरक्षा अभिबृद्धिका लागि पारस्पारिक सहयोग जुटाउने उद्देश्यले वि.स. २०५३ को असोजमा त्यस क्षेत्रका हवाई महानिर्देशकको बैठक काठमाण्डौमा भएको थियो । बैठकले पाँच बर्षिय अवधीको प्रोजेक्ट संचालन गर्ने र त्यसको कार्यालय काठमाण्डौमा स्थापना गर्ने निर्णय समेत गरेको थियो । सन् २०११ को पर्यटन बर्ष मनाउने क्रममा नेपालका विभिन्न स्थानमा हवाई सेवा सम्बन्धी पुर्वाधारहरु गरिने क्रम पनि बढेको थियो । नेपालको पर्यटन .मन्त्रालयले हाल विरगञ्ज, भैरहवा, जनकपुर, काकडभित्ता, नेपालगञ्ज, र पोखरामा छ वटा क्षेत्रिय कार्यालयहरु स्थापना गरेको छ । त्यस्तै गरी काठमाण्डौ उपत्यकामा पर्यटक प्रहरीको व्यवस्था गर्नुका साथै त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल र बसन्तपुरमा पर्यटन प्रहरी स्थापना गरेको देखिन्छ । त्यसैक्रममा पर्यटन मन्त्रालयका छ वटा क्षेत्रीय कार्यालयहरुले पर्यटन सुचना प्रवाह गरेका छन् । निजी क्षेत्रमा विराटनगरमा समेत सन् २००९ सालमा पर्यटन सुचना केन्द्र स्थापना गरिएको छ, (खतिवडा, २०७३:१४४) ।

सन् २०२० सम्ममा बार्षिक २० लाख पर्यटक भित्र्याउने दिर्घकालिन लक्ष्यका साथ नेपाललाई सुरक्षित, आकर्षण र अद्धितिय गन्तब्यस्थलका रुपमा विकास र प्रवद्धन गर्न सन् २०१३ देखि २० सम्म पर्यटन अभियान बर्ष को घोषण गरिएको छ । सन् २०२० लाई भिजन २०२० मनाउने भनेको थियो । सन् २०१८ र १९ लाई पर्यटन प्रवद्धन अभियान बर्षका रुपमा मनाउने योजना गरेको थियो, (उपाध्याय, २०७४:२२२) ।

## ३.२ स्याङ्जा जिल्लाको पर्यटकिय अवस्था

गण्डकी प्रदेशको केन्द्र सँग सिमाना जोडिएको पर्यटकिय तथा धार्मिक दृष्टिकोणबाट प्रचुर सम्भावना बोकेको एक जिल्ला स्याङ्जा हो । पोखराबाट सवारीसाधनमा करिब एक घण्टा घुम्ति बाटो ३५ किलोमिटरको यात्रा पश्चात रमणिय र पर्यटकिय जिल्ला स्याङ्जा पुग्न सकिन्छ ।

स्याङ्जा जिल्लामा रहेका विविध पर्यटकिय स्थान र धार्मिक स्थलहरुले स्याङ्जा पुग्ने जो कोहि आन्तरिक तथा बाह्य पर्यटकहरुको मन लोभ्याउँछ । सांस्कृतिक, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सार्वजनिक गरेको नेपालका एक सय पर्यटकिय गन्तब्यमा स्याङ्जाका चार गन्तब्यलाई पर्यटकिय सुचीमा सुचिकृत गरिएको छ ।

त्यस मध्ये दुई पर्यटकिय गन्तब्यलाई नयाँ गन्तब्यका रुपमा समावेश गरिएको छ भने दुईलाई प्रवर्धनात्मक गन्तब्य सिरुवारी र स्वरेक मैदानलाई प्रर्वधनात्मक तर्फ समावेश गरिएको छ ।

जिल्ला सम्वन्य समिति प्रथम जिल्ला सभाको नीति तथा कार्यक्रम २०७५।०७६ मा पर्यटन विकासका लागि निम्न कार्यक्रमहरु तय गरिएको छ ।

- आलमदेवि, मनकामना, गह्रौंसुर, सतौं चण्डीस्थान, खिलुङ् कालिका, नुवाकोट, पञ्चासे, भालुपहाड, अन्धाअन्धी दह, छायाँ क्षेत्र, राम्धी, केलादी घाट, हुङ्गीघाट, रम्बादेवि, कालाभैरव, केदारनाथ, अकलादेवि, सुनपोखरी, सिद्ध बाबा गुफा, कालिका देवि, अँधेरि गुफा जस्ता धार्मिक, पर्यटकिय स्थलहरुको पुर्वाधार विकास र प्रचार प्रसारमा जोड दिइएको छ ।
- लुम्विनी हुँदै पोखरा सम्म जाने पर्यटकहरुलाई लक्षित गरी स्याङ्जाका घरबास कार्यत्रम (होमस्टे) मा रात बिताउने वातावरण बनाउने ।
- विश्व कै सबै भन्दा ठुलो सालिग्राम रहेको मानिने सेतिवेणी शिला क्षेत्रको प्रचार प्रसार र पुर्वाधार निर्माण गरी धार्मिक पर्यटकिय स्थलका रुपमा विकास गरिने छ ।
- खर्सु लेकको पर्यटकिय सम्भाब्यता अध्ययन गरी आवश्यक गुरुयोजना बनाउन स्थानिय तह सँग सम्मन्य गरि कार्ययोजना अगाडि बढाइने छ ।
- अर्जुनचौपारी गा.पा. मा रहेको डहरे देउराली, थाप्ले जस्ता धार्मिक र पर्यटकिय क्षेत्रको पुर्वाधार विकास र प्रचार प्रसार गरिने छ ।
- भिरकोट नगरपालिकामा रहेको गडेरे गुफा, पुतलिबजार न.पा.मा रहेको चमेरे गुफा जस्ता पर्यटकिय सम्भावना बोकेका गुफाहरुको प्रचार प्रसार गरिने छ ।
- जिल्लाकै पर्यटकिय महत्व बोक्ने स्वरेक मैदान र आँधीखोला भ्यालीलाई सबै खालका सहासिक हवाई खेलकुद सम्बन्धी क्रियाकलापहरु संचालन गर्न सक्ने गरी पुर्वाधार विकासका लागि पहल गरिने छ ।
- जिल्लाका ऐतिहासिक पर्यटकिय मार्गहरुको स्तरोन्नतीमा प्राथमिकता दिइनेछ ।

- अन्धाअन्धी श्रवण कुमार पर्यटकिय क्षेत्र जस्ता जिल्ला र राष्ट्रिय रुपमा गौरव राख्ने धार्मिक एवम पर्यटकिय स्थलहरुको पुर्वाधार विकास गरिनेछ ।
- विश्वका सारा हिन्दूहरुको आस्थाको धरोहरको रुपमा रहेको कालिगण्डकी नदीको स्वच्छतालाई अक्षृष्ण राख्दै दुर्लव शालिग्रामको संरक्षण र मन्दिरहरुमा संकलन गरी धार्मिक पर्यटनको विकास गर्नुका साथै नदिमा साहासिक पर्यटन संचालन गरिनेछ । यस बाहेक बिभिन्न स्थानिय तह, प्रदेश सरकार र संघिय सरकारले समेत पर्यटन विकासमा जोड दिइएको छ ।

## ३.३ स्याङ्जाका धार्मिक तथा पर्यटकिय स्थलहरु

स्याङ्जा जिल्लामा विभिन्न ऐतिहासिक धार्मिक तथा पर्यटकिय स्थलहरु प्रशस्त रहेका छन् जस मध्ये केहीको संक्षिप्त चर्चा गरिएको छ ।

**आलमदेवि**

आलमदेविलाई नेपालका शाहबंशीय राजाहरुको कुल देविका रुपमा मानिन्छ । मन्दिर खासै राम्रो नभई सामान्य खालकै छ र मन्दिरको गर्भगृह भित्र कुनै देविको मुर्ति पनि छैन । यिनलाई युद्धको देविको रुपमा समेत लिईन्छ । आलमदेविको अर्थ धर्मध्वजा हो । त्यसैले मन्दिर भित्र कुनै देविको मुर्ति नभई त्रिशुल, शिला, खड्ग, खुँडा, खुकुरी, तरवार आदी मात्र छन् । तिनैलाई भक्तजनहरुले भावनात्मक शक्ति पिठका रुपमा मानेर पुजाआजा गर्दछन् । आलमदेविको पुजा गर्नाले आरोग्य बढ्ने, शत्रु नाश हुने र ठुल्ठुला शङ्कट बाट मुक्ति मिल्दछ भन्ने भनाई छ । यो स्याङ्जा जिल्लाको प्रमुख मन्दिर हो । नेपालका राजाहरु प्रत्येक बर्ष दशैंको नवमीमा देविको पुजा गर्न त्यहाँ जाने गर्दछन् (पाण्डेय, २०७५:११०) ।

**अकलादेवि (सिसेकोट)**

स्याङ्जाको सिसेकोट उमिलछापमा रहेकी आलमदेवि प्रसिद्ध छन् यस मन्दिरमा अवस्थित देवि सुत्केरी हुन नसक्ने नारीहरुको लागि वरदान दिई सहज पारीदिन्छिन् भन्ने जनविस्वास छ । वालिङ् बजार देखि १० किलोमिटर यात्रा गरीसके पछि तिन दोबाटो स्थित झोलुङ्गे बजार र बायाँटारी बजार हुँदै ३ घण्टाको उकालो पार गरेपछि अकलादेवि मन्दिर भएको ठाउँमा दर्शनार्थी पुग्न सकिन्छ ।

किम्बतन्ती अनुसार सत्ययुगमा गर्भवती बनेकी देवि गह्रौंशुरको बाटो हुँदै आइराखेको बेलामा प्रशववेदना भएछ । त्यसै ठाउँमा सुत्केरी बनी बास बसिछिन् । त्यसै बेला देखि त्यहाँका प्राकृतिक मुर्तिलाई नै अकलादेवि भन्न थालिएछ । ढुङ्गाबाट बनिएका ति मुर्तिहरु

मध्ये ३ वटा मूर्तिहरु साँच्चै सुत्केरी हुन लागेहा हुन् कि जस्ता देखिन्छन् । देवि समेत सुत्केरी हुन नसकेर अकालमा मर्नुपर्ने स्थिती सिर्जना भएकोले अकालबाट नै अकलादेवि नाम रहन गएको स्थानिय बासिन्दाको भनाई छ । यहाँ बलि पोथि जातीको मात्र चढ्छ । गाउँमा सुत्केरी हुन नसकेको अवस्थामा र गाई भैँसी ब्याउन कठिन भएको बेलामा यि देविलाई भाकल गरेर सहज रुपमा बच्चा जन्माउन सक्दछन् भन्ने जनधारणा छ । यहाँ स्याङ्जा, पर्वत, पाल्पा र गुल्मी समेत बाट दर्शनार्थीहरु आउँछन् । कोजाग्रत पुर्णिमा, धान्यपुर्णिमा, चैत बैशाखका पुर्णिमामा विशेष मेला लाग्ने र प्रत्येक पुर्णिमामा गर्भवती महिलाले दर्शन गरी सन्तानको सुखद् भविष्यको कामना गर्ने गर्दछन् (भट्टराई, २०६७:१) ।

## कालिका मन्दिर

नुवाकोट फेदिखोला नजिक यो मन्दिर छ । चौबिसे राज्यको पालामा यहाँ कोट थियो । यहा हातहतियार राख्ने गरिन्थ्यो । मन्दिरमा देविको मुर्ति नभएर प्रतिकका रुपमा हातहतियार, तरवार, खुँडा खुकुरी, छन् । यि सबै चौबिसे राज्यका हतियारहरु हुन् भनिन्छ । यहा नित्य पुजा हुँदैन दशैंको नौरथामा बलि, पाठपुजा गरी कालिकाको आराधाना गरिन्छ, (भट्टराई, २०६७:३५) ।

## केलादिघाट (काली गण्डकी)

दामोदर कुण्ड, मुक्तीक्षेत्र हुदै आएकी काली गण्डकी देवघाटमा आएर त्रिशुली सँग मिल्छिन् । नमिले सम्म अनेक घाट र आश्रमहरु गण्डकीका तिरमा छन्  । त्यस्तै घाटहरु मध्ये केलादी पनि एक हो । १०८ भगवत सरन्ले अनेक तिर्थ घुम्दै त्यागमय जिवन विताउँदै मुक्ति क्षेत्रादीमा दशौं बर्ष तपस्यारत हुँदै केलादीमा एक आश्रम बनाउनुभयो । धर्मशालाको निर्माण गराउनुभयो  २००७ सालमा । त्यागी तपश्वीबाट पनि महत्वपुर्ण काम हुन्छन् भन्ने कुरा यसले देखाएको छ । काली गण्डकी तिर पवित्र स्थल भएको ध्यान जप, पुजापाठ, योग आदी सत्कार्य त्यस ठाउँमा उत्तम ठानिएको छ । प्राकृतिक र आध्यत्मिक दुबै दृष्टिले यो ठाउँको महत्व राख्दछ । धर्मशाला पनि निर्माण गरिएको छ । भोक लगाउने, सय वटा सम्म गाई पालन गर्ने, कृष्ण भगवानले सिकाएको आदर्श यहाँ बाट सिक्न सकिन्छ  (भट्टराई, २०६७:४४) ।

## गह्रौं कालिका मन्दिर

स्याङ्जाको गह्रौंकोट दोस्रो अग्लो ठाउँ मानिन्छ । यहाँ कालिकाको मन्दिर छ । गण्डकी अञ्चलको बाइसे चौविसे राज्य मध्ये गह्रौंकोट पनि एक राज्य हो । सत्रु सँग लड्न त्यस

ठाउँको प्रयोग उपयुक्त देखेर खाँड राजाले त्यसलाई आफ्नो सुरक्षा क्षेत्रको रुपमा लिएका थिए । ऐतिहासिक दृष्टिले गह्रौंकोटको महत्व रहेझैं गह्रौंकालिकाको पनि धार्मिक महत्व छ । यसको प्राचिनता बारे यसै भन्न नसकिए पनि बृद्ध बृद्धाको प्रार्थनास्थल र धार्मिक तथा पर्यटकिय स्थलका रुपमा यसको महत्व दिन प्रतिदिन बढ्दै गएको छ (स्थलगत अवलोकन) ।

**जगत्रदेवि मन्दिर**

जगत्रदेवि प्राचिन कालिन अस्तित्व भएको शिखर शैलीको देवि मन्दिर हो । मन्दिरमा सिँह माथि चढेकी अष्टभुजा भगवतीको मुर्ति छ । अन्य स-साना शिलामुर्ति पनि छन् । औंशी एकादशी वाहेक अन्य दिनमा त्यहाँ वली सहित पुजा हुन्छ । औंशी एकादशीमा वलि रहित शालिक पुजा हुन्छ । वलिमा सुँगुर चल्दैन । चैते दशैं, वडा दशैंमा यहाँ भक्तजनहरु बढि आउने गर्दछन् । भक्तहरुकै श्रद्धाबाट यहाँको पुजा चलेको छ । देविले अशल र उचित माग पुर्ण गरिदिन्छिन् भन्ने जनविश्वास छ (भट्टराई, २०६७:१०१) ।

**रानी चौतारा (नुवाकोट)**

नुवाकोटको डाडाँमा एउटा सुन्दर चौतारो छ । करिब १६ फिट लम्बाई र १४ फिट चौडाईको ढुङ्गै ढुङ्गा छापेर बनाइएको त्यस चौतारालाई स्थानिय रानी चौतारा भन्ने गर्दछन् । सायद कुनै रानीले रमणिय दृष्य हेर्न, आराम गर्न बनाईएको विस्वास गर्न सकिन्छ । त्यही नजिक दरवारका पुरातात्विक भग्नावशेष पनि छन्  तर उत्खनन् भएको छैन । यस्ता भग्नावशेषको परिक्षण, संरक्षणबाट यसको महत्वसँग परिचय प्राप्त गर्न सकिन्छ (भट्टराई, २०६७:२५१)।

**राधाकृष्ण मन्दिर (गणेशपुर)**

गणेशपुर गाउँको बुढिखोला छेउ यो मन्दिर छ । शिखर शैलीको पाँच गजुरले युक्त यो मन्दिर निकै सुन्दर छ । मन्दिर भित्र बाँसुरी बजाएका श्रीकृष्ण र राधाको मुर्ति छ । मन्दिरको निर्माण १९८३ मा १०८ गुरु धिर्ज गिरीबाट भएको बुझिन्छ । चम्पा गिरीले पछि जिर्णोद्धार गरेकी थिइन् । यसका लागि गुठी पनि छ । कृष्ण अष्टमीमा यहाँ ठुलो मेला लाग्दछ । त्यस बेला विशेष पुजा हुन्छ । अघि पछि नित्य पुजाको व्यवस्था छ (भट्टराई, २०६७:२५१)।

स्याङ्जा जिल्लाका उत्तरी भेग बाग्लुङ, पर्वत, कास्की लगायतका जिल्लाबाट सिद्धार्थ राजमार्ग निर्माण हुनु भन्दा अगाडी अहिलेको बुटवल बजारमा नुन लिन हप्तौं हिडेर जाने गरेको इतिहास अग्रज ब्यक्तिहरुबाट सुन्न सकिन्छ भने पुराना गितहरुबाट पनि त्यस समयको अवस्था

महसुस गर्न सकिन्छ । ब्यापारको शिलशिलामा नेवार समुदाय पनि स्याङ्जा आई बसोबास गरेको पाईन्छ ।

जब वि.स. २०२९ सालमा सुनौली पोखरा सिद्धार्थ राजमार्ग संचालन भयो त्यस बेला देखी नै पर्यटन क्षेत्रमा समेत यसको प्रभाव पर्न थाल्यो । कृषि क्षेत्रमा समेत यस राजमार्ग बनेपछि अत्याधिक आर्थिक प्रभाव पर्‍यो । त्यस्तै पर्यटनमा समेत यसको प्रभाव पर्‍यो । जब स्याङ्जा जिल्लाकै पहिलो पर्यटकिय क्षेत्रका रुपमा सिरुवारी घोषणा गरियो त्यस देखि नै पोखरा काठमाण्डौ तथा सुनौली भैरहवा र पाल्पा बाट भएर पर्यटकहरु आउन थाले । नागडाँडा, सेतिदोभान, कार्कीनेटा बाटो बनेपछि सिरुवारीको पर्यटन ब्यवसायमा झन उल्लेखनिय बृद्धि हुँदै गयो । वर्तमान समयमा आएर स्वरेक मैदान,पर्यटकिय स्थलहरु, काली गण्डकी जलविद्युत गृह, सेतिबेणी स्टिम्बर संचालनमा आए पछि पर्यटन ब्यवसाय अझ बढेको पाइन्छ । यस्तै धार्मिक पर्यटकिय स्थलका रुपमा आलमदेवी, गह्रौं कालिका, कालाभैरव नुवाकोट, चण्डीस्थान, खिलुङ्कालिका, रापाकोट कालिका, राम्चेदेवी, मनकामना, बहाकोट कालिका, लगायत अन्य धार्मिक तथा पर्यटकिय महत्वका स्थलहरु रहेका छन् । यसैगरी सुन्दर नगरी पोखराबाट समेत नजिक रहेकोले केही समय स्याङ्जा घुमेर आउँ भन्ने भावनाबाट समेत स्याङ्जा भ्रमण गर्ने गर्दछन् ।

## ३.४ डहरे देउराली निकटका धार्मिक तथा पर्यटकिय स्थल

डहरे देउराली धार्मिक तथा पर्यटकिय हिसाबले एक महत्पुर्ण स्थल हो । स्याङ्जा र पर्वत जिल्लाको सिमावर्ती क्षेत्रमा अवस्थित त्यस क्षेत्रमा देशका विभिन्न भागहरुबाट दर्शन तथा घुमफिरका लागि मानिसहरु आउने गर्दछन् । डहरे देउराली भ्रमण साथै दर्शन गर्ने मानिसहरु त्यहाँ वरिपरि रहेका अन्य ठाउँहरुको पनि भ्रमण तथा दर्शन गराई पर्यटनको बसाई अवधी लम्ब्याउन सकिन्छ । डहरे देउराली आसपास अन्य विभिन्न धार्मिक तथा पर्यटकिय स्थलहरु रहेका छन् जसलाई संक्षिप्त जानकारी दिन सकिन्छ ।

### सिरुवारी

सिरुवारी डहरे देउराली निकट रहेको पर्यटकीय गाउँ हो । नेपालको पहिलो नमुना गाउँ भनेर सिरुवारी परिचित रहेको छ ।  डहरे देउराली भन्दा केहि तल आँधीखोला गाउँपालिका वडा नं. १ मा अवस्थित सिरुवारी नेपालकै पहिलो नमुना पर्यटकिय गाउँका रुपमा रहेको छ । त्यहाँ गुरुङ्हरुको बाक्लो वस्ति हुनका साथै अन्य जातजातीहरुको पनि बसोबास रहेको छ । प्राय सबै

मौसममा चिसो भइरहने सिरुवारीमा शान्त तथा सफा वातावरणमा चिटिक्क परेका ढुङ्गाको बाटो र छानो पनि ढुङ्गाकै भएको मनमोहक घरहरु देख्न पाइन्छ । सिरुवारीको अर्को आकर्षण भनेको होमस्टे (घरबास) संचालन हो । वि.स. २०५३ सालमा तत्कालिन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले नेपालकै पहिलो ग्रामिण पर्यटकिय गाउँको रुपमा घोषणा गरेका हुन् । पुर्व सांसद क्या. रुद्रमान गुरुङ् को अवधारणामा होमस्टे को सुरुवात गरिएको सिरुवारी देशकै नमुना गाउँको रुपमा प्रख्यात छ । त्यसै गरी सन् २००१ मा PATA अवार्डबाट समेत पुरस्कृत सिरुवारी गाउँ पर्यटन विकासमा अझ बढि क्रियाशिल रहेको छ, ( जुमबहादुर गुरुङ्ग, बर्ष ६०) । होमस्टेको अनुभवका लागि एक पटक पुग्नै पर्ने गाउँका रुपमा समेत चिनिन्छ । सिरुबारीको महत्वपुर्ण पक्ष अतिथी सत्कार हो । प्याकेजमा जाने पर्यटकलाई बाटोमा नै  पन्चे बाजा द्धारा स्वागत गरि पर्यटन भवनमा लगिन्छ । पर्यटन भवनमा सामान्य जलपान गराएर उनिहरुलाई प्रत्येक घरमा पालै पालो बाँडिन्छ । बेलुका खाना खाई सके पछि युवा क्लव, आमा समुह, पर्यटन समिति द्धारा सांस्कृतिक कार्यक्रम गरिन्छ । सांस्कृतिक कार्यक्रममा गुरुङ् संस्कृती , सालैजो , कौडा, घाँटु, लगाएत अन्य सांस्कृतिक कार्यक्रम द्धारा पर्यटकलाई भरपुर मनोरञ्जन गराईन्छ । आफ्नै घरको परिकार जसरी जे पाक्यो त्यही खुवाईन्छ । भोलि पल्ट विहान पर्यटन घरमा लगि त्यहाँको वातावरणबारे जानकारी दिइन्छ । पर्यटकिय नगरी पोखरा बाट चौंसट्ठी किलोमिटर दक्षिण पश्चिममा अवस्थित सिरुवारी रहेको छ । त्यहाँ आउने पर्यटकलाई सुर्योदय तथा दृश्यावलोकनको लागि सिरुवारी भन्दा केहि माथि थुर्मु जुरुमा लगि दृश्यावलोकन गराईन्छ । त्यहाँबाट वरिपरीका अन्य छिमेकी गाउँपालिकाहरु देख्न सकिन्छ । उत्तरमा रहेका हिमालहरु मछापुच्छे, अन्नपूर्ण, धौलागिरी ,जस्ता हिमाल र हिम श्रङ्खलाहरु देख्न सकिन्छ । सुर्योदय त्यहाँको प्रमुख आकर्षण हो । पर्यटकको विविध सुचना दिनको लागी सुचना बोर्ड राखिएको छ । उक्त सुचना बोर्ड परिशिष्ट ४ मा उल्लेख छ ।

सिरुवारी पदयात्राको गन्तव्य हो । त्यहाँ जानको लागि यातायात को सुविधा रहेता पनि पदयात्रा गर्न चाहने पर्यटकको लागि पदयात्राको ब्यवस्था छ । वरिपरिको दृश्य आफ्नै आँखाले कैद गर्दै यात्रा गर्नुको आनन्द पनि वेग्लै हुन्छ । सिद्धार्थ राजमार्गको हेलुबाट अर्जुनचौपारी हुँदै पञ्चमुल सिरुबारी पदयात्रा गर्न सकिन्छ । त्यहाँ चिटिक्क परेका घरहरु र बाटो घाटो नै प्रमुख आकर्षणका केन्द्र हुन् । सफा शान्त बाटोमा केहि फोहोर देख्न सकिँदैन । सिरुवारी पर्यटकिय क्षेत्रमात्र नभएर सफा शान्त बस्तिको पनि नमुना हो ।

पर्यटनले देशको अर्थतन्त्रमा महत्वपूर्ण भुमिका खेलेको हुन्छ । प्रतिव्यक्ति आयमा बृद्धिका साथसाथै स्थानिय अत्पादनमा जोड, स्थानिय बस्तुको बजारीकरण साथसाथै राष्ट्रिय आमदानीमा बृद्धि हुन्छ । विदेशी मुद्रा आर्जन तथा रोजगारीको अवस्था सृजना, सांस्कृतिक सम्पदाको प्रचारप्रसार समेत हुने गर्दछ । ग्रामिण पर्यटकिय गाउँ सिरुवारीले त्यहाँको आम्दानीमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । सिरुवारी नजिक रहेको अर्को सुन्दर गाउँ पञ्चमुल हो । जुन सिरुवारी निकट रहेको छ । ब्राह्मण जाजितको बाहुल्यता रहेको पञ्चमुल र सिरुवारी विच आपसी सहिष्णुता रहेको छ ।

**रापाकोट कालिका मन्दिर**

डहरे देउरालीको निकटम सामुन्नेमा रापाकोट कालिका मन्दिर रहेको छ । स्याङ्जा जिल्लाको अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ मा अवस्थित रापाकोट कालिका मन्दिर धार्मिक तथा पर्यटकिय दृष्टिकोणले चर्चित स्थानमा पर्दछ । डहरे देउराली र सिरुवारीको निकटमा रहेको त्यस ठाउँ धार्मिक दृष्टिकोणले प्रशिद्ध छ । बिशेष गरी वडा दशैं र चैते दशैंको दिनमा विशेष मेला लाग्ने गर्दछ । स्याङ्जा जिल्लाका अतिरिक्त त्यहाँ अन्य जिल्लाबाट समेत दर्शन गर्न आउने गर्दछन् । कालिका देवि दर्शन गरि बर मागेमा पुरा हुने जनविस्वास रहेको छ । दुर्गा कालिका देविको मुर्ति रहेको त्यस मन्दिर मा परापुर्वकाल देखि का हातहतियार यद्दपी देख्न सकिन्छ । मुख्य गरि गुरुङ् वस्तीको विचमा रहेको रापाकोट कालिका मन्दिरमा ब्राह्मण, क्षेत्री , मगर, नेवार तथा अन्य दलित समुदायको त्यतिकै उत्साहपुर्ण सहभागिता हुने गर्दछ । विशेष गरि बडा दशैं र चैते दशैंको राम नवमीमा पञ्चवली सहित विभिन्न भागबाट भाकल गरी पुजाआजा गर्न आउनेको घुइँचो लाग्दछ । स्थानिय बाजाटोलीले देविको पुजाआजा गर्दा नगरा बजाउने गर्दछन् । मनोकाङ्छा पुरा होस, बाली नाली राम्रो होस, कुनै दुःख कष्ट नपरोस् भनि कामना गरी रापाकोट कालिका देविले सबैको रक्षा गर्ने गरेको विस्वास जनस्तरमा पाईन्छ । गुरुङ् समुदायमा रहेको त्यस मन्दिर क्षेत्र वरिपरि गुरुङ् संस्कृति पाउन सकिन्छ । स्थानिय युवा क्लव, आमा समुह, मन्दिर ब्यवस्थापन समिति द्धारा चैतै दशैं मेला आयोजना गरिन्छ । त्यस मेलामा विभिन्न सांस्कृतिक कार्यक्रम, भलिवल जस्ता खेलकुद कार्यक्रम गर्दै रमाइलो गरिन्छ । यस रापाकोट कालिका मन्दिरमा पञ्चवली अन्तर्गत राँगो, बोको तथा परेवा, उडाउने प्रचलन रहिआएको छ । घट्स्थापनाको दिनमा मन्दिरको कोट घरमा जमरा राखेर नवमी सम्म विहान बेलुका धुपवत्ती गर्ने प्रचलन रहेको छ । नवदुर्गाको सप्तमी अर्थात फुलपातीको दिनमा गाउँ गाउँमा गई फलफुल र अक्षेता जम्मा गरि विधिपुर्वक मन्दिर भित्रयाउने गरिन्छ । अष्टमीको दिनमा

काली देविको रुपमा मानिने कालरात्रीको पुजा गरी रातीको १२ बजे तिर बली दिने गरिन्छ । भोलि पल्ट नवमीको दिनमा पहिला समितिको .वलि दिए पछि क्रमश अन्य भाकलको वली दिने परम्परा रहेको छ ।  पुजा व्यवस्थापनको लागि विभिन्न समितिहरु रहेको हुन्छन् । मन्दिर संचालन सहयोगार्थ गुठिको पनि व्यवस्था रहेको छ । विभिन्न समुदायले आ आफ्नो जिम्मेवारी लिएर काम गर्ने गर्दछन् । जस्तै हातहतियार, बाजागाजा, पाठपुजा, सरसफाईको कार्य विभाजन गरिएको छ । सबै समुदायको आत्मिय भावनाका साथ पुजा आरधाना गरिन्छ  जुन एक रोचक र धार्मिक सहिष्णुता झल्कने गर्दछ (स्थलगत अवलोकन)।

## अन्धाअन्धी दह र श्रवण कुमार समाधी क्षेत्र

आँधीखोलाको मुहान् अन्धाअन्धी दह चिलाउनेबासमा पर्दछ । प्रसिद्ध दह सदरमुकामबाट २८ किलोमिटर उत्तर पश्चिममा पर्दछ । त्रेतायुगमा श्रवणकुमारले आफ्ना अन्धा बाबुआमालाई तिर्थ घुमाउने क्रममा त्यस ठाउँमा आईपुगेपछि बाबुआमालाई चिलाउनेबास अन्तर्गतको अन्धाअन्धी क्षेत्रमा राखि पानी खोज्न जाँदा दशरथले शिकारका लागि जताततैको पानी सुकाई श्रवणकुमार समाधी क्षेत्रमा मात्र पानी राखेकोमा बाबुआमालाई पानी खुवाउन भनि खाज्दै जाँदा श्रवणकुमार स्याङ्जा जिल्लाको बाङ्सिङ्को घ्याङ्श्री भन्ने ठाउँमा पुगि पानी फेला पारी पानी भर्न गाग्रो डुबाउँदा निस्केको आवाजलाई दशरथले मृगको आवाज सम्झि बाण हान्दा बाणले श्रवणकुमारलाई लागि श्रवणकुमारको मृत्यु भएको र राजा दशरथ पानी लिएर जाँदा श्रवणकुमारको बाबु आमाले सबै थाहा पाएर राजा दशरथलाई तिम्रो पनि छोराको विछोडको पिरले मृत्यु होस भनि श्राप दिई दुबै जना त्यही रुँदा रुँदै मरेको हुँदा उनीहरुको आँसुबाट दहको उत्पत्ती भएकोले त्यस दहको नाम अन्धाअन्धी दह रहन गएको किम्बदन्ती रहेको छ । त्यसै दहलाई स्याङ्जा प्रसिद्ध नदि आँधीखोलाको मुहान् मानिन्छ । बाण लागि श्रवणकुमारको मृत्यु भएको ठाउँमा निजको घोप्टो परेको आकारमा मुर्ति रहेको छ । पानी भरेको ठाउँमा हाल पनि पानीको रंग रातो रहेको र दशरथ बाण हान्न लुकेर बसेको पहरा सकेत दाङसिङ्को घ्याङ्श्रीमा रहेको र उक्त स्थानमा हाल बालाचतुर्दशीमा ठुलो मेला लाग्ने गरेको छ । उक्त क्षेत्रमा मन्दिर समेत निर्माण गरेको छ । पञ्चासे र श्रवणकुमार समाधी क्षेत्र समेत हाल संयुक्त रुपमा पर्यटकिय स्थलको रुपमा विकास गर्ने कार्य भईरहेको छ, (लोकपाटी डट कम, २०७६ कात्तिक २७) ।

**सतौं चण्डी कालिका मन्दिर**

स्याङ्जा बजारबाट करिव ११ किलोमिटर टाढा रहेको यो मन्दिर हाल पुतलिबजार नगरपालिका वडा नं. ८ मा पर्दछ । मन्दिरको केहि माथी सतौंकोटे राजाले बनाएको दरवार छ जसलाई कोट भनिन्छ । पहिलेका बाईसे चौविसे राज्यका राजाले आ-आफ्ना राज्यमा सुख र समृद्धिका लागि देविदेवताको आरधाना गर्ने प्रचलन अनुरुप सतौंकोटे राजाहरुले मन्दिर स्थापना गरी सतौं चण्डी नामाकरण गरेको हुन सक्ने अनुमान छ । यो मन्दिर सतौंका तेस्रो राजा सिरबम शाहीले निर्माण गरेको विश्वास गरिनुका साथै मन्दिरमा मगर जातीका पुजारीले पुजा गर्ने प्रचलन रहेको छ । मन्दिर दर्शनका लागि दैनिक २/३ सय मानिसहरु सतौं चण्डी आउने गरेको र दशैं पूर्णिमा जस्ता विशेष चाडपर्वमा भने पाँच छ हजार कै सङ्ख्यामा मानिसहरु पुग्ने गर्दछन् । सतौंको पहिलो राजा वडाबमराव र दोस्रो मिचाखान थिए । पाल्पा भगवती, बाग्लुङ् कालिका, गोर्खा मनकामना र चण्डीस्थानको मन्दिरमा पुजा गर्ने विधि र पुजारी पनि एउटै जातको भएको ले यि मन्दिरहरु समान् शक्ति पिठ हुन् भन्ने विश्वास गर्न सहिन्छ ।

प्राचीन सतौं राज्य भित्र दरौं, पञ्चमुल, अर्जुनचौपारी, सातुपसल, लामागे, सतौं गाउँ, फापरथुम पर्दछन् । सतौं चण्डीको भाकल पुजा अचर्ना गर्नाले दुर्घटनाबाट जोगिने, सुख शान्ती र समृद्धि हुने विश्वास रहि आएको छ । यस मन्दिरमा पुजा वा दर्शनका लागि कास्की, पाल्पा, तनहुँ, पर्वत, बाग्लुङ, रुपन्देही, काठमाण्डौं लगायत टाढा टाढाबाट मानिसहरु आउने गर्दछन् । महाशिवरात्री, बालाचतुर्दशी, दशैं, चैतेदशैं आदिमा मन्दिरमा मेला लाग्दछ । बाजा गाजा सहित सघं संस्था वा व्याक्तिले पनि पञ्चवली (राँगा, हाँस, पाठा, भाले, परेवा, सुगुर) दिइने चलन छ । रजस्थल  सतौं राज्यको राजधानी रहेको यो ऐतिहासिक स्थान प्राकृतिक सौन्दर्यले भरिपुर्ण रहेका कारण पर्याप्त पर्यटकिय सम्भावना रहेको स्थल रहेको छ । त्यस ठाउँबाट माछापुच्छे, अन्नपूर्ण, धौलागिरी, मनास्लु हिमालको मनोरम श्रृङ्खला देख्न सकिन्छ । कास्की, तनहु, पर्वत, गुल्मी र पाल्पाका अधिकाशं स्थल यहाँबाट अवलोकन गर्न सकिन्छ । जिल्ला सदरमुकाम लगायत पुतलीबजार नगरपालिकाका साथै जिल्लाका अधिकाशं भागहरु यहाँबाट देखिन्छ,(संसार न्युज, २०७३ असोज २९) ।

यसका अतिरिक्त अर्जुनचौपारी गाउँपालिकाको वार्ड नं. ४ मा अवस्थित अर्को महत्वपुर्ण धार्मिक स्थल एकानन्द गुफा रहेको छ । जुन डहरे देउरालीको सामुन्ने रहेको छ । बालाचतुर्दशीको दिनमा त्यस ठाउँमा सदविज छर्नका लागि भब्य मेला लाग्दछ । खुला चौरहरु रहेको घना जङ्गलको विचमा अवस्थित त्यस धार्मिक स्थल पर्यटकिय सम्भावना भएको अर्को

प्रमुख स्थल हो । धार्मिक स्थलहरुलाई पर्यटकिय गन्तब्यका रुपमा विकास गर्न सकेमा देशको अर्थतन्त्रमा समेत महत्वपुर्ण योगदान पुऱ्याउँदछ ।

## ३.५ डहरे देउराली क्षेत्रको पर्यटकिय परिचय

डहरेदेउरालीलाई पर्यटकिय स्थलका रुपमा विकास गर्न स्याङ्जा जिल्ला र पर्वत जिल्लाका विभिन्न स्थानिय सरकारहरु, प्रदेश सरकार र संघिय सरकारले विभिन्न योजनाहरु अगाडि सारेका छन् । पर्यटन गतिबिधिलाई बढवा दिई त्यस क्षेत्रको जनताको आम्दानी बृद्धि साथै राष्ट्रिय अर्थतन्त्र समेतको बृद्धिको लागि बिभिन्न सरोकारवाला निकायले आ-आफ्नो ठाउँबाट प्रयास गरिएको पाईन्छ । पर्यटन विकासको लागि विभिन्न पुर्वाधार निर्माणमा जोड दिइएको छ ।

डहरे देउराली क्षेत्रमा प्रमुख रुपमा पर्यावरणिय र धार्मिक पर्यटकहरुले भ्रमण गर्दछन् भने केहि मनोरञ्जन र सांस्कृतिक आनन्द लिनका लागि पनि आउने गरेको पाईन्छ । डहरे देउराली मध्ये पहाडी क्षेत्रको महाभारत पर्वत शृङ्खलामा पर्ने उच्च शिखर हो । यहाँ पुष माघ महिना तिर हिउँ पर्ने गर्दछ । तर आजकल जलवायु परिवर्तनका कारण हिउँ कम पर्न थालेको छ । ठुलो बन क्षेत्रले ढाकेको यस पहाड ठुला ठुला चट्टान, भिर पाखा, खोला, खोल्सा, भिरालो जमिन, ओसेपिला सिमसार क्षेत्रहरु र केहि स साना सम्म परेको चौर हरुले बनेको छ । थुम्का थुम्की, डाँडा, खाल्टा , ओबाड खवाड जमिन र सर्लक्क परेका कम भिरालो पाखाहरु पनि प्रशस्त छन् । उच्च भाग, कडा चट्टान र माटो मिसिएको अवस्थामा पनि छ । धेरै ठाउँमा ठुल्ठुला ढुङ्गा र पत्थरहरुपनि प्रशस्त छन् । डहरे देउरालीको तल्लो होचो भाग तिर मट्याइला पाखा डाँडा र खेत बारीका गरा हरु छन् । विविधता युक्त माटो र जमिनको बनावटका कारण भिन्न भिन्न खेति, फलफुल, तरकारी लगाउन सकिने प्रवल सम्भावना रहेको छ । प्रशस्त मात्रामा चरिचरन क्षेत्रहरु, चौतारी पोखरी हरुले त्यहाँको वातावरणलाई अझै सुन्दर बनाउने काम गरेको छ । विभिन्न फलफुल बोटविरुवाको जङ्गल, डाले घाँस, निगालो, अम्रिसो जस्ता वनस्पतीहरुले पुरै डहरे देउराली क्षेत्र ढाक्न सकेमा ठुलो मात्रामा आयआर्जन गर्न सकिने सम्भावना देखिन्छ । जैविक विविधताले भरिएको डहरे देउराली क्षेत्र अनेकौं जटिबुटि, रुख विरुवाहरु, फलफुल तथा बन्य जन्तु एवं अनेकौं पन्छीहरुको आश्रय स्थलका रुपमा रहेको छ । धार्मिक ऐतिहासिक महत्व रहेको यस डहरे देउराली क्षेत्र दृष्यावलोकन र सांस्कृतिक विविधताको पनि अनुपम नमुना रहेको छ । त्यहाँ अवस्थित घना जङ्गल, गाउँ बेसिका फरक फरक पहिचान सहितका बस्ती हरु , स्वच्छ सफा र शान्त वातावरण, पहुँचमा सुगमता, बिच

बिचमा मनोरञ्जन सहितको खान बस्नको लागि होटल तथा चिया पसलहरुको उपलब्धता, अनुपम हिमाली दृष्यावलोकन लगायत सुर्योदय र सुर्यास्तको दृष्य पर्यटकहरुका लागि प्रमुख आकर्षण रहेका छन् ।

त्यहाँ पुग्नको लागि प्रशस्त बाटाहरु रहेपनि प्रमुख रुपमा दुई वटा जिल्ला स्याङ्जा र पर्वत क्षेत्रबाट पुग्न सकिन्छ । सिद्धार्थ राजमार्ग अन्तर्गत स्याङ्जा जिल्लाको हेलु, अर्जुनचौपारी, रापाकोट हुँदै आरुचौरको तालपोखरी भन्ने ठाउँ सम्म यातायातका साधन बाट पुगिन्छ त्यहाँबाट करिब एक डेढ घण्टाको पैदल बाट समेत पुग्न सकिन्छ । भने हाल आएर डहरे देउराली मन्दिर नजिकै सम्म कच्ची सडक पुगेको छ । त्यहाँ बाट दश पन्ध्र मिनेटको दुरीमा नै मन्दिर पुग्न सकिन्छ । त्यस्तै अर्को बाटो सिद्धार्थ राजमार्ग अन्तर्गत स्याङ्जा बाडखोला, सतौं, दरौं पर्यटकिय गाउँ सिरुवारी हुँदै पनि डहरे देउराली पुग्न सकिन्छ । पर्वत तर्फको कुस्मा बाट फलेवासको शकंरपोखरी र थापाथाना भएर कार्कीनेटा सम्म यातायात मार्फत जान सकिन्छ । अर्को बाटो पर्वत जिल्लाकै कुस्मा बाट पक्कुवा, ठुलीपोखरी, खौला लाँकुरी हुँदै कार्कीनेटा सम्म बसमा डेढ घण्टामा पुगिन्छ , कार्कीनेटा बजार बाट झण्डै तिस मिनेटको समय लाग्ने सडक निर्माण गरिएको छ । त्यहाँ पुगे पनि पन्ध्र मिनेट भित्रै डहरे देउराली मा रहेका विभिन्न मन्दिर र गुफा पुगिन्छ । गुफा र सत्तल पाँच मिनेटको पैदल चढेपछि प्राकृतिक भ्यु टावर को मज्जा लिन सकिन्छ । जुन प्राकृतिक भ्यु टावर को माथि डहरे देउराली देवीको आकर्षण मन्दिर छ । पोखरा बाट स्याङजा हुँदै पनि डहरे देउराली पुग्ने अर्के रुट रहेको छ । स्याङ्जाको पुतलीबजार नगरपालिका बाट अर्जूनचौपारी, आरुचौर, कार्कीनेटा गएर त्यही रुट प्रयोग गर्न सकिन्छ । यो रुट प्रयोग गर्दा पोखराबाट झण्डै चार घण्टाको यात्रा पछि डहरे देउराली पुग्न सकिन्छ । विगतमा यातायातको पँहुच नहुँदा चाहना भएर पनि पुग्न नसकिने बृद्ध वृद्धा, बालवच्चा सहितका महिलाहरुलाई डहरेदेउराली नजिकै यातायातको सुविधा पुगेको छ (स्थलगत अवलोकन)।

### ३.५.१ दृष्यावलोकन

नेपालको महाभारत पर्वत शृङ्खलाको मध्यपहाडी क्षेत्रमा अवस्थित डहरे देउराली घना जङ्गलमा फैलिएको क्षेत्र हो । चारै तिरका अन्य डाँडाहरु भन्दा अग्लो तर हिमालयका टाकुरा भन्दा होचो चारै तिर जङ्गलले घेरिएको छ । कतै कतै खेति योग्य जमिन, कतै घना जङ्गल, त कतै कडा चट्टानले बनेको डहरे देउराली क्षेत्रमा विभिन्न प्रकारका फलफुल तथा खाद्यन्न बाली लगाउन सकिने सम्भावना छ । ठाउँ ठाउँमा दृष्यावलोकनका लागि महत्वपुर्ण स्थलहरु

छन् । थाप्ले, वयाले, कार्कीनेटा, सिरुवारी, खर्सुं लेक जस्ता वरिपरि बाट देखिने दृष्यावलोकन स्थलहरु विशेष महत्वपुर्ण छन् ।

डहरे देउराली पुग्दा मान्छेलाई जुन किसिमको  आनन्द आउँछ त्यहाँको विशेषता बुझेपछि उत्तिकै रोमाञ्चक अनुभुति ल्याउँछ । त्यहाँ पुग्दाको आनन्द त्यहाँ बाट देखिने उत्तरमा रहेका चाँदी झैं टल्किने हिमालहरु माछापुच्छ्रे, अन्नपुर्ण, धौलागिरी हिमालहरु तथा अन्य हिम शृङ्खला सजिलै देख्न सकिन्छ । बेला बेलामा परिवर्तन भैरहने मौसम, घाम र छिन छिनको बादलले त्यहाँको बातावरण अझ मनमोहक बनाउने काम गर्दछ ।

डहरे देउरालीमा झण्डै तीन सय मिटर अग्लो चट्टान माथी बनेको अलौकिक शक्तिका रुपमा लिइने मन्दिर नै त्यहाँको  प्रमुख आकर्षणको केन्द्र रहेको छ । डहरे देउरालीको शिर अर्थात सबै भन्दा अग्लो ठाउँबाट त्यस्तै प्रकारको त्यो भन्दा केही होचो पहाड सम्म तोरन तान्ने गरिन्छ जुन अर्को महत्वपुर्ण आकर्षणको केन्द्र समेत रहेको छ ।

त्यस ठाउँबाट चारै दिशाका टाढा टाढा सम्मका  ठाउँहरु देख्न सकिन्छ । जस्तै पोखरा, पञ्चासे, बाग्लुङ् बजार, पर्वत को सदरमुकाम कुस्मा बजार, चुहा , पकुवा, ठुलीपोखरी, खौला, कार्कीनेटा,घन्टे देउराली, लुन्खु देउराली,  दुर्लुङ, बाजुङ, देउपुर, आर्थर, राङजा, तिलाहार, फलेवास नगरपालिकाका गाउँहरु पूर्ण वा आंशिक रुपमा देख्न सकिन्छ । बाग्लुङकै बलेवा विमान स्थल, काली गण्डकी नदि र मोदी, मोदी बेनी र नदीहरुले बनाएका खोचहरु देख्न सकिन्छ । साथै  नेपालकै अग्ला पुलहरु देख्न सकिन्छ । स्याङजा जिल्ला तर्फका स्याङजा बजार, पेल्काचैर, बहाकोट, नुवाकोट, सतौं, दरौं, अर्जुनचौपारी, भिरकोट, खिलुङ्, रापाकोट, एकानन्द गुफा, तामुलेक, खर्सुलेक, जस्ता गाउँहरु हेर्न सकिन्छ ।

त्यस्तै पोखरा सुनौली राजमार्गको स्याङ्जा जिल्लाका सदरमुकाम पुतलीवजार, पुतलीखेत, फेदीखोला, नागबेली रुपमा बगेको आँधीखोला, बाडखोला, दरौँखोलाका अतिरिक्त स्याङ्जाका विभिन्न बस्ती एबं डाँडा काँडा, बन जङ्गल, गाउँ बेसीहरु, बस्तीहरु, खेतीपातीहरु, बनजङ्गल सबै भौगोलिक पर्यावरण राम्रो सँग देख्न सकिन्छ । त्यसैले विभिन्न जनजातीका गाउँ बस्ती र प्रकृतिको समायोजन डहरे देउराली क्षेत्रमा भएको पाईन्छ । हाम्रो देश सुन्दर प्राकृतिक बरदान मात्र नभएर प्राचीन काल देखि नै अझ ईसा पुर्व देखि नै यो मुलुक साझा फुलवारीका रुपमा विकसित हूँदै आएको छ (कार्की, २०६५:५) ।

यस्तै अरु धेरै महत्व बोकेको डहरे देउराली दृष्यावलोकनको दृष्टिले समेत संसारकै रमणिय पर्यटन स्थलहरु मध्ये एक उत्कृष्ट गन्तब्य स्थलका रुपमा रहेको छ ।

### ३.५.२ जैविक विविधता

नेपाल जैविक विविधताले पनि विश्वमा अग्र स्थानमा रहेको छ । यहाँ ३२ किसिमका लाली गुँरास, ८५० प्रजातीका चराचुरुङ्गी, बच्चालाई दुध चुसाउने १०० प्रकारका जनावर, १७० प्रजातीका माछा, झण्डै दश हजार भन्दा बढि जातका विरुवा, झण्डै पाँच हजार प्रकारका फुलका विरुवाहरु, संसारकै उच्च भागमा उड्ने चरा आदि रहेका छन् (पुरी, २०७०:६१)।

त्यस्तै स्याङ्जा र पर्वत जिल्लाको सिमावर्ती क्षेत्रमा पर्ने डहरे देउराली क्षेत्र करिव ६० कि.मि. लम्बाई र १५ कि.मि. चौढाई क्षेत्रफल रहेको लेकलाई पत्झर प्रकारको घना जङ्गलले घेरेको छ (कान्तिपुर, २०७६ मंसिर २८) ।

सदियौं पुराना जस्ता लाग्ने लहरा र झ्याउले जेलिएका रुख, बुट्ययानका आकृति युक्त वनक्षेत्र देख्दा विशेष सौन्दर्य  को आभाश मिल्छ । घना जङ्गलको विचमा रहेको यो तपोभुमीमा थुप्रै प्रकारका जडिबुटिहरु पाइन्छन् । पाँच औले, हर्रो, बर्रो, सतुवा, जस्ता महत्वपुर्ण जडिबुटि यहाँका सम्पत्ति हुन् । यसै गरि चितुवा, भालु, कालो भालु, मृग, ब्वाँसो, बाघ, बाँदर, स्याल, कालिज, लामपुच्छ्रे, लुइँचे, ढुकुर, तित्रा, जस्ता जङ्गली जनावर तथा पंछीहरु पनि यहाँ पाईन्छ । चार दर्जन भन्दा बढि प्रजातीका चरा चुरुङ्गीहरु पनि पाईन्छ । काठका लागि उपयोग हुने पयुँ, सल्लो, ओखर, खसुँ, उत्तिस, चिलाउने, कटुस, जस्ता महत्वपूर्ण रुख पनि यहाँ पाईन्छ । त्यहाँ दिउसोको समयमा समेत जङ्गली जनावर अवलोकन गर्न सकिने भएकोले पनि स्थानिय फलेवास नगरपालिकाले खुल्ला चिडियाखाना (open zoo) को अवधारणा ल्याएको छ ( अन्तरवार्ता: बाबुराम शर्मा, बर्ष ५०) ।

त्यस्तै चराचुरुङ्गीको आवाज शितल स्वच्छ हावा, मृग र खरायो जस्ता जनावरहरुको आवाज प्रस्ट अनुभव गर्न सकिन्छ । चारै तिर जङ्गलको बिचमा रहेको उक्त धार्मिकक्षेत्र नजिक पुराना खर्कहरु रहेका छन् । उक्त खर्कहरुलाई प्रयोग गरेर व्यवसायिक कृषि फार्म, रेष्टुरेन्टहरु तयार गर्न सकेमा पर्यटन ब्यवसाय समेत फस्टाउने देखिन्छ । ठुलो क्षेत्रफल अगटेको विशाल त्यस वनक्षेत्रमा प्रशस्त मात्रामा बाँस र निगालो पाईन्छ । वन जन्य ब्यवसाय अन्तर्गत बाँस निगालोका सामाग्रीहरु निर्माण, जडिबुटि संकलन तथा प्रशोधन गर्ने ब्यवसायहरु गाउँ घरमै गर्न

सकिन्छ । यसबाट विभिन्न घरायसी सामाग्री र पर्यटकिय आकर्षण सामाग्री समेत बनाई विक्री गरि घरेलु उद्योग चलाउन सकिन्छ, (अन्तर्वार्ता: जनकराज खनाल बर्ष ६०) ।

धार्मिक महत्वका बर, पिपल, समि, पयुँ लगायतका महत्वपुर्ण रुख विरुवाहरु पनि त्यस क्षेत्रको तल्लो भागमा पाईन्छन् । पशुका आहाराका रुपमा प्रयोग हुने डाले घाँस , राई खनियो , निमारो, दुधिलो, बेरुलो , बडहर, कुटमिरो , सिलटिमुर, चुलेत्रो, काउरो, पाखुरी, आदी मानव बस्ती वरपर प्रशस्त मात्रामा पाईन्छ । त्यसै गरि सुन्तला, निबुवा, कागती, मेवा, केरा, नास्पती, भोगटे, आरु, आरु बखडा, अम्बा, भूईंकटहर आदि फलफुलहरु पाईन्छ । खेतिपातीका रुपमा धान, कोदो, मकै, गहुँ, जौ, उवा, तोरी, सर्सुं, मुला, गाजर, लसुन, प्याज, काउली, अदुवा, बन्दा, आलु, पिडालु, तरुल, बकुल्लो, करेला, सिमी, बोडि, केराउ, भन्टा, सलगम, सक्खर, मस्याङ, भटमास, मास, खुर्सानी, हलेदो, काँक्रो, घिराउला, लौका, चिचिन्डो, धनिया, गोलभेडा, फर्सी जस्ता खाद्यन्न तथा तरकारी उत्पादन गर्न सकिन्छ । जङ्गलमा पाईने फलफुलहरुमा लप्सी, काफल, ऐंसेलु, चुत्रो, भुत्रो, भतौरा, कुभिडाइनो, बरमेड, अर्मले, जस्ता बनस्पतीहरु पाईन्छन् । त्यसै गरि बैद्धिक काल देखि औषधीका रुपमा प्रयोग हुँदै आएका अति महत्वपुर्ण एवं दुर्लभ मानिएका जडिबुटिहरु पनि डहरे देउराली क्षेत्रमा पाईन्छन् । जस मध्ये सतुवा, बोझ्रो, घोडताप्रे, नागबेली, सिस्नो, चिराइतो, दालचिनी, दुबो, भकिम्लो, पाँचऔंले, गुर्जो, मलो, चुत्रो, आदि महत्वपुर्ण जडिबुटिहरु छन्, ( अन्तर्वार्ता: कृष्ण रिमाल बर्ष ५०) ।

डहरे देउराली वनक्षेत्रमा परम्परा देखि विभिन्न प्रकारका वन्यजन्तु र पछ्रींहरुको आश्रयस्थल र बासस्थान रहदै आएको छ । आजकल जथाभवी जङ्गल फडानी र आगलागी, चोरी सिकारी जस्ता गैरकानुनी अपराधिक क्रियाकलापहरुका कारण खतरामा परेका वन्यजन्तु र पन्छीहरु मध्ये कतिपय लोप हुने अवस्थामा पनि पुगेका छन् । पर्यटन प्रवर्द्धन र जङ्गली जनावर संरक्षणको लागि सम्बन्धित जिल्ला वन कार्यालय स्याङ्जा, जिल्ला वन कार्यालय पर्वत, फलेवास नगरपालिका, अर्जुनचौपारी गाउँपालिका, आँधीखोला गाउँपालिका, गण्डकी प्रदेश लगायत विभिन्न सरकारी तथा गैर सरकारी सघं संस्थाहरुले समेत त्यस क्षेत्रको जैविक विविधता संरक्षणमा जोड दिएका छन् ।

### ३.५.३ सांस्कृतिक विशिष्टता

विश्वको सर्वोच्च हिमश्रृङ्खलाको टाकुरा द्धारा सुशोभित यो हाम्रो देश नेपाल मानवसभ्यता र संस्कृतिको एक प्रमुख उद्गम स्थल नै भएको छ । यहाँका हिमाली लेक, पाखा, उपत्यका, बेशी

फाँटमा बस्ने हाम्रा पुर्खाहरुले प्राचीनकाल देखि नै अनेक परम्परा र मान्यता तथा धारणा र विस्वास आत्मसाथ गरी समय समयमा विविध प्रकारका चाडवार्ड, व्रत, पर्व, उत्सव, जात्रा, मेलाका परम्परा र रितिथितीहरु चलाएर जिवनलाई सरल, सुन्दर र सारपूर्ण बनाएर गए । आजका हाम्रा सांस्कृतिक वैभव र परम्पराहरु हाम्रा पुर्खाहरुले नै हामीलाई छोडेर गएका नासो हुन् (जोशी, २०७३:१) ।

डहरे देउराली क्षेत्र वरपरका वस्तीहरु बहुजातिय किसिमको भएकोले उनिहरुको आ-आफ्नै संस्कार, भाषा, पोशाक, खानपान, चालचलन, रितिरिवाज भएकोले विविधतायुक्त संस्कृति यस क्षेत्रमा विद्यमान छ । नेपाली सांस्कृतिक परम्परा युगदेखि धार्मिक आस्था एवं विश्वास र त्यस बाट सिर्जित क्रियाकलापका आधारमा स्थापित मुल्य एवं मान्यतामा आधारित रहदै आएको इतिहास छ । प्रमुख रुपमा हिन्दु धर्म संस्कृतिको प्रत्यक्ष प्रभाव रहदै आएता पनि अन्य धर्महरु बौद्ध, ईसाई , ईस्लाम धर्मावलम्वी र उनिहरुको अस्तित्व पनि रहदै आएको छ । नेपालका धेरै ठाउँहरु धार्मिक वा सांस्कृतिक रुपमा ख्याती प्राप्त गरि आफ्नो परिचय स्थापित गराउन सफल भएका छन् । ति र त्यस्तै सांस्कृतिक पहिचान बोकेको धार्मिक तथा पर्यटकिय स्थल डहरे देउराली लाई पनि लिन सकिन्छ ।

डहरे देउरालीबाट सबै भन्दा निकट बस्तीहरु स्याङ्जा तर्फ भकिम्ले, आरुचौर र पर्यटकिय गाउँको रुपमा परिचित सिरुवारी, पन्चमुल गाउँ हरु पर्दछन् । त्यस्तै गरि पर्वत तर्फ कार्कीनेटा, फलेवास , शङकरपोखरी, थापाथाना, खूम लगायतका बस्तीहरु रहेका छन् ।

डहरे देउराली निकट नेपालकै पहिलो नमुना ग्रामिण पर्यटकिय गाउँका रुपमा समेत चिनिने सिरुवारी गुरुङ्हरुको बस्ती हो । गुरुङ्हरुको आफ्नै भेषभुषा, भाषा, रहनसहन, खानपान, रितिरिवाज, चालचलन रहि आएको छ । जो नेपाली संस्कृतिमा विशिष्ट एवं महत्वपूर्ण एतिहासिक धरोहरका रुपमा देश विदेशमा परिचित छ । गुरुङ्हरु भोटबर्मेली भाषा बोल्ने गर्दछन् । उनीहरुको पुरोहितलाई घ्याप्री, पच्यु र लामा भनिन्छ, ( अन्तर्वार्ता: पार्वत गुरुङ्ग, बर्ष ४५) । घ्याप्री तथा पच्युहरु तथा लामाहरुले गुरुङ्हरुको जन्म देखि मृत्यु परन्त गर्नुपर्ने सबैखाले धार्मिक क्रियाकलापहरु सम्पन्न गर्दछन् । यस्ता कार्यहरु बौद्ध धर्म अन्तर्गत गुरुङ्ग लामा वा बोन धर्म अन्तर्गतको घ्याप्री, पच्यु शास्त्र अनुसार सम्पन्न गर्ने गर्दछन् । उनीहरुको रितिरिवाज, चालचलन, पुजा आजा हिन्दु धर्म परम्परा भन्दा फरक तिब्बती चलन सँग मिल्दो जुल्दो भएतापनि नेपाली पनमा गरिन्छ । श्रावण र चैत महिनाको अन्तिम मंगलबार सम्पन्न गरिने ट्होटे पर्वमा किशोरहरु संलग्न भई घरघरबाट भुत प्रेत र खराब आत्माको पिछा गर्दै गाउँ

कटाउने र आफुले घर घर बाट दक्षिणा भेटि लिने गर्दछन् । भकिम्लाको काठका तरवार जस्तो देखिने हतियार लिएर र भ्याली बभ्फाउँदै सार्बजनिक बाटोहरुमा समेत नाचगान गर्दै झाँकी प्रदर्शन गर्नुका साथै धुप बालेर शक्ति जगाउने काम समेत गर्दछन् । साँझ पख गरिने यस कार्य हेर्न लायक मनोरञ्जनपुर्ण हुने गर्दछ । त्यसै गरी मृतआत्मालाई स्वर्ग तार्न गरिने अर्घौं गुरुङ् हरुको सबै भन्दा ठुलो कार्य हो । यस अवसरमा मृतआत्माको मुर्ति घरको अगाडि आँगनमा खडा गरि विभिन्न सिँगारपटारका साथै फलफुल, नैवेद, भेटि, वस्त्र, खाद्यपदार्थ, अर्पण गर्नुका साथै दिपहरु प्रज्वलन गर्ने, लामा, घ्याप्री, पच्युबाट शास्त्रअनुसारका सामुहिक वाक्य उच्चारण गरि ३ दिन सम्म धुमधामका साथ सम्पन्न गरिन्छ । टाढा टाढा बाट पनि आफन्त, ईस्टमित्र, शुभचिन्तकहरु श्रद्धान्जली अर्पण गर्न, स्याई भेटि चढाउन आउँछन् । यस्तै अवसर लगाएत अन्य चाडवाड वा पर्वहरुमा आफ्नो परम्परागत पोशाक लगाउने गर्दछन् । पुरुषहरुले कछाड, भाङ्ग्रा, टोपी, पेटि र महिलाले गुनियो चोलो, घलेक, पछ्यौरामा सजिनुका साथै विभिन्न प्रकारका गरगहनाहरु लगाएका हुन्छन् (अन्तरवार्ताः उर्मिला गुरुङ्, बर्ष ३५) ।

गुरुङ् बस्तीहरुमा उनीहरुको नयाँ बर्ष ल्होसारको अवसर पारेर विभिन्न मेला नाचगान, विभिन्न खेलकुद प्रतियोगिताहरु आयोजना गरी महोत्सव चलाउने गरिन्छ । हरेक बर्ष पौष पन्ध्र अर्थात ल्होसारमा पुजा गर्ने र सामुहिक भोज खाने चलन छ घर देखि अल्लि पर बन जङ्गलको छेउ छाउ वा समाज घरमा पुजा आजा गर्ने र खाना खाई रमाइलो गर्ने तथा राती रोधी बस्ने समेत चलन रहेको छ ।  डहरे देउराली क्षेत्र वरपर गुरुङ्हरुको अतिरिक्त र अन्य जातीहरु मगर, नेवारले आ-आफ्लो संस्कार गर्ने भएकाले विविधता रहेको पाईन्छ । बाहुन क्षेत्रीले विवाह, ब्रतवन्ध, सप्ताह, श्वोस्थानी, ब्रत, रुद्री चण्डी पाठ, चौरासी पुजा जस्ता कर्म हरु गर्ने गर्दछन् । यसका अतिरिक्त दलित समुदाय हरुले पनि हिन्दु धर्म सँस्कारका साथ साथै स्थानिय सिप कला र संस्कृतिको समेत जगेर्ना गरेको पाईन्छ । धार्मिक कार्यमा बजाईने नौमति बाजा , नगरा दर्जी जातीले बजाउने गर्दछन् भने क्षेत्री ब्रमाण्डले भजन कृतन गरि आफ्नो संस्कृतिको जगेर्ना गरेको पाईन्छ । त्यसैले डहरे देउराली क्षेत्र सांस्कृतिक विविधता रहेको पाईन्छ ।

### ३.५.४ हालको पर्यटकिय गतिविधी

पर्यटकिय दृष्टिकोणबाट महत्वपुर्ण स्थलका रुपमा रहेको डहरे देउराली क्षेत्रमा बर्षेनी घुम्न आउने स्वदेशी तथा विदेशी पर्यटकहरुको सङ्ख्या बृद्धि हुदै गईरहेको छ । नेपालको पहिलो नमुना ग्रामिण पर्यटकिय गाउँ सिरुवारी नजिकै रहेकोले एकै दिनमा पुग्न सकिने स्थान भएको कारण र विविधताले भरिएको क्षेत्र भएकाले पनि पर्यटकहरुको गन्तव्य स्थल हुन पुगेको छ ।

प्रसिद्ध धार्मिक तथा पर्यटकिय क्षेत्र डहरे देउरालीमा विभिन्न प्रजातीका वनस्पती र वन्यजन्तुहरु देख्न सकिन्छ। डहरे देउराली क्षेत्रको चौतर्फी महत्वको पहिचान गरि वृहत्तर बिकासका माध्यम बाट स्थानिय वासिन्दा सम्म प्रतिफल पु¥याउने उद्देश्यका साथ स्याङ्गजा र पर्वत दुबै जिल्लाबाट विभिन्न योजनाहरुको पहल गरिएको छ । साथै पर्वतको फलेवास नगरपालिका र स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका, आँधीखोला गाउँपालिका समेतले पर्यटकिय स्थलको रुपमा बिकास गर्न जोड दिएका छन् । विगत केहि बर्ष देखि डहरे देउराली क्षेत्रको उत्थानमा आवाज उठाउने, जनचेतना जगाउने, प्रचारप्रसार र सहजिकरण गर्ने जस्ता कार्यहरु गर्नाका साथै जनस्तर सम्म विभिन्न समुह गठन गरि जागरण फैलाउने काम गर्दै आएको छ। त्यसै गरि नियमित पुजा तथा आश्रम संचालनको लागि “श्री मोक्षद्धारी बाल शिद्ध योगाश्रम” नामक समिति गठन गरि विगत देखि नै विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको छ। पर्यटकिय तथा धार्मिक दृष्टिकोणले समेत महत्वपुर्ण रहेको उक्त क्षेत्रको विकास गर्न गण्डकी प्रदेश सरकारले चालिस लाख को योजनामा नमुना पदमार्ग निर्माणकार्य संचालन गरेको छ, (अन्तर्वार्ताः बाबुराम शर्मा बर्ष ५०) । यो पदमार्ग देशकै नमुना पदमार्गको रुपमा रहने र आवतजावतमा समेत सहज हुने कारण पर्यटकहरु बड्ने सम्भावना रहेको पाईन्छ। यस आसपासको क्षेत्रमा थप विकास गर्नका लागि लगानी मैत्री बातावरण सिर्जना गरि कार्कीनेटामा रहेको निर्माणधिन शान्ति वाटिका बाट डहरे देउराली सम्म केबुलकार र सामुदायिक जङ्गलको खालीरहेका  खर्कहरुमा रेस्टुरेन्ट खोलेर आवस्यक पर्ने अन्य पुर्वाधार विकास गरी यस क्षेत्रलाई पर्यटन जोनको रुपमा विकास गर्न सकिन्छ।

गण्डकी प्रदेशको चालिस लाखको  योजनाबाट केहि कार्यहरु स्वीकृत भई  विस्तारै कार्य प्रारम्भ गर्दै छ।  पर्यटकिय बिकासका क्षेत्रमा उल्लेखिय प्रगती हाँसिल हुने सम्भावना रहेको छ। हालसम्म डहरे देउराली पुग्न ढुङ्गाका सिँढी छपानी लगाएर सुगम बनाईसकिएको छ। पर्वत भेगबाट प्रवेश गर्नेको लागी केहि तल पक्की प्रवेश द्धार र्निमाण गरिएको छ। आश्रमसम्म जानको लागी ढुङगाका सिंडी बनाइएको छ। वरिपरि तारबारले समेत सुरक्षीत  गरिएको छ। डहरे देउरालीमा रहेका प्राचिन मठ मन्दिरको जिर्णोद्धार र सरसफाई गरिएको छ। धर्मशाला र गुरुकुल आश्रम बनाईएको छ। भ्यु टावर, हेली प्याड निर्माणको चरणमा रहेका छन् । खाने पानीका लागि लिफ्टिङ्को व्यवस्था गरि ट्याङ्की र धाराको निर्माण गरिएको छ। शौचालय र आवास गृह निर्माण गरिएको छ । होम कुण्ड बनाउनुको साथै समाधि स्थल संरक्षण गरी शिलालेख समेत लेखिएको छ । विद्युत सुविधा पु¥याउन लागिएको छ । सरसफाई र

जनचेतनामा सुधार ल्याउन जङ्गलको संरक्षण गर्न सुचना बोर्डहरु राखिएको छ । वरिपरीका वासिन्दाहरुको आर्थिक विकास गर्न विभिन्न प्रकारका परियोजनाहरु सुरु गरिएको छ । यसका लागि डहरे देउराली निकटवर्ति स्थानिय सरकारहरुले त्यस क्षेत्रको संरक्षण र सम्बर्धनमा चाँसो र चिन्ता देखाउनुका साथै बजेट समेत विनियोजन गरेका छन् (अन्तरवार्ता: बाबुराम शर्मा बर्ष ५०)।

नेपाल सरकार जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पर्वतले सबै भन्दा उच्च ठाउँ भएकोले पानीको मुहान र श्रोत समेत नभएको हुँदा लिफ्ट बाट मात्रै खानेपानी पुऱ्याउने काम अगाडि बढाएको छ । डहरे देउराली प्रशस्त जङ्गल भएको कारण पनि बालउद्यान खुल्ला चिडिया खानाको अवधारणा ल्याइएको छ । यस्तै त्यस क्षेत्रको बृहत्तर विकासको लागि सरकारी एवं गैर सरकारी संस्था हरुको सहयोगमा बेला बेलामा जनचेतना फैलाउने पर्यटनसँग सम्बन्धित सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार गरि प्रतिवेदनहरु तयार पार्ने काम नियमित रुपमा भैरहेको छ । डहरे देउराली क्षेत्रको व्यवस्थापनमा “श्री मोक्षद्धारी बाल सिद्ध योगाश्राम”, डहरे देउराली व्यवस्थापन समिति जस्ता समितिहरुले सहजिकरण गरेको पाइन्छ । यस्तै श्री बौद्ध आमा समुह सिरुवारी, नव युवाक्लव सिरुवारी, पर्यटन विकास समिति सिरुवारी लगाएत विभिन्न संस्थाहरुको योगदान पनि रहेको छ । डहरे देउराली वरपरका गाउँहरु भकिम्ले, सिरुवारी, फलेवासको खूम जस्ता गाउँमा होमस्टे समेत संचालन भएका छन् । त्यहाँ जाने पर्यटकलाई खान बस्नको समेत राम्रो प्रवन्ध रहेको छ । डहरे देउराली समुदायिक होमस्टे , खुम, देउराली सामुदायिक होमस्टे भकिम्ले, सिरुवारीमा अवस्थित होमस्टेहरुमा पर्यटकहरुलाई खान बस्न र मनोरञ्जन, सुर्योदय दृश्यावलोकन जस्ता कार्यक्रमहरु संचालन गरिएको छ । त्यसैले एतिहासिक धरोहरहरु देखाएर पर्यटकहरुलाई आकर्षण गर्न सकेमा मुलुकको अर्थतन्त्रमा समेत ठुलो योगदान पुग्नेछ ।

सिरुवारीमा रहेको बौद्ध गुम्बा, रापाकोटमा रहेको रापाकोट कालिका, एकानण्द गुफा, सतौं चण्डी कालिका, दरौं स्थित थाप्ले लेक, श्रवणकुमार को समाधि स्थल, पन्चकन्या कालिका मन्दिर जस्ता धार्मिक स्थलहरु पर्यटकहरुका लागि महत्वपुर्ण आकर्षण स्थानहरु हुन् । सिरुवारीमा रहेको गुरुङ्ग संस्कृती , रोधी घर, बेजाङ् गुम्बा, गुरुङ्ग सांस्कृतिक क्रियाकलापहरु पर्वहरु, नाचगान, भेषभुषा तथा स्थानिय जनताहरुको हँसिलो आत्मिय बोलि , मिलनसार व्यवहार एबं उनिहरुको दैनिक दिनचर्या पनि पर्यटकका लागि थप मनोरञ्जन र चाखपुर्ण रहेको

छ । आजको संसार मष्तिस्क विकशित हुँदा हिमालय जति ठुलो भैसकेको छ त्यसैले गर्दा पनि पर्यटकिय सम्भावनाहरु बढ्दैं गएका छन् ।

हाल विश्वमा  महामारिको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को कारणले पर्यटन क्षेत्रलाई अन्धाकार बनाएको छ । पर्यटन प्राय ठप्पै रहेको छ । नियमित पुजा आजा बाहेक  ठुला पर्व मेलाहरु सञ्चाल भएको छैन । पर्यटन क्षेत्र पुण रुपमा बन्द गरिएको छ । कोभिड नियन्त्रण भएपछि पुन पर्यटकिय गतिविधि बड्दै जाने छ भन्ने विश्वास गरिन्छ । सुरक्षाको मापदण्ड अपनाएर भएपनि नियमित पुजाआजा र अन्य विकास कार्यलाई तिब्र गर्न सकिएको खण्डमा यसले छिट्टै काँचुली फेर्ने छ । त्यसैले डहरे देउराली क्षेत्र नेपालकै एक प्रमुख पर्यटकिय सम्भावना रहेको स्थान हो ।

# परिच्छेद : चार

# निष्कर्ष र सुझाव

## ४.१ निष्कर्ष

स्कन्द पुराणमा उल्लेख भए अनुसार,यस पर्वत परापुर्वकालमा महान ऋषिमुनिहरुले तपस्या, ध्यान र योग गर्ने थलो भएको थियो । यसलाई 'निलकण्ठ पर्वत' को नामले पनि पुकारिन्छ । यद्यपि आज पनि धार्मिक भावनावाट प्रेरित भएर एकान्तमा बसी ध्यान, योग र तपस्या गर्ने मानिसहरुको पनि प्रमुख गन्तव्यका रुपमा भएको हुँदा त्यस ठाँउ योग, ध्यान र तपस्या गर्ने पवित्र भुमि हो भन्न सकिन्छ । डहरेदेउराली कै उत्तरी भेगमा अन्धाअन्धीका आँशुबाट बनेको मानिने आँधीखोला र उनिहरुकै श्रापबाट नामकरण गरी सरापी र पछि सरदी खोला नाम रहेको किंम्बदन्ति पाइन्छ । प्राचिन शिला प्राकृतिक देवताको चक्र प्राचीन गुफा जस्ता ऐतिहासिक महत्व बोकेका सम्पदा भएको हुँदा यस क्षेत्र ऐतिहासिक महत्व रहेको डहरेदेउराली क्षेत्र थियो भन्न सकिन्छ । यस पहाडमा कुनै समय डहरा ऋषिले तपस्या गरेको हुनाले यस पहाडको नाम डहरेदेउराली बन्न पुगेको विश्वास गरिन्छ । यद्यपी यसको प्रचलित नाम डहरेदेउराली रहेको छ । विभिन्न यातायातको साधन, विभिन्न सघं संस्थाको नाम पनि यसै डहरेदेउराली नामबाट राखिएको पाइन्छ ।

त्यस्तै अर्को किम्बदन्ती अनुसार यस पर्वतमा करिब दुई हजार मिटर लामो डहर भएकाले त्यसै डहरबाट यस ठाउँको नाम डहरेदेउराली भएको हुनसक्ने पनि मनासिव अड्कल छ । तर कुनै ठोस लिखित प्रमाण भने रहेको छैन । यस डहरेदेउराली क्षेत्रमा देउराली मन्दिर, दुर्गा मन्दिर पञ्चागि, हवन कुन्ड, वेद, आश्रम.(ठाँटी) पोखरी, पानी टंकी गुफा एवं दृश्यावलोकनका लागि भ्युटावर, हेलिप्याड पनि रहेको छ । बाटोमा अन्य देवताका प्राकृतिक शिला, कुण्ड पनि प्रशस्तै रहेका छन् ।

अधिकांश हिन्दु धर्मालम्बी र केही वौद्ध मार्गी समुदायको आस्थाको केन्द्रका रुपमा डहरेदेउराली रहेको छ । विभिन्न ऋषि,तपस्वीहरुले साधना गरेर रहेका र पछिल्लो समयमा यस्ता साधक नभएको यस क्षेत्र बास्तविक रुपमा योग र ध्यान साधनाका लागि उपयुक्त स्थलका रुपमा रहेको पाइयो । यस पुण्य क्षेत्रको दर्शन गरी पुजा आरधाना गर्नाले मनोकांक्षा पुरा भई यस लोक र परलोकमा मुक्ति पाईने विश्वास जनमानसमा रहेको छ ।

डहरेदेउराली क्षेत्रमा मनाइने दशै, तिहार, तिज, फागुपुर्णिमा, ल्होसार, चैत्रअष्टमी पर्व लगायतका चाडपर्वहरु, बालाचतुर्दशीमा लाग्ने धुमधाम भेला, गुरुङ् संस्कृतिमा विद्यमान ट्होटे पर्व, घ्याप्री नाच, मृत्यु संस्कारमा गरिने अर्घौं आदि लोक परम्पराका हिसावले महत्वपुर्ण छन् । यस्ता कियाकलाप र यहाँका बासिन्दाको लवाई-खवाई, बोलीचाली देखी दैनिक कृषि कार्यमा गरिने कियाकलाप पर्यटकहरुका लागि आर्कषण र अनौठौ मात्र होइन उनीहरुको बसाई अवधिलाई २–४ दिन लम्व्याउने खालका छन् । होमस्टे कार्यकम अर्न्तगत घरघरमा पर्यटकलाई राख्ने र यहाँको स्थानिय कला, संस्कृतिमा आकर्षण गर्न सकिने सम्भावना रहेको छ । स्थानीय उत्पादन परम्परागत खानालाई व्यवस्थित तरिकाले परिकार बनाई खुवाउन र नेपाली शैलीमा प्रेमपुर्व एव आत्मीयताका साथ बास बसाउन सकिने अवस्था छ । पर्याप्त होटलहरु नभएपनि स-साना चिया पसलहरु र केहि कटेजहरुमा बसाउन सकेमा प्रभावकारी हुने देखिन्छ ।

भौगोलिक हिसावले मध्यपहाडी महाभारत पर्वत शृङ्खलामा अन्तर्गत पर्ने डहरेदेउराली स्याङजा र पर्वतको सीमावर्ती क्षेत्रमा पर्दछ । यो देउरालीको आफ्नै धार्मिक महत्व रहेको छ । यस लेकको चुचुरोमा पर्ने मन्दिर, गुफा कुटीहरु, होम कुण्ड, धर्मशाला, पोखरी यहाँबाट देखिने स्वर्गीय आनन्दपुर्ण दृश्य प्राकृतिक मनोरम् शान्त स्थल र जैविक विविधितायुक्त क्षेत्र हुनुका साथै वरिपरिको बस्ती बासिन्दा र तिनीहरुको भेषभुषा, रहनसहन, रितिरिवाज, वोलीभाषा, दैनिक दिनचर्या, धर्म संस्कृति आदिको कारण यो क्षेत्र ज्यादै लोकप्रिय र महत्वपुर्ण स्थलका रुपमा ऐतिहासिक धार्मिक र पर्यटकीय हिसाबले महत्वपुर्ण छ ।

यस क्षेत्रको ऐतिहासिकतालाई अध्ययन गर्दा विभिन्न ऋषि, तपश्वीहरुले तपस्या गरेको तथा महाभारत र रामायण जस्ता धार्मिक पुस्तकमा चर्चा गरिएको पाइएतापनि त्यहाँ प्राप्त सत्य तथ्य प्रमाणलाई अध्ययन गर्दा, स्थानीय वयोबृद्ध एवं सरोकारवाला पक्षहरुसंग गरिएको छलफल, अन्तर्वार्ता लगायत जनविश्वास र किंबदन्ति आदिबाट के प्रमाणित हुन्छ भने यस डहरेदेउराली क्षेत्र एक प्रमुख ऐतिहासिक स्थल भएको हुनाले पनि डहरा हुँदै पछि गएर डहरे हुन गएको पाईन्छ । त्यही डहरा शब्दबाट नै डहरे नामकरण हुन गएको देखिन्छ ।

हिन्दु तथा बौद्ध धर्मालम्बी लगायत प्राकृतिक सौन्दर्यको अवलोकन गर्न रुचाउने व्यक्तिहरु जो यसैको आकर्षण केन्द्रका रुपमा रहेको चुचुरो, देउराली देवी, दुर्गा मन्दिर, आश्रम, कुटिहरु धर्मशाला तथा भ्युटावर समेत रहेको छ । त्यसै गरी त्यहा शिलाहरु, गुफा, महापुरुषहरुको समाधिस्थल, पोखरी, चौतारी रहेका छन् ।

स्थानीय बासिन्दाले वर्षा राम्रो भैइदियोस् र खेतिपाति राम्ररी भित्रयाउन सकियोस, असिनापात नहोस् भनी बडा दशैं पछिको पुर्णिमामा पाठापाठी लगेर डहरे देउरालीमा बली पुजा गर्ने प्रचलन रहेको छ । यस मानेमा डहरे देउराली प्रस्तावित पदमार्गमा पर्ने एउटा धार्मिक एवं पर्या-पर्यटकीय स्थल हो ।

यस क्षेत्र प्रकृतिप्रेमी, योगी, तपस्वी र आध्यात्मिक साधना रुचाउने जो कसैका लागि उत्तम स्थल रहेको छ । बालाचर्तुशीका अवसरमा यस ठाउँको तिर्थयात्रा गरी सत्वीज छर्नाले पुण्यफल प्राप्त हुनुका साथै आफ्ना समस्त पितृहरुको समेत उद्धार हुने विश्वास गहिरो रुपमा नेपाली जनमानसमा रहेको पाइन्छ । प्रमुख चुचुरो जहाँ देउराली देवीको मन्दिर रहेको छ । त्यस मन्दिरको छानो जतिपटक राखेपनि नरहेको कारणले  हाल मन्दिरको माथिल्लो भाग खुला रहेको छ । देउराली देवीले छानो राखेको नसहेको कारणले छानो उडाएको भन्ने विश्वास छ । धार्मिक विश्वासकै रुपमा नेपालका अति उच्च शिखरहरु सगरमाथा, धौलागिरी तथा अन्नपुर्ण क्षेत्रका शिखरहरु पवित्र देवताका रुपमा समेत पुजा गरेको पाइन्छ जुन हिमाल डहरेदेउराली सामुन्ने रहेको छ ।

उपयुक्त किसिमको ऐतिहासिक एवं धार्मिक महत्व रहेको डहरे देउराली पर्यटकीय हिसाबले धेरै सम्भावना बोकेको स्थल हो । संसारकै सवैभन्दा लामो हिमशृङखला देख्न सकिने स्थल डहरेदेउरालीबाट अत्यन्तै आकर्षक सुर्योदय र सुर्यास्तको दृश्य देख्न पाइनुका साथै जैविक विविधतायुक्त विशाल जङ्गल क्षेत्रमा पाइने लालीगुरास जस्ता अनेकौं फुलहरुले शोभायमान हुने डहरेदेउराली क्षेत्र एक अलौकिक मनोरम प्राकृतिक सुन्दरताको केन्द्र रहेको छ ।

यस क्षेत्र सांस्कृतिक, पहिचान र विविधतायुक्त वरपरको जनजीवन, भेषभुषा, रहनसहन, जीवनशैली र परम्परागत खाना एवं संस्कार संस्कृति अर्को महत्वपुर्ण पक्ष  रहेकोले देशविदेशका नवआगन्तुक पाहुनाहरुको मन छोटो समयको सुगम यात्राबाट रमाउन सक्ने सम्भावना हुनाले डहरेदेउाली क्षेत्र अत्यन्तै आकर्षक पर्यटन स्थलका रुपमा परिचित हुँदै गइरहेको छ । डहरेदेउराली पर्यटकीय सम्भावनाका हिसाबले अति नै धेरै सम्भावना बोकेको र पर्यटन विकासको क्रममा गति लिने काम पनि भइसकेको एंव स्थानीय जनस्तर देखी प्रदेश सरकार समेतको ध्यान जानुका साथै यस क्षेत्रको विकासमा चासो र पहल शुरु भइसकेको हुनाले यसको विकासबाट यस क्षेत्रको समग्र आर्थिक विकास हुन गई गरीवी निवारण हुँदै राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने निश्चित देखिन्छ ।

अपार प्राकृतिक स्रोत र साधनको उपलब्धता, जैविक विविधताको केन्द्र धार्मिक अवस्था एवं विश्वास, ऐतिहासिक महत्व र पर्यटकीय आकर्षणको केन्द्रका रुपमा डहरेदेउराली प्रसिद्ध रहेको छ ।

## ४.२ सुझाव

नेपाल राज्यका विभिन्न भागमा छरिएर रहेका मठमन्दिर पार्टीपौवा, कोट, धार्मिक तथा सांस्कृतिक एवं पर्यटकीय स्थलहरु राष्ट्रिय र अन्तराष्ट्रिय सम्पदाका रुपमा रहेका हुन्छन् । त्यस्ता महत्वपुर्ण स्थलहरु राष्ट्रका अमुल्य सम्पत्ति हुन् । यिनीहरुको समुचित विकास गरी संरक्षण, सम्वर्द्धन र उपयोग गर्नु हामी सबैको परम कर्तव्य हो । यिनै सांस्कृतिक ,प्राकृतिक, ऐतिहासिक, धार्मिक हिसाबले अति महत्वपुर्ण ठानिएको जैविक विविधताको धनी डहरेदेउराली क्षेत्रको अध्ययनको निस्कर्षका आधारमा निम्न सुझाव प्रस्तुत गरिएको छ ।

- निर्माण र पुन निर्माण भइसकेका मन्दिर कुटी, धर्मशाला, शौचालय, खानेपानि, बाटोघाटोको संरक्षण र सरसफाइमा विशेष ध्यान दिने ।
- देउराली मन्दिर र दुर्गा मन्दिरमा नियमित पाठपुजा, चण्डी पाठ गर्न स्थायी पुजारीको व्यवस्था मोक्षद्धरी वालसिद्ध योगाश्रम समितिले गर्ने ।
- प्रकृतिले आफै उपहार गर्न सक्ने अलौकिक शक्ति रहेको विश्वास गरिने डहरेदेउराली क्षेत्रमा एक अर्न्तराष्ट्रिय स्तरको ध्यान केन्द्र स्थापना गर्ने ।
- पुरातात्विक र ऐतिहासिक महत्वका वस्तुहरु, गुफा प्राकृतिक शिलाहरुलाई जस्ताको त्यस्तै राख्न फलामे बार लगाई संरक्षण गर्नुको साथै नियमित सरसफाइको व्यवस्था गर्ने ।
- परम्परात लोक संस्कृति , पन्चेबाजा, नगरा, नाचगान, भेषभुषा चालचलन, रितिरिजाजहरुको संरक्षण एंव सम्वर्द्धन गर्नुका साथै ढिकी, जाँतो र घरेलु तान आदिलाई संरक्षण गरी जोगाइ राख्ने ।
- डहरेदेउराली तल्लो भाग तिर होटल, क्याम्पिङ साइडको व्यवस्था गरी पर्यटकलाई सुविधा पुऱ्याउने ।
- गाउँघरमा बनाउन सकिने डोको, डाला नाम्लो जस्ता स्थानीय बस्तुहरुको प्रयोग गरी पर्यटकलाई मनपर्ने सामाग्री तयार गरी विकि वितरणमा जोड दिने ।
- पर्यटकीय आकर्षक स्थलहरुको थप पहिचान गरी पर्यटकीय आकर्षण केन्द्र बनाउने ।
- प्लास्टिक जन्य फोहोरमैला नियन्त्रण र व्यवस्थापन गर्ने ।

- डहरेदेउरालीको मुख्य टाकुरा वरपरका क्षेत्रमा त्यहाँको बास्तविक मैलिकता कायम गरी दिगो र वातावरण मैत्री अनुकुल मौलिक संरचना बनाउने ।
- स्याङ्जा र पर्वत जिल्लाका प्रमुख प्रवेश इलाकाहरुमा सुचना केन्द्र स्थापना गर्नुका साथै कुनै उपयुक्त ठाउँमा डहरेदेउराली मुकाम स्थापना गरी त्यस क्षेत्रको सम्पुर्ण कुराहरुको जानकारी दिनसक्ने पार्कको रुपमा सङग्रहालयको व्यवस्था गर्ने ।
- डहरेदेउराली क्षेत्रमा खानेपानीको राम्रो व्यवस्था गर्नुका साथै त्यस वरपर रहेका पोखरीहरु संरक्षणमा जोड दिनुपर्ने ।
- डहरेदेउराली क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था एंव सरकारी निकाय, स्थानीय सरकार, प्रदेश सरकार समेत सवैको कार्यक्रमलाई व्यवस्थित, नियन्त्रित गरी संरक्षण र व्यवस्थापन कार्य सहज र सरल बनाउन डहरेदेउराली मोक्षद्धारी बालसिद्ध योगाश्रम समितिको सक्रियतामा एक द्धार प्रणाली अपनाउने ।
- तालिम, गोष्ठी, सेमिनार, भेला, सुचना आदिका माध्यमबाट बेलाबेलामा डहरेदेउरालीको महत्व, संरक्षण र उपयोगका बारेमा जनस्तरमा चेतना जगाइ राख्ने ।
- चोरी शिकारी, छाडापशु चौपाया र अनियन्त्रित वन फडाँनी एवं आगलागी नियन्त्रणमा जोड दिने ।
- खुला चिडियाखाना “ओपन जु ” मार्फत जङ्गली जनावरका संरक्षण र जनावरका संरक्षण र जङ्गली जनावरको अध्ययन अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने । गौशाला निर्माण गरि स्थानीय गाईहरुको संरक्षण गर्दै त्यस क्षेत्रमा आवश्यक दुधको आवश्यकता पुरा गर्ने ।
- यस क्षेत्र वरिपरि रहेका महत्वपुर्ण जडिबुटीको संरक्षण र सम्वर्द्धन गरी राष्ट्रिय आम्दानीमा समेत जोड दिने ।
- डहरे देउराली वरपरका बासिन्दाहरुको आय-आर्जनमा सुधार गरी डहरेदेउराली क्षेत्रमाथिको निर्भरता कम गरी यस क्षेत्रको संरक्षणमा जोड दिने ।
- यस क्षेत्रको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय एवं प्राकृतिक महत्वबारे विभिन्न सञ्चार माध्यमामार्फत प्रचार-प्रसार गरी पर्यटकीय विकासमा जोड दिने ।
- पुराना आश्रमहरुको मर्मत सम्भार तथा जिणोद्धार गर्न पहल गर्ने ।

उपयुक्त सुझावहरुलाई सरकारी सहयोग, स्थानीय सरकार, प्रदेश सरकार र यस क्षेत्रमा कार्यरत सघं संस्था लगायत जनस्तरको सर्मथन समेतका माध्यमबाट कार्यान्वयनमा ल्याउन

सकेमा धार्मिक सहिष्णुताको प्रतिक डहरेदेउराली क्षेत्रको धार्मिक, ऐतिहाँसिक एवं पर्यटकीय महत्व र गरिमा बढ्ने मात्र होइन अपार प्राकृतिक स्रोतको धनी यो क्षेत्रले स्थानीय जनताको मात्र नभई नेपाली अर्थतन्त्रमा र सांस्कृतिक, जैविक विविधता प्रवर्धनका क्षेत्रमा अतुलनिय योगदान पुग्न सक्ने छ ।

# सन्दर्भ सामाग्री


आँधीखोला समाचार डटकम २३ बैशाख २०७६

आचार्य, बाबुराम (२०६३), *नेपालको संक्षिप्त वृतान्त* , काठमाण्डौँ: श्रीकृष्ण आचार्य

उपाध्याय, श्री रामप्रसाद (२०६८), *नेपालको प्राचिन र मध्यकालिन इतिहास,* काठमाण्डौँ : रत्न पुस्तक भण्डार

क्षेत्री, दिल बहादुर र ज्ञान बहादुर कार्की (२०५४), स्याङजा जिल्ला स्थित प्रशिद्ध मठमन्दिर र गुठी व्यवस्था: संक्षिप्त अध्ययन

कार्की, ज्ञान बहादुर (२०६५),*नेपालमा प्रजातान्त्रिक आन्दोलन,* पोखरा : निर्मला, किरण कार्की

खतिवडा, सोम प्रसाद र पेशल दाहाल (२०५९), *अनुशन्धान पद्धति,* काठमाण्डौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स

खतिवडा, सोम प्रसाद र कमला दाहाल (२०७३), *नेपालको सांस्कृतिक पर्यटन* काठमाण्डौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स

जिल्ला समन्वय समिति, स्याङ्जा २०७५

जिल्ला समन्वय समिति, निति तथा कार्यक्रम २०७५/०७६

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा २०७५

जिल्ला प्रशासन कार्यालय, पर्वत २०७५।११।३०

जोशी, सत्यमोहन (२०७३), *नेपाली चाडपर्व,* काठमाण्डौँ: साझा प्रकाशन

डहरे दर्शन, ई-कान्तिपुर, मंसिर २८, २०७६

नेपाल सरकार, *नेपाल परिचय,* काठमाण्डौँ: सुचना तथा प्रसारण विभाग, २०७६ ।

श्री ५ को सरकार, *मेची महाकाली (भाग ३)* पश्चिमाञ्चल विकास क्षेत्र, काठमाण्डौः सञ्चार मन्त्रालय, सुचना विभाग ।

पाण्डेय, मधुसुधन र किरण पन्थी पाण्डेय (२०७५), ने*पालका प्रमुख धार्मिक स्थलहरु,* काठमाण्डौँ: पैरवी प्रकाशन

पुरी, उद्धव (२०७०), *पर्यटन विकास र नेपाल,* काठमाण्डौँ : तलेजु प्रकाशन

भट्टराई, लोकप्रसाद शर्मा (२०५४), *धार्मिक, सांस्कृतिक र पर्यटन तिर्थ मनकामना:* ऐतिहासिक एबम मानवशास्त्रिय अध्ययन, काठमाण्डौँ: नेपाल र एशियाली अनुसन्धान केन्द्र

भट्टराई, घटराज (२०६७), *नेपालका धार्मिक स्थलहरु,* काठमाण्डौँ: विद्यार्थी पुस्तक भण्डार

भट्ट, भिमदेव (२०७४), *नेपालको प्रशासनिक इतिहास,* काठमाण्डौः सोपान मासिक

माकाजु, रविन्द्र (२०७५), *"विश्व शान्ति स्तुप",* पोखरा

योगि विकाशानन्द (२०७४), *सफल जिवन,* काठमाण्डौ : रेकी योग प्रकाशन ।

रेडियो आँधीखोला १०५.४ मेगाहर्ज, स्याङ्जा, 24 october 2019

लोकपाटी डटकम २७ कार्तिक २०७६

स्वामी, रामदेव (२०६४), योग साधना तथा योग चिकित्सा रहस्य,काठमान्डौंः डिकुरा प्रकाशन

संसार न्युज २९ असोज २०७३, बासुदेव पौडेल

शर्मा, प्रयागराज र जगमान गुरुङ, *व्लो (मुस्ताङ) को सांस्कृतिक सम्पदा,* काठमाण्डौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय, २०५६

प्रेम छोटा, *धवलागिरीको सांस्कृतिक सम्पदा,* काठमाण्डौंः नेपाल प्रज्ञा-प्रतिष्ठान, २०७०

## परिशिष्ट-१

**अन्तर्वार्ता लिएका व्यक्तिहरुको नामावली**

खनाल, जनकराज (६०) सचिव, मोक्षद्धारी बालसिद्ध योगाश्रम, २०७७।०५।१८

खनाल, ऋषीराम (५३) स्थानिय समाजसेवी, २०७७।०५।२५

गुरुङ, दिपकराज (५२) कोषाध्यक्ष, मोक्षद्धारी बालसिद्ध योगाश्रम, २०७७।०५।१९

गुरुङ, जुमबहादुर (६०) संयोजक, पर्यटन विकास समिति सिरुवारी २०७७।०५।१९

गुरुङ, पार्वत (४५) सचिव, बौद्ध आमा समुह सिरुवारी २०७७।०५।१९

गुरुङ, उर्मिला (३५) सचिव, नव युवा क्लव सिरुवारी २०७७।०५।१९

गिरी, पशुपतीनन्द (६०) पुजारी, मोक्षद्धारी बालसिद्ध योगाश्रम २०७७।०५।१८

चापागाई, इश्वरी (५३) प्रधानाध्यापक, सर्वोदय मा.वि. आरुचौर २०७७।०५।१८

पौडेल, डिल्लीराम (५५) ज्योतिष गुरु, फालेवास नगरपालिका १ कार्कीनेटा २०७७।०५।१८

रिमाल, कृष्ण (५०) शिक्षक, घण्टे मा.वि. अर्जुनचौपारी ५ २०७७।०५।१८

शर्मा, बाबुराम (५०) अध्यक्ष, मोक्षद्धारी बालसिद्ध योगाश्रम, २०७७।०५।१७

# *परिशिष्ट-२*

अन्तर्वार्ताको कममा सोधिएका प्रश्नावली

नामः लिङ्गः उमेरः

स्थायी ठेगानाः

आवद्ध संख्या र पद : अन्य पहिचान भए :

१. तपाईलाई डहरेदेउराली बारेमा कति वर्षदेखि चासो र जानाकारी प्राप्त छ ?

२. तपाईले किन डहरे देउरालीको बारेमा बढी चासो र जिज्ञासा राख्न रुचाउनु भयो ?

३. तपाईलाई त्यहाँ असाध्धै मन परेका मुख्य मुख्य कुराहरु के के हुन् ?

४. पर्यटकलाई मन पर्ने प्रमुख आकर्षण के के छन् ?

५. कुनै बेला त्यहाँ ऋषिमुनिहरुको तपोभुमि थियो भनिन्छ, त्यसको के के आधार छन् ?

६. के यो ऐतिहासिक स्थल पनि हो ? त्यहाँ के के कस्ता बस्तुहरु छन् जसले यसको ऐतिहासिकतालाई पुष्टि गर्दछ ?

७. भौतिक संरचनाको विकास गर्ने क्रममा प्राचिन स्मारकहरुको संरक्षणलाई ध्यान दिइएको छ वा छैन ?

८. यस क्षेत्रको धार्मिक विशेषता के के रहेका छन् ?

९. डहरेदेउराली संग सम्बन्धित कुनै पुराना लेख, रचना, अभिलेख वा पुरातात्विक महत्वका बस्तुहरुबारे तपाईलाई जानकारी छ ?

१०. डहरेदेउरालीमा कहिले -कहिले मेला वा बजार लाग्ने गर्दछ ?

११. हाल डहरेदेउरालीमा के- कस्ता गतिविधिहरु सञ्चालित छन् ?

१२. थप विकास निर्माण आवश्यक छ कि यसैलाई संरक्षण र सम्बर्द्धन गर्न ठीक होला ?

१३. यस क्षेत्रको समग्र विकासका लागि सरकार र जनस्तरबाट के के अपेक्षा गर्नुभएको छ ?

१४. यस क्षेत्रको संरक्षण र विकासका मुख्य चुनौतिहरु के के रहेका छन् ?

१५. अन्त्यमा डहरेदेउरालीका बारेमा तपाईको थप राय के रहेको छ ?

धन्यवाद ९९९


# परिशिष्ट-३




**स्याङजा जिल्लाको नक्सा**

## *परिशिष्ट-४*

# डहरे दउरालीसंग सम्बन्धित गुठी सनद




कामा हाल का लगत मा मेगल्ह वार पीरदे साह्र पुजागने लेखी के का लाई ना
जानै कार्य गरेर पुजाहारि लाई बीगि पालो स्केत ठेकी रि पर्व का रुपया सन्र
या वरीख पर्व लेखी साक्षी ले लेखी परेर्व कार्य गर्न गरि तपसील बमोजीम सा
लीड्रे गर्न भने स्कात रिपोट को अतिरिक्त असा का मना सीधैं ड्रेखी नाहीजा
ताधी नीका साफ्रा रुपया रीपार का नवाली न मालेखी पाप सो जी आन
१२० वीरा का धो मुरी १०१ डस मा खर्च जीसी आना ११।८।२ साफ ८।
ली चार माना पाच मुरी कराई वाकी धो ८।१४।३।५ कोड र १।१२ को मोरा
ति धरधे आजीवीन पैसा डुई आन ८ नगीड खर्च मोर ११।८।१ से गार
य गासो पैसा येक डाम कराई वाकी रुसा मोर २।८।१ दुई रुपै आसाना सवो
येक डाम कार्य गरि लगत कीनाप सडा गर्ने र गुठी का हक मा ५ साल ड्रेखी ठेका अ
जाग र्न पर्ने गरेर ठेका लागमा सो रुसा मा न धराई ठेका वन्दे बरत गरि का
कसीद ड्रेखी बमोजीम खर्च गरी गराये अच गाये का तेस साल वार जाच गर्नु का
वार चला येसा लागो लगत कसेर तहसीर मा गरि ...... रचे ड्रा
ओजीम खर्च गरि की चला उनु भैने ड्रेडा साल का नाउ साहजो चाहीन्ने सन्
राई माल्ने अमानतदार को नायिबे मा ते ल अड्डा साधी वसी चला उनु
गास्थाए लाई लगत की नाप वमोजीम को जनाउ लगत कुमार लि लेख गुठी
वस्ता स्केत लाई अड्डै को जनाउ लगत गुठी भैने स्केत गुठी लगत उपर मुलु
ठेका बमोजीम सो तोक सडर गरि बखत पनी ...
नेपाल पाहाड रिपोट नी ......... तोक वाली जारत गरे ...... मा २
सडर भे आयेको रुनाहोसी सडर आसे बमोजीम ... साल ड्रवार २।८।१
कसो ठेका अमानत जागर्नु पर्ने गरि रुसा लागो मा सो रुसर मा न धरा
दरत गरि डर वेडी बमोजीम खर्च गरि को चलाये न चलाये को तेस साल वार
अमानतदार अडु जाहेर गरि की चला उनु पर्मे गास्थाए साहीता
बमोजीम खर्च गरी को चला उनु ...... भैने स्केत स्वीजा माल कानन
नपर्ने ...... गर्नुपर्ने लगत जाचा अडुरा
हाम्रा हजुर मा वदी बाई जाडो ... अर्थ साह्र राखे कोसा हाल
गरि वक्स्योंर सोत ...... गरी कीमार

तपसील

सेत मुरी धीमुरी

सेत कामोदी नुरा कोट काठे नेरा पोरो गाउ
पा धवा 120 — 101
सेत मुरी 100



(स्रोत: *स्याङजा जिल्ला स्थित प्रशिद्ध मठमन्दिर र गुठि व्यवस्था: संक्षिप्त अध्ययन,डिल बहादुर क्षेत्री,ज्ञान बहादुर कार्की*)

# *परिशिष्ट-५*

## डहरे देउरालीका तस्वीरहरु



डहरेदेउरालीको सिर, जुरोमा अवस्थित देउराली मन्दिर



दुर्गा देवि मन्दिर



डहरेदेउरालीमा अवस्थित आश्रम



डहरेदेउरालीमा अवस्थित गुरुकुल विद्यालय



डहरेदेउरालीमा अवस्थित गुफाको स्थलगत अवलोकन गर्दै शोधकर्ता




स्थलगत अवलोकन गर्ने क्रममा लिइएको तस्विर



डहरेदेउरालीमा अवस्थित तोरन तारिने थुम्को



डहरेदेउराली आश्रम नजिक रहेका मन्दिर



डहरेदेउरालीमा अवस्थित आश्रम




डहरा ऋषिले प्रयोग गरेको पानीको घैंटो



डहरेदेउरालीमा अवस्थित खानेपानी ट्याङ्की




डहरेदेउराली नजिक रहेको पर्यटकिय गाउँ सिरुवारीमा अवस्थित स्वागत वोर्ड




डहरेदेउराली नजिक रहेको पर्यटकिय गाउँ सिरुवारी





डहरेदेउरालीमा अवस्थित शिलालेख



डहरेदेउरालीबाट देखिने हिमालहरु



थुम्को




डहरेदेउराली निकट रहेको पर्यटकिय गाउँ सिरुवारी




डहरेदेउराली निकट रहेको पर्यटकिय गाउँ सिरुवारी



सुन्दर गाउँ पञ्चमुल




डहरेदेउराली नजिक रहेको पर्यटकिय गाउँ सिरुवारीमा पर्यटकलाई स्वागत गरिएको तस्विर


# *परिशिष्ट-६*

## मौलिक स्रोत












# परिशिष्ट-७

## मोक्षद्धारी बालसिद्ध योगाश्रम समितिको निर्णय







धन्यवाद !!!